
गाउँ सभाबाट स्वीकृत मिति: २०८१/०९/१४

# मालिका गाउँपालिकाको शिक्षा क्षेत्र योजना

## २०८१/०८२-२०८५/०८६




मालिक

मालिका गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दरबाङ, म्याग्दी

# गण्डकी प्रदेश नेपाल

**लेखन तथा तयारी समुह**

श्री दिवाकर सुवेदी - संयोजक
श्री हर्कलाल जुग्जाली - सदस्य
श्री मोतिराज उपाध्याय - सदस्य
श्री पोष्ट बहादुर बि.क. - सदस्य
श्री लिल बहादुर सुनार - सदस्य
श्री सोम बहादुर खत्री - सदस्य
श्री सुशिल गर्बुजा -सदस्य
श्री सुन्दर बहादुर खत्री - सदस्य
श्री अशोक रिजाल - सदस्य सचिव


**प्रकाशक** :मालिका गाउँपालिका-शिक्षा, युवा तथा खेलकुद शाखा
प्रकाशन प्रति :
सर्वाधिकार :मालिका गाउँपालिका दरबाङ, म्याग्दी
मुद्रण :
प्रमाणित मिति :२०८१/०९/१४
प्रकाशन मिति :२०८१/०९/१४

**प्राविधिक परामर्श सेवा सहयोग : प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम ।**


मालिका गाउँपालिका-म्याग्दी ।

# अध्यक्षको भनाई



गुणस्तरीय, व्यवहारिक र असल शिक्षाले व्यक्ति, परिवार, समाज र राष्ट्रको विकासका लागि अतुलनिय भुमिका निर्वाह गरेको हुन्छ । सहि र बास्तविक योजनाले मात्र शैक्षिक विकासलाई गति दिदैं गन्तव्य सम्म पुराउने काम गर्दछ ।नेपाल सरकारले तय गरेको विद्यालय शिक्षा क्षेत्र योजना तथा गण्डकी प्रदेश सरकारले तयार पारेको शिक्षा क्षेत्र योजनासँगै तादम्यता मिलाउने गरी यस गाउँपालिकाले पनि वर्तमान शैक्षिक अवस्थाको समिक्षा र विश्लेषण गर्दै भाबि शैक्षिक विकासका कार्यक्रमहरु समावेश गरी यो पञ्च वर्षीय शिक्षा क्षेत्र योजना निर्माण गरीएको छ जसलाई शैक्षिक सत्र २०८१ देखि कार्यान्वयनमा ल्याइनेछ ।

नेपालको संविधान २०७२ ले आधारभुत तथा माध्यमिक शिक्षाको अधिकार स्थानीय तहमा स्थापित गरेसँगै आधारभुत तथा माध्यमिक शिक्षाको सञ्चालन, रेखदेख, व्यवस्थापन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहसँग रहेको छ ।संवैधानिक व्यवस्थामा भएबमोजिमको गुणस्तरीय शिक्षा प्राप्ति गर्न पाउने मानिसको नैसर्गिक अधिकारलाई संरक्षण गर्नका लागि मालिका गाउँपालिकाले विभिन्न शैक्षिक कार्यहरु गर्दै आएको छ तथा ति कार्यहरुलाई थप व्यवस्थित, गुणस्तरीय र प्रभावकारी बनाउनको लागि यस योजना तयार पारिएको छ । असल र गुणस्तरीय शिक्षाबिना समृद्ध र सुन्दर देशको परिकल्पना गर्न सकिदैन त्यसैले व्यक्ति, परिवार, समाज र राष्ट्रको समग्र विकासका लागि शिक्षा क्षेत्रको विकासलाई प्राथमिकतामा राख्ने गरी यस गाउँ शिक्षा योजनाले लक्ष्य, उद्देश्य, रणनीति एवम् कार्यनीतिका आधारमा आगामी ५ वर्षको अनुमानित वजेट सहित शैक्षिक क्रियाकलाहरु तय गरेको छ जसले गर्दा यस योजनालाई मालिका गाउँपालिकाको शिक्षा क्षेत्र सुधार र विकासको एक महत्वपुर्ण कोशेढुङ्गा मान्न सकिन्छ ।

गाउँपालिकाको समग्र शैक्षिक विकास तथा सुधारका लागि तयार पारिएको यस पञ्च वर्षीय शिक्षा क्षेत्र योजना (२०८१/०८२-०८५/०८६) ले शिक्षाका विभिन्न उपक्षेत्र अन्तर्गत शिक्षामा सबै बालबालिकाको पहुँच तथा प्रभावकारिता, विद्यालयको भौतिक पुर्वाधार निर्माण तथा विकास, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र विकास, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग, शैक्षिक जनशक्तिहरुको क्षमता विकास तथा पेशाप्रतिको लगाव, गुणस्तरीय पाठयक्रम, पाठयपुस्तक तथा शैक्षिक सन्दर्भ सामग्रीको व्यवस्थापन र प्रयोग, अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई जस्ता महत्वपूर्ण विषयवस्तुलाई समावेश गरेको छ। संवैधानिक व्यवस्था अनुरुपको निःशुल्क र अनिवार्य आधारभुत शिक्षा एवम् निःशुल्क माध्यमिक शिक्षाको प्रभावकारी कार्यान्वयनको लागि मालिका गाउँपालिका निरन्तर रुपमा प्रतिबद्ध र क्रियाशिल हुदैं आएको छ । यस योजनाले उक्त कार्यका लागि थप महत्वपुर्ण सहयोग गर्ने अपेक्षा लिइएको छ । यस शिक्षा योजनाले गाउँपालिकाको समग्र शैक्षिक सुधारका लागि गाउँपालिकाको जनप्रतिनिधि, गाउँशिक्षा समिति, सामाजिक विकास समिति, वडा शिक्षा समिति, प्रधानाध्यापक, शिक्षक, वि.व्य.स, शि.अ.सं, र अभिभावकलाई थप जिम्मवार र सक्रिय बनाउदै सम्पूर्ण शैक्षिक सरोकारवालाहरुको भुमिका र जिम्मेवारी सशक्त हुन मद्दत गर्ने विश्वास लिएको छु ।

मालिका गाउँपालिकाको शिक्षा क्षेत्रको विकासलाई योजनावद्ध र प्रभावकारी बनाउनका लागि तयार पारिएको यस पञ्चवर्षीय शिक्षा योजनाको निर्माणमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिहरु, गाउँ शिक्षा समितिका पदाधिकारी ज्यूहरु, शिक्षा शाखाका राष्ट्रसेवकहरु, योजना लेखन कार्यदलका सम्पूर्ण पदाधिकारी ज्युहरु, प्रारम्भिक कक्षा सिकाई कार्यक्रम (EGL), विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरु, प्रधानाध्यापक तथा शिक्षकहरु, आम अभिभावक, विद्यार्थी वर्ग लगायत सम्पूर्ण सरोकारवालहरुलाई हृदय देखि नै धन्यबाद दिन चाहन्छु ।

अन्त्यमा, यस योजनामा समावेश भएका सम्पूर्ण शैक्षिक कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि हरपल सहयोग गर्ने प्रतिवद्धता सहित आम सरोकारवालाहरु सबैमा योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न हार्दिक अपील गर्न चाहन्छु ।

धन्यवाद

**वेग प्रसाद गर्बुजा**
**अध्यक्ष**

# उपाध्यक्षको भनाई



गण्डकी प्रदेशको म्याग्दी जिल्ला स्थित मालिका गाउँपालिका बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक र प्राकृतिक रुपमा समेत सम्पन्न भएको एक महत्वपुर्ण क्षेत्र हो । यस महत्वपुर्ण क्षेत्रको गुणस्तरीय शिक्षामा विकास गरी आजको प्रतिष्पर्धी युग सुहाउँदो शैक्षिक वातावरण तयार गर्नु आजको आवश्यकता हो । उक्त आवश्यकतालाई मध्यनजर गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पञ्चवर्षीय योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६, राष्ट्रिय पाठयक्रम प्रारुप २०७६, विद्यालय क्षेत्र विकास कार्यक्रम तथा विभिन्न ऐन कानुनको अधिकारको उपयोग गरी स्थानीय सरोकारवाला विज्ञ, तथा शिक्षा योजना निर्माण समिति एवम् लेखन कार्यदलहरुसँग चरणवद्ध रुपमा छलफल तथा अन्तरक्रिया गरी मालिका गाउँपालिकाको ५ बर्षीय शिक्षा क्षेत्र योजना (२०८१/०८२-०८५/०८६) प्रकाशन भै कार्यान्वयन हुन लागेकोमा मलाई अत्यन्त खुसी लागेको छ । यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासको लागि एउटा महत्वपुर्ण आधारभुत लिखित दस्तावेजको रुपमा रहि शिक्षाको विकासमा कोशेढुङ्गा सावित हुनेछ भन्ने विश्वास गरेकी छु ।

समग्र मालिका गाउँपालिकाको गुणस्तरीय शिक्षामा सबैको पहुँच पुगोस्, शिक्षाको अधिकारबाट कोहि पनि बञ्चित नहुने र प्रविधिमैत्री, दक्ष जनशक्तिको उत्पादनमा सहयोग पुगोस् भन्ने उद्देश्यका साथ हाम्रो गाउँपालिकाले यो पञ्च वर्षीय शिक्षा योजना निर्माण गरेको हो । गाउँपालिकाको शैक्षिक अवस्थाको गहन अध्ययन तथा विश्लेषण गरी तयार पारिएको यस योजना निर्माण कार्यमा तदारुकता देखाउनुहुने अध्यक्ष ज्यु, विकासकालागि संयोजन गर्नुहुने प्रमुख प्रसासकीय अधिकृत तथा शिक्षा शाखा प्रमुख लगायत कार्यालयका कर्मचारीहरुर शैक्षिक योजना निर्माणको क्रममा निरन्तर रुपमा सल्लाह तथा सुझाव दिनुहुने स्थानीय शिक्षा विज्ञ, प्रधानाध्यापक, शिक्षक लगायत यस योजनालाई मुर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग गर्ने योजना निर्माण समिति तथा लेखन कार्यदल, गाउँ शिक्षा समिति, सामाजिक विकास समिति, जनप्रतिनिधिहरु, शिक्षाप्रेमी तथा सम्पूर्ण शैक्षिक सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट पुराउनु भएको योगदानप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा, यस पञ्च वर्षीय शैक्षिक योजनामा समावेश भएका विषयवस्तुहरुमा केहि सुधार गर्नुपर्ने भएमा यहाँहरुको रचनात्मक सुझाव सहित यसको सफल एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

धन्यवाद

**लक्ष्मी देवि घर्ति मगर पुन**
**उपाध्यक्ष**

मालिका गाउँपालिका-म्याग्दी

# प्रमुख प्रशासकीय अधिकृतको भनाई



म्याग्दी जिल्लाका ६ स्थानीय तहहरु मध्ये मालिका गाउँपालिका एक महत्वपुर्ण गाउँपालिका हो । यहाँ विभिन्न जातजाती, वर्ग, समुदाय, पेशा आदिमा समेत विविधता रहेको छ । यस प्रकारको विविधतालाई सम्बोधन गर्न नेपालको संविधानले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापनको अधिकार स्थानीय तहलाई दिएको छ । उक्त अधिकार अन्तर्गत गाउँपालिकाको शिक्षा तर्फको पञ्चवर्षीय गाउँ शिक्षा योजना (२०८१/०८२-०८५/०८६) निर्माण भै कार्यान्वयन हुन लागेकोमा अत्यन्त खुसी लागेको छ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, विभिन्न आवधिक योजनाहरु, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा नियमावली २०७८, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय क्षेत्र सुधार कार्यक्रम, शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ एवम् विभिन्न ऐन कानुन प्रदत्त अधिकारको उपयोग गरी स्थानीय शैक्षिक सरोकारवाला, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, जनप्रतिनिधि, शैक्षिक योजना निर्माण समिति तथा लेखन कार्यदलहरुसँग चरणवद्ध रुपमा छलफल तथा अन्तरक्रिया गरी निर्माण गरीएको ५ वर्षीय शिक्षा क्षेत्र योजना (२०८१/०८२-०८५/०८६) गाउँपालिकाको समग्र शैक्षिक उन्नयन तथा विकासको लागि एउटा महत्वपुर्ण दस्तावेजको रुपमा रहेको छ । यो महत्वपुर्ण पञ्च वर्षीय शिक्षा क्षेत्र योजनाको दस्तावेज प्रकाशन भई कार्यान्वयन हुन लागेकोमा सबैलाई हार्दिक बधाईदिन चाहान्छु ।

मालिका गाउँपालिकामा सबै विद्यालयहरुलाई सुविधायुक्त र गुणस्तरीय बनाई शिक्षा क्षेत्रको गन्तव्यको रुपमा पहिचान स्थापित गर्न सक्षम हुनेछ भन्ने लक्ष्य उद्देश्य अनुरुप रणनीति र कार्यनीति निर्धारण गरीएको छ ।संघिय संरचनामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ११को ज बमोजिम आधारभुत तथा माध्यमिक तहको शिक्षा व्यवस्थापन गर्न स्थानीय तहलाई अधिकार भएकोले शैक्षिक प्रशासन व्यवस्थापन र शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्नका लागि शैक्षिक योजनाको अपरिहार्यता महशुस गरी गुणस्तरीय शिक्षाको प्रत्याभुति प्रदान गर्न गराउन यो सुक्ष्म योजनाको रुपमा विकास गरी कार्यान्वयनमा लैजान लागिएको छ।

यो पञ्च वर्षीय शिक्षा योजना निर्माण कार्यमा सहयोग गर्नुहुने अध्यक्षज्यू, उपाध्यक्षज्यू, शिक्षा शाखाका प्रमुख,गाउँ शिक्षा समिति, सामाजिक विकास समिति लगायत योजना निर्माणको क्रममा अहोरात्र खटिनुहुने गाउँपालिकाका कर्मचारिहरु, योजना निर्माण समिति तथा लेखन कार्यदल तथा विद्यालय परिवार लगायत सम्पूर्ण शैक्षिक सरोकारवालाहरुले आ-आफ्नो क्षेत्रबाट पुराउनुभएको सहयोगबाट योजना निर्माण कार्य सम्भव भएकोले सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, यस शिक्षा क्षेत्र योजनाले गाउँपालिकाको समग्र शैक्षिक विकासमा महत्वपुर्ण भुमिका खेल्नेछ भन्ने विश्वासका साथ यस योजनाको प्रभावकारी र दिगो कार्यान्वयनको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

हरिश्चन्द्र ढकाल
प्रमुख प्रशासकिय अधिकृत

# शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको भनाई



नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भए अनुसार शिक्षा साझा अधिकार सूचीमा रहेपनि माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन र सञ्चालन स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ । सोही व्यवस्था अनुसार मालिका गाउँपालिकाले शैक्षिक व्यवस्थापनका कार्य गर्दै आएको छ । दिगो विकासका लक्ष्य प्राप्तिका लागि नेपाल सरकारले गरेको प्रतिवद्धता, सोह्रौं आवधिक योजना (२०८१/०८२-०८५/०८६) एवम् विद्यालय शिक्षा क्षेत्र योजना (२०२१-०३०) ले परिलक्षित गरेका उद्देश्यहरु हासिल गर्न सबै तहका सरकारहरुको उत्तिकै दायित्व रहेको हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरे अनुरुप क्षेत्रगत रुपमा आवधिक एवम् दिर्घकालीन योजनाहरु निर्माण एवम् कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको भएको सन्दर्भमा मालिका गाउँपालिकाको आर्थिक, सामाजिक तथा पर्यावरणीय परिवेश एवम् शिक्षा क्षेत्रका सूचकहरुको अवस्था समेतलाई ध्यानमा राखी यो शिक्षा क्षेत्रको पञ्च वर्षीय (२०८१/०८२-०८५/०८६) योजना तयार गरी प्रकाशन तथा कार्यान्वयनमा ल्याइएको छ ।

मालिका गाउँपालिकाको वास्तविक शैक्षिक अवस्था र आगामी शैक्षिक योजनाको रोड म्यापका रुपमा पञ्च वर्षीय शिक्षा योजना तयार गरीएको छ ।यसमा गाउँपालिका क्षेत्रको विद्यालय शिक्षाका मुख्य मुद्धाहरु, शिक्षाका मुख्य उपक्षेत्रहरु, अन्तर सम्वन्धित विषय तथा क्षेत्रहरु, सुशासन तथा व्यवस्थापन, लगानी र स्रोत व्यवस्थापन एवम् योजना नतिजा खाका लगायतका पक्षसँग सम्बन्धित रही लक्ष्य, रणनीति, कार्यनीति तथा अवसर तय गरीएको छ । यसले शिक्षासँग सम्बन्धित वार्षिक कार्यक्रम सञ्चालन गर्न महत्वपूर्ण आधार प्रदान गर्दछ । गाउँपालिकालाई शिक्षा क्षेत्रको बार्षिक योजना तथा वजेट तर्जुमा गर्न, अन्य विषय क्षेत्रका योजनाहरुसँगको सम्बन्ध विश्लेषण गर्न तथा नतिजामुखी अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाई लक्ष्यमा पुग्न यो योजनाले मार्गदर्शन गर्ने अपेक्षा गरीएको छ ।

यस पञ्च वर्षीय योजनालाई सकेसम्म त्रुटिरहित तथा तथ्यपरक बनाउने प्रयास गरीएको छ । कुनै त्रुटि फेला परेमा सकारात्मक सुझावको अपेक्षा राखिएको छ । गाउँकार्यपालिकाबाट स्वीकृत गरी मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशन गर्न लागिएको यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिका, विद्यालय, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षा प्रेमी तथा जनप्रतिनिधीहरुको महत्वपूर्ण भुमिका रहन्छ । शिक्षा योजना निर्माणका लागि आवश्यक सहयोग, समन्वय र निर्देशन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, सभाका सदस्य, गाउँ शिक्षा समिति, सामाजिक विकास समिति, शिक्षा योजना निर्माण समिति तथा लेखन कार्यदल, प्रारम्भिक कक्षा सिकाई कार्यक्रम (EGL) का प्रमुख, विद्यालय परिवार लगायत सम्पूर्ण शैक्षिक सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, शिक्षा क्षेत्र योजनाको प्रभावकारी कार्यान्वयन र अर्थपूर्ण नतिजाको लागि यहाँहरुको रचनात्मक सुझावको अपेक्षा सहित समग्र मालिका गाउँपालिकाको शैक्षिक उन्नयन, बढोत्तरी र यसको दिगो कार्यान्वयनको कामना सहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद

अशोक रिजाल
शिक्षा अधिकृत (सातौं)

# हाम्रो भनाइ

शिक्षा विकास र सभ्यताको जननी हो । चेतना र जागरण बिना सामाजिक रूपान्तरणसम्भव छैन । सामाजिक विकासको मेरुदण्ड भनेको दक्ष र ऊर्जाशील जनशक्ति हो जुन शिक्षाको माध्यमबाट मात्र सम्भव छ । शिक्षामा गरीएको लगानी दिर्घकालीन महत्वको हुन्छ । भनिन्छ "यदि तपाईं एक वर्षको योजना बनाउँदै हुनुहुन्छ भने धान रोप्नुस्, यदि तपाई २० वर्षको योजना बनाउँदै हुनुहुन्छ भने रुख रोप्नुस् र यदि तपाई १०० वर्षको योजना बनाउँदै हुनुहुन्छ भने बालबालिकालाई उचित शिक्षा दिनुस्" अतः आजका बालबालिका भनेका यो देशका कर्णधार र देश विकास गर्ने सारथि हुन् । हामीले बालबालिकाको विकासका लागि पर्याप्त लगानी गर्नु जरुरी छ । आज विश्वमा जुन देशले शिक्षामा व्यापक लगानी गरेको छ सोही देश विकासको पथमा अग्रणी रहँदै आएको छ । अतः न्यून, मध्यम तथा उच्च स्तरका जनशक्ति उत्पादन शिक्षाले मात्र गर्न सक्छ । यसर्थ शिक्षाको योजनाबद्ध विकासबाट मात्र देशले काँचुली फेर्न सक्छ सभ्यताको जग बस्न सक्छ र आफ्नो भाषा संस्कृति र पहिचानको संरक्षण र संवर्द्धन हुनुका साथै सामाजिक एवम् आर्थिक विकास समेत हुन सक्छ । समग्रमा योजनाबद्ध र गुणस्तरीय शिक्षा विकासको मूल आधार हो ।

सामान्यतया योजनाले अहिलेको वर्तमान अवस्थाबाट हामी पुग्न चाहेको गन्तव्यको बिचमा सेतुको काम गरेको हुन्छ । मालिका गाउँपालिकाको शिक्षालाई निश्चित दिशा तय गर्न तथा गन्तव्य पहिल्याउनका लागि यो हामी सबैका लागि कोशेढुङ्गासाबित होस् भन्ने चाहनाका साथ यो दस्तावेज तयार गरीएको छ । यस पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माणको क्रममा हामीले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी गरीएको शिक्षा क्षेत्र योजना विद्यालय क्षेत्र विकास योजना तथा शैक्षिक योजना निर्माणको कार्य ढाँचालाई आधार मानिएको छ । यो योजना निर्माण गर्दा कुनै बाह्य व्यक्ति संस्था वा निकायबाट नभई नितान्त यहाँका सरोकारवाला व्यक्तिहरूद्वारा आफ्नै सहभागिता र सक्रियतामा निर्माण भएको हुनाले यस प्रति सबैको अपनत्व हुनु स्वाभाविकै हो । योजना निर्माण गर्ने क्रममा गाउँ कार्यपालिकाबाट शिक्षा योजना निर्माण समितिको गठन र योजना निर्माण कार्यदल गठन भई सोही कार्यदल मार्फत तयार गरीएको छ । यसै क्रममा योजनामा समावेश गर्नुपर्ने मूलभूत विषयको अलावा यसका लागि जनअपेक्षा सामाजिक आवश्यकता र मागलाई सम्बोधन गर्ने गरी सरोकारवालाहरूबाट विभिन्न गोष्ठी सेमिनार अन्तरक्रिया तथा छलफलको माध्यमबाट पर्याप्त मात्रामा सुझाव तथा पृष्ठपोषण लिइएको छ । योजनाका उद्देश्य लक्ष्य तथा रणनीतिहरू र परिमाणात्मक सूचक निर्माण गर्ने क्रममा राष्ट्रिय शिक्षा योजनाका लक्ष्यहरूलाई पुरा गर्न मद्दत पुग्ने तथा सो सँग तादात्म्य हुने गरी तय गरीएको छ । स्रोत व्यवस्थापनको कुरा सालबसालीरूपमा शिक्षामा भइरहेका खर्च शीर्षक तथा भविष्यमा बढ्न सक्ने सम्भावनालाई समेत मध्यनजर राख्दै संघीय, प्रदेश र स्थानीय तहका स्रोतहरूलाई नै आङ्कलन गरी प्रक्षेपण गरीएको छ । यस योजनामा परिलक्षित लक्ष्य र सोको लागि तय गरीएका कार्यक्रम कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षबाट साथ सहयोग र सहकार्य हुनेछ भन्ने विश्वास लिएका छौं ।

धन्यवाद

**शैक्षिक योजना निर्माण समिति**
**तथा लेखन कार्यदल**



मालिका गाउँपालिका-म्याग्दी

# कार्यकारी सारांश

मालिका गाउँपालिकाले पहिलो पटक आफ्नै गाउँ शिक्षा योजना निर्माण गरेको छ । आ.व. २०८१।०८२ देखि २०८५।०८६ सम्मका लागि पञ्चवर्षीय रुपमा तयार गरीएको यस योजनाले मालिकाको शिक्षा क्षेत्रलाई आगामी पाँच वर्षमा कस्तो बनाउने भन्ने बारेमा स्पष्ट मार्गचित्र कोरेको छ । योजनामा उल्लेखित लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा स्रोत व्यवस्थापन लगायतका समग्र विषयलाई विश्लेषण गर्दा योजनाको विशेषतालाई सारांशमा देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।

- गाउँ शिक्षा योजना नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रको निर्देशन बमोजिम तोकिएको ढाँचामा निर्माण गरीएको छ ।
- माध्यमिक तह सम्मको शिक्षाको अधिकार संवैधानिक रुपमा स्थानीय तहलाई हस्तान्तरण गरीएबमोजिम यसको जिम्मेवारी अपनत्व र जबाफदेहितालाई दृष्टिगत गरी गाउँ कार्यपालिकाबाट गठित योजना निर्माण समिति तथा समितिद्वारा गठित कार्यदलले तयार गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने योजना रहेको छ ।
- यस योजना कुनै व्यक्ति वा पदाधिकारी वा सङ्घसंस्थाहरूबाट निर्माण नभई मालिका गाउँपालिकाका सरोकारवालाहरूकै प्रत्यक्ष सहभागिता र प्रयासमा निर्माण भएकोले यसमा सबैको अपनत्व रहनुका साथै कार्यान्वयनका लागि समेत सबैलाई दायित्वबोध भएको छ ।
- योजना निर्माण गर्दा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट निर्माण गरीएको शिक्षा योजना निर्माणको कार्य ढाँचा, शिक्षा क्षेत्र योजना तथा विद्यालय क्षेत्र विकास योजनामा उल्लेखित ढाँचालाई अनुसरण गरी त्यसलाई स्थानीय परिवेशसँग तादात्म्यता हुने गरी प्रस्तुत गरीएको छ ।
- यस योजनामा परिलक्षित गरीएका शैक्षिक कार्यक्रमहरूका सम्बन्धमा पाँच वर्षमा गर्न सकिने कार्यक्रमहरूका लागि प्रत्येक कम्पोनेन्टको लागि पञ्चवर्षीय लक्ष्य र सोको लागि आवश्यक बजेट समेत अनुमान गरीएको छ भने भौतिक लक्ष्य आगामी १० वर्षसम्मका लागि नै निर्धारण गरीएको छ । यसले मालिकाको शैक्षिक क्षेत्रलाई समुन्नत बनाउन र गन्तव्यमा पुऱ्याउन दीर्घकालीन रुपमा मार्गदर्शन गर्नेछ भन्ने अपेक्षा गरीएको छ ।
- गाउँ शिक्षा योजना भनेको राष्ट्रिय शिक्षा योजनाकै अङ्ग भएको र यसले राष्ट्रिय शैक्षिक लक्ष्य तथा सूचकहरूलाई पुरा गराउन सहयोग गर्नुपर्ने भएकोले यस योजनामा उल्लेखित कार्यक्रमहरू राष्ट्रिय शैक्षिक कार्यक्रम र लक्ष्यसँग तादात्म्य हुने गरी निर्माण गरीएको छ ।
- योजनाका लागि अत्यन्त महत्त्वपूर्ण र आधारशिलाको रुपमा रहने शैक्षिक तथ्याङ्क तथा अन्य विवरणहरूको मूल स्रोत भनेको एकीकृत शैक्षिक सूचना प्रणाली (EMIS) नै हो । यसका अतिरिक्त योजना निर्माण कार्यदलले निर्माण गरी पठाएको खाका बमोजिम विद्यालयहरूबाट तयार गरी पठाइएका तथ्याङ्क तथा विवरणहरु,राष्ट्रिय जनगणना, २०७८, विद्यालयको स्थलगत अनुगमन प्रतिवेदन तथा कार्यालयको अभिलेख आदिलाई पनि आधार लिइएको छ ।
- योजना निर्माणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाई, राष्ट्रिय प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम (EGL), कार्यशाला गोष्ठी तथा सहयोगी सामग्री मार्फत् सहजीकरण भएको छ । यसबाट योजना निर्माण टोलीलाई ठुलो सहयोग प्राप्त भएको छ ।
- योजना निर्माणको क्रममा आवश्यक प्रशासनिक एवम् व्यवस्थापकीय सामग्रीका लागि बजेटको व्यवस्था यस गाउँपालिकाको आन्तरिक स्रोतबाट गरीएको छ ।

- योजना निर्माणका क्रममा विद्यालय सुधार तथा अन्य पक्षको सुधारका लागि निर्माण गरीएका योजना कार्यक्रम तथा बजेटलाई बढी महत्त्वाकाङ्क्षी नबनाई व्यवहारिक, यथार्थपरक र सरल बनाउने प्रयास गरीएको छ ।
- सङ्घीय तहबाट सशर्त कार्यक्रमको रुपमा प्राप्त हुने सालबसाली खर्च तथा अनुदानलाई पनि समष्टिगत योजनाकै अङ्ग बनाइएको छ ।साथै हरेक शीर्षकगत बजेट अनुमान तथा प्रक्षेपण गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित मापदण्ड तथा दररेटलाई आधार मानिएको छ । भौतिक पूर्वाधारसँग सम्बन्धित विषयमा सङ्घीय सरकारको ड्रइङ् डिजाइन तथा लगत इष्टिमेट र मापदण्ड बमोजिमकै प्रति इकाई लागत अनुमान तयार गरीएको छ ।
- यस योजनाको पाँच वर्षे अवधिको **कुल बजेट रु.५०,६७,२७,०००/-** प्रक्षेपण गरीएको छ । यस मध्ये संघीय तहबाट रु. ३२,२५,४७,०००/-, प्रदेश तहबाट रु.२,२०,००,०००/-, स्थानीय तहबाट रु.१३,७३,६०,०००/- र विद्यालय तथा अन्य क्षेत्रबाट रु.२,४८,२०,०००/- लगानी हुने अनुमान गरीएको छ । यसलाई पनि संभव भएसम्म यथार्थपरक बनाउने प्रयास गरीएको छ ।
- कार्यक्रमहरूका शीर्षक (कम्पोनेन्ट) हरू मध्ये विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरूका बारेमा प्रत्येकको सूक्ष्म ढङ्गले व्याख्या विश्लेषण गरीएको छ र प्रत्येक कम्पोनेन्टको परिचय, वर्तमान अवस्था, समस्या र चुनौतीहरु, लक्ष्य, उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप, पञ्चवर्षीय लक्ष्य र सोको लागि स्रोत व्यवस्थापन (लगानी) जस्ता पक्षमा समीक्षा र विश्लेषण गरी कार्यक्रमलाई यथार्थपरक ढङ्गले सम्बोधन गर्ने प्रयास गरीएको छ ।
- विद्यालय शिक्षा सुधार गरी अनुकुल सिकाइ वातावरण निर्माणका लागि यस योजनामा मुख्यतया सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (**Prioritized Minimum Enabling Condition-PMEC**) लाई पुरा गराउने, शिक्षकको पेशागत सहयोग तथा सरोकारवालाहरूको क्षमता विकास कार्यक्रमहरूलाई जोड दिने, आधुनिक सूचना प्रविधिको प्रयोगबाट कक्षा कोठा शिक्षणलाई थप आकर्षक, प्रविधिमैत्री र प्रभावकारी बनाउने, विपन्न अशक्त र सुविधाविहीन बालबालिकाहरूको समतामूलक पहुँच स्थापित गर्ने र समावेशीकरणलाई सुनिश्चित गर्ने राज्यको सेवा प्रवाहलाई लक्षित वर्ग उन्मुख बनाउने, बालमैत्री वातावरण निर्माण गर्ने र मालिका गाउँपालिकामा रहेका बहु जातीय, बहुभाषीय, बहुसांस्कृतिक, बहु धार्मिक विशेषताहरूलाई आत्मसात् गरी मालिकाको आफ्नो मौलिक पहिचान झल्काउने तथा यहाँको ऐतिहासिक, पर्यटकीय एवम् आर्थिक सामाजिक अवस्थालाई सम्बोधन गर्ने खालको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनका लागि अनुकुल वातावरण निर्माण गर्ने अपेक्षा गरीएको छ ।साथै यसले अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई प्रभावकारी बनाई अपेक्षाकृत नतिजा निकाल्ने कुरालाई जोड दिइएको छ ।
- योजनामा उल्लेखित समग्र कार्यक्रम रणनीति तथा बजेट व्यवस्थापनमा स्थानीय सरकारले अपनत्व लिनुका साथै यसलाई पूर्ण रूपमा प्रभावकारी ढङ्गले कार्यान्वयन गर्ने प्रतिबद्धता समेत व्यक्त गरेको छ ।
- योजनामा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा गाउँपालिका स्तरीय अनुगमन समितिले निरन्तर र सघन रुपमा निरीक्षण अनुगमन तथा सुपरिवेक्षण गरी नतिजामूलक (Result oriented) ढङ्गले कार्यक्रम लागु गर्न सम्बद्ध सबै सरोकारवालाहरूको परिचालन गर्ने कुरा उल्लेख गरीएको छ ।

- योजना सम्बन्धी विषयवस्तु, स्रोत, व्याख्यात्मक प्रस्तुति र विश्वसनीयताका लागि अन्तमा सो सम्बन्धी अनुसूची र सन्दर्भ सामग्री राखिएको छ ।

अतः गाउँ शिक्षा योजनाले आगामी पाँच वर्षमा मालिका गाउँपालिकाको शिक्षा विकासको दिशा तय गर्नुका साथै यसले सरोकारवालाहरूको जिम्मेवारी, जबाफदेहिता र अपनत्वका लागि मार्गदर्शन समेत गरेको छ । यसको सफल र प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु हामी सबैको साझा दायित्व हो । यस योजना निर्माणका लागि सहयोग एवम् सहजीकरण गर्नुहुने सरोकारवाला पक्षहरू योजना कार्यान्वयनका लागि आवश्यक बजेट तथा अन्य व्यवस्थापनका लागि प्रतिविद्धताका साथ अपनत्व लिनुहुने स्थानीय सरकार तथा सम्बद्ध सबै पक्षको समन्वय, सहयोग र सहकार्यमा यो योजना कार्यान्वयन हुनेछ भन्ने पूर्ण विश्वास लिएका छौं ।

मालिका गाउँपालिका-म्याग्दी

# विषय सुची

अध्यक्षको भनाई........ I
उपाध्यक्षको भनाई ........ II
प्रमुख प्रशासकीय अधिकृतको भनाई........ III
शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको भनाई ........ IV
हाम्रो भनाइ ........ V
कार्यकारी सारांश ........ VI
क) विषय प्रवेश........ १
ख) मालिका गाउँपालिकामा शिक्षा योजना निर्माणको आवश्यकता........ १
ग) स्थानीय तहमा योजना निर्माणको औचित्य ........ २
घ) शिक्षा योजना निर्माण प्रक्रिया........ २
ङ) शिक्षा योजना निर्माणका आधारहरू........ ३
च) योजनाको लेखाजोखा........ ४
परिच्छेद १- परिचय ........ ४
१.१ पृष्ठभूमि........ ४
१.२ मालिका गाउँपालिकाको परिचय ........ ६
१.३ गाउँपालिकाको अवस्थिती ........ ७
१.४ प्रशासनिक तथा राजनीतिक विभाजन........ ८
१.५ भौगोलिक विवरण ........ ९
१.६ गाउँपालिकाको जनसांख्यिक विवरण ........ १०
१.७ साँस्कृतिक विशेषताहरु ........ १४
१.८ शिक्षा ........ १६
क. साक्षरता सम्बन्धी विवरण ........ १६
ख. मालिका गाउँपालिकाको शैक्षिक योग्यता सम्बन्धी विवरण ........ १८
ग. जातिगत र तहअनुसार विद्यालयमा अध्ययन गरीरहेका बालबालिकाहरूको सङ्ख्या ........ १८
घ. तहगत शिक्षक दरबन्दी विवरण........ १९
ङ. पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था........ २०
१.९ मालिकाको विद्यालय शिक्षाका मुख्य समस्या तथा चुनौती........ २२
१.१० मालिकाको विद्यालय शिक्षाका अवसरहरू........ २६
परिच्छेद २- दुरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य........ २६
२.१ परिचय........ २६
२.२ दीर्घकालीन सोच........ २७
२.३ ध्येय ........ २७
२.४ उद्देश्यहरू........ २७
२.५ रणनीतिहरू ........ २८

मालिका गाउँपालिका-म्याग्दी

२.६ कार्यनीति ........ २९
२.७ अपेक्षित मुख्य उपलब्धि ........ ३१
२.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य ........ ३२
परिच्छेद ३- शिक्षाका मुख्य उप-क्षेत्रहरू ........ ३५
३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ ३५
३.१.१ परिचय ........ ३५
३.१.२ वर्तमान अवस्था ........ ३६
३.१.३ उद्देश्य ........ ३८
३.१.४ रणनीति ........ ३८
३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ३९
३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४१
३.१.७ लगानी र स्रोत व्यवस्थापन ........ ४२
३.२ आधारभूत शिक्षा ........ ४४
३.२.१ परिचय ........ ४४
३.२.२ वर्तमान अवस्था ........ ४४
३.२.३ उद्देश्य ........ ४७
३.२.४ रणनीति ........ ४७
३.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ४९
३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५१
३.२.७ लगानी र स्रोत व्यवस्थापन ........ ५३
३.३ माध्यमिक शिक्षा ........ ५७
३.३.१ परिचय ........ ५७
३.३.२ वर्तमान अवस्था ........ ५७
३.३.३ उद्देश्य ........ ५९
३.३.४ रणनीति ........ ६०
३.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ६१
३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६४
३.३.७ लगानी र स्रोत व्यवस्थापन ........ ६६
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ ७२
३.४.१ परिचय ........ ७२
३.४.२ वर्तमान अवस्था ........ ७२
३.४.३ उद्देश्य ........ ७३
३.४.४ रणनीति ........ ७३
३.४.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ७४
३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ७६
३.४.७ लगानी र स्रोत व्यवस्थापन ........ ७६

मालिका गाउँपालिका-म्याग्दी

३.५ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ ........ ७८
३.५.१ परिचय ........ ७८
३.५.२ वर्तमान अवस्था ........ ७८
३.५.३ उद्देश्य ........ ७९
३.५.४ रणनीति ........ ८०
३.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ८०
३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ८१
३.५.७ लगानी र स्रोत व्यवस्थापन ........ ८२
परिच्छेद ४- अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू ........ ८३
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ८३
४.१.१ परिचय ........ ८३
४.१.२ वर्तमान अवस्था ........ ८४
४.१.३ उद्देश्य ........ ८६
४.१.४ रणनीति ........ ८७
४.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ८८
४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ८९
४.१.७ लगानी र स्रोत व्यवस्थापन ........ ९०
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ९१
४.२.१ परिचय ........ ९१
४.२.२ वर्तमान अवस्था ........ ९२
४.२.३ उद्देश्य ........ ९३
४.२.४ रणनीति ........ ९३
४.२.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ९४
४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ९६
४.२.७ लगानी र स्रोत व्यवस्थापन ........ ९८
४.३ शिक्षामा समता र समावेशीकरण ........ १००
४.३.१ परिचय ........ १००
४.३.२ वर्तमान अवस्था ........ १००
४.३.३ उद्देश्य ........ १०३
४.३.४ रणनीति ........ १०३
४.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ १०४
४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ १०६
४.३.७ लगानी र स्रोत व्यवस्थापन ........ १०८
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ ११०
४.४.१ परिचय ........ ११०
४.४.२ वर्तमान अवस्था ........ ११०

मालिका गाउँपालिका

४.४.३ उद्देश्य ....................................................................................................१११
४.४.४ रणनीति ....................................................................................................११२
४.४.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................११३
४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................११५
४.४.७ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................११६
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ....................................................................................................११८
४.५.१ परिचय ....................................................................................................११८
४.५.२ वर्तमान अवस्था ....................................................................................................११९
४.५.३ उद्देश्य ....................................................................................................१२०
४.५.४ रणनीति ....................................................................................................१२१
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................१२२
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................१२४
४.५.७ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................१२५
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ....................................................................................................१२८
४.६.१ परिचय ....................................................................................................१२८
४.६.२ वर्तमान अवस्था ....................................................................................................१२८
४.६.३ उद्देश्य ....................................................................................................१२९
४.६.४ रणनीति ....................................................................................................१३०
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................१३०
४.६.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................१३१
४.६.७ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................१३१
४.७ शिक्षामा सूचना तथा प्रविधि ....................................................................................................१३३
४.७.१ परिचय ....................................................................................................१३३
४.७.२ वर्तमान अवस्था ....................................................................................................१३४
४.७.३ उद्देश्य ....................................................................................................१३५
४.७.४ रणनीति ....................................................................................................१३५
४.७.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................१३६
४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ....................................................................................................१३८
४.७.७ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................१३९
परिच्छेद ५- सुशासन तथा व्यवस्थापन ....................................................................................................१४०
५.१ शकि्षाको व्यवस्थापन तथा संस्थागत क्षमता ....................................................................................................१४०
५.१.१ परिचय ....................................................................................................१४०
५.१.२ वर्तमान अवस्था ....................................................................................................१४२
५.१.३ उद्देश्य ....................................................................................................१४२
५.१.४ रणनीति ....................................................................................................१४३
५.१.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................१४३

मालिका गाउँपालिका-म्याग्दी

५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....................................................१४५
५.१.७ लगानी र स्रोत व्यवस्थापन ....................................................१४६
५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध....................................................१४७
५.२.१ परिचय....................................................१४७
५.२.२ वर्तमान अवस्था ....................................................१४८
५.२.३ उद्देश्य ....................................................१४८
५.२.४ रणनीति....................................................१४९
५.२.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................१४९
५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....................................................१५०
५.२.७ लगानी र स्रोत व्यवस्थापन ....................................................१५१
५.३ अनुगमन तथा मूल्याङ्कन ....................................................१५२
५.३.१ परिचय....................................................१५२
५.३.२ वर्तमान अवस्था ....................................................१५२
५.३.३ उद्देश्य ....................................................१५३
५.३.४ रणनीति....................................................१५३
५.३.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................१५४
५.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....................................................१५५
५.३.७ लगानी र स्रोत व्यवस्थापन ....................................................१५६
परिच्छेद ६- लगानी र स्रोत व्यवस्थापन....................................................१५८
६.१ परिचय....................................................१५८
६.२ वर्तमान अवस्था....................................................१५८
६.३ उद्देश्य....................................................१६१
६.४ रणनीतिहरू ....................................................१६२
६.५ स्रोत अनुमान र विश्लेषण ....................................................१६२
परिच्छेद ७- योजना नतिजा खाका....................................................१६४
७.१ परिचय....................................................१६४
७.२ योजनाको तत्कालीन उपलब्धि....................................................१६४
७.३ योजनाको मध्यकालिन उपलब्धि....................................................१६६
७.४ योजनाको दीर्घकालिन उपलब्धि....................................................१६६
७.५ प्रमुख कार्यसम्पादन सूचक तथा कार्यक्रम नतिजा खाका....................................................१६७
अनुसूचीहरू ....................................................१७४
सन्दर्भ सामग्रीहरू....................................................१७८

मालिका गाउँपालिका

**तालिका सूचीः**

तालिका नं. १ प्रशासकीय संरचना ........ ८
तालिका नं. २ भू-उपयोग सम्बन्धी विवरण ........ ९
तालिका नं. ३ वडागत रुपमा घरधुरी तथा जनसङ्ख्याको विवरण ........ ११
तालिका नं. ४ उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण ........ ११
तालिका नं. ५ धर्मका आधारमा जनसङ्ख्या विवरण ........ १३
तालिका नं. ६ चाडपर्व जात्रा तथा मेलाहरुको विवरण ........ १५
तालिका नं. ७ शैक्षिक संस्थाहरूको विवरण ........ १६
तालिका नं. ८ साक्षरता सम्बन्धी विवरण ........ १७
तालिका नं. ९ मालिका गाउँपालिकाको शैक्षिक योग्यता सम्बन्धी विवरण ........ १८
तालिका नं. १० आधारभूत तहः १-८ सम्ममा अध्ययन गर्ने बालबालिकाहरूको विवरण ........ १८
तालिका नं. ११ माध्यमिक तह ९-१२ सम्ममा अध्ययन गर्ने बालबालिकाहरूको विवरण ........ १९
तालिका नं. १२ मालिका गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विवरण ........ १९
तालिका नं. १३ मालिका गाउँपालिकाकाको शैक्षिक सूचकहरूको विवरण ........ २०

मालिका गाउँपालिका-म्याग्दी

## क) विषय प्रवेश

A plan is a document showing a detailed scheme, programme, and strategyworked out in advance for achieving objectives .

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि यस मालिका गाउँपालिकाले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। मालिका गाउँपालिकाको शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा मालिका गाउँपालिकाले पञ्च वर्षीय शिक्षा योजना तयार गरेको छ।

## ख) मालिका गाउँपालिकामा शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरूलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघ, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको शिक्षालाई आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरीक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने आवश्यकता देखिएको छ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७५ (११ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना ( School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा शिक्षा योजना निर्माण

भएका छन् । यसै परिवेशमा यस मालिका गाउँपालिकाले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नु पर्ने आवश्यकतालाई महसुस गरी यस मालिका गाउँपालिकाले स्थानीय शिक्षा योजना निर्माण गरीएको छ ।

## ग) स्थानीय तहमा योजना निर्माणको औचित्य

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (**Vertical**) र क्षितिजीय (**Horizontal**) सहसम्बन्ध स्थापित गर्न,
- संघ र प्रदेशबाट प्रदान गरीने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमताजस्ता समस्यालाई न्यूनीकरण गर्न,
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ।

## घ) शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरीने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रिया अर्थात काम सफलतापूर्वक संचालन गर्न र लक्षित उद्धेश्य पुरा गर्न बनाईने पूर्व अनुमान योजना हो ।योजना आफैंमा निर्मित हुने होइन ,यसलाई निर्माण गर्नुपर्छ ।त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतीपूर्ण कार्य पनि हो । विगतको अनुभव वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढङ्गले योजना निर्माणकार्य गरीएको छ।यो गाउँ शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई अवलम्बन र अनुसरण गरीएको छ ।

क) गाउँ शिक्षा योजना निर्माणको आवश्यकता पहिचान,
ख) शिक्षा योजना निर्माणका लागि गाउँ कार्यपालिका मार्फत मिति २०८१ श्रावण २७ गते अनुसूची ४ अनुसारको गाउँ शिक्षा योजना निर्माण समिति गठन,
ग) शिक्षा योजना निर्माणका लागि आवश्यक बजेट विनियोजन,
घ) मिति २०८१ असोज ०४ गते पालिका स्तरीय विषयगत शिक्षकहरू मार्फत सुझाव सङ्कलन तथा छलफल,
ङ) मिति २०८१ असोज ०४ गते अनुसूची ५ अनुसारको ९ सदस्यिय गाउँ शिक्षा योजना लेखन कार्यदल समितिको गठन,
च) मिति २०८१ असोज ०७ देखि ०९ गते सम्म बेनी म्याग्दीमा स्थानीय शिक्षा योजना लेखन कार्यशालामा योजना निर्माण समिति संयोजक एवम् लेखन कार्यदलका सदस्यहरुको सहभागिता भएको थियो,
छ) मिति २०८१ कात्तिक ५ देखी १० गते सम्मगाउँ शिक्षा योजना लेखन कार्यदल मार्फत शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयारी गरीएको थियो,

मालिका गाउँपालिका-म्याग्दी

ज) मिति २०८१ पुस ०५ गते शिक्षा योजनाको पहिलो मस्यौदा माथि खुला सूचना मार्फत सम्बन्धित विज्ञ एवम् सरोकारवालाहरूसँग राय, सुझाव तथा पृष्ठपोषण सङ्कलन गरीएको थियो ।

झ) मिति २०८१ पुस ११ गते विज्ञ एवम् सरोकारवालाहरूको सुझाव तथा पृष्ठपोषण समावेश गरी शिक्षा योजनाको अन्तिमकरण गरी गाउँ शिक्षा मार्फत गाउँ कार्यपालिकाको बैठकमा सिफारिस गरीएको थियो ।

ञ) शिक्षा योजनाको अन्तिम मस्यौदालाई बाह्य विज्ञ एवम् EGL समुह मार्फत लेखाजोखा तथा मूल्याङ्कन गरीएको थियो ।

ट) मिति २०८१ पुस १२ गते गाउँ कार्यपालिका मार्फत शिक्षा योजनाको स्वीकृतीको लागि गाउँ सभामा पेश गरीएको थियो ।

ठ) मिति २०८१ पुस १४ गते गाउँपालिकाको १६ औं गाउँसभा अधिवेशन मार्फत शिक्षा योजना स्विकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरीयो ।

## ङ) शिक्षा योजना निर्माणका आधारहरू

मालिका गाउँपालिकाले शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्ताबेजहरूमा शिक्षा सम्बन्धी व्यवस्था भए अनुसार मूल आधार बनाई शिक्षा योजना निर्माण गरीएको छ ।

क) नेपालको संविधान, २०७२

ख) सोह्रौं आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

ग) गाउँपालिकाको आवधिक योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

घ) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ङ) संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७

च) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली

छ) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना

ज) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति-२०७६, शिक्षाको सोचपत्र, २०७९

झ) विद्यालय शिक्षामा समता रणनीति

ञ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

ट) स्थानीय तथा प्रदेशको तहको आवधिक योजना

ठ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र स्थानीय तहको विकास योजना

ड) स्थानीय तहको मध्यमकालिन खर्च संरचना

ढ) राष्ट्रिय जनगणनाको प्रतिवेदन, २०७८

ण) विद्यालय सुधार योजना र अन्य सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम

त) मालिका गाउँपालिकाको वजेट, विभिन्न नीति तथा कार्यक्रमहरू, आदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि,स्वास्थ्य, पूर्वाधार विकास, आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य

मालिका गाउँपालिका-म्याग्दी ।

कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तरसम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरीन्छ। यसका लागि स्थानीय तह अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय कायम गरी शिक्षा योजना निर्माण गर्दा स्थानीय तहले बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, विभिन्न प्रकोप, जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार र हरित विद्यालय निर्माण गरी अनुकुल सिकाइ वातावरणको प्रबन्ध तथा त्यसको सबलीकरण गर्नुपर्नेछ ।

### च) योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरीसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरीनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरीने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको योजनाको लेखाजोखा कार्यलाई सम्वन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरूको समिति निर्माण गरी तोकिएका आधारमा योजनाको लेखाजोखा गरीएको छ ।

# परिच्छेद १- परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधान, २०७२ अनुसार राज्यको पुनर्संरचना भई एकात्मक राज्य व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ ।नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य अनिःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ ।यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरीकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

संविधानले समाजवाद उन्मुख राज्य प्रणालीमा आधारित भई प्रत्येक नागरीकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरीकलाई कानुन बमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति असल संस्कृति सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्द्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासका लागि शिक्षाको अहम् भूमिका रहने कुरामा दुई मत छैन । मानव संसाधनको विकासबाट मुलुकमा उपलब्ध प्राकृतिक स्रोत

मालिका गाउँपालिका

साधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच **"समृद्ध नेपाल, सुखी नेपाली"** सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही बृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बिच तादात्म्य सहित राष्ट्रिय शैक्षिक योजनाको खाका भित्र रही प्रदेश र स्थानीय तहको शैक्षिक योजनामा यस्ता पक्षहरू समाविष्ट हुनुपर्छ भन्ने मान्यतालाई आत्मसात् गर्दै योजना निर्माण गरीएको छ ।

नेपालको संविधान, विद्यमान कानुन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् प्रोटोकलहरू देशको आवश्यकता तथा देशमा सिर्जित आकस्मिक तथा आपत्कालीन अवस्थामा पनि शिक्षा क्षेत्रलाई सुचारु गर्ने उद्देश्य सहित निर्माण भएको राष्ट्रिय शिक्षा योजनाको कार्यढाँचा भित्र रही राष्ट्रिय शैक्षिक लक्ष्यलाई परिलक्षित गरी सोको परिपूर्तिका लागि सहयोग पुग्ने गरी स्थानीय शिक्षा योजनाका नीति कार्यक्रम लक्ष्य उद्देश्य तथा रणनीतिहरू तय गर्नुपर्ने मार्गदर्शनलाई आत्मसात् गर्दै यस गाउँ शिक्षा योजना निर्माण भएको हो ।

नेपालमा वि.सं. २०१० को नेपालमा शिक्षा नामक योजना कार्यान्वयन भएसँगै शिक्षामा आम नागरीकको चासो बढ्न गएको र राष्ट्रिय माग तथा विश्व परिस्थितिबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति योजना कार्यक्रम तथा परियोजनाहरू कार्यान्वयन हुँदै आइरहेका छन् । प्राथमिक शिक्षा परियोजना आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्राथमिक शिक्षा विकास परियोजना सबैका लागि शिक्षा कार्यक्रम माध्यमिक शिक्षा सहयोग कार्यक्रम शिक्षक शिक्षा परियोजना प्राविधिक तथा व्यावसायिक तालिम परियोजना सहस्राव्दी विकास लक्ष्य उच्च शिक्षा परियोजना विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास कार्यक्रम  कार्यान्वयनमा आए । यी योजनाहरूले राखेका शैक्षिक लक्ष्य उद्देश्य तथा रणनीतिहरूलाई पुरा गर्न परिपूरकको रूपमा प्रदेश र स्थानीय तहका शैक्षिक योजनाहरू निर्माण भइरहेका छन् ।


देशमा सङ्घीय स्वरूपको राज्य व्यवस्था स्थापना भई तीनै तहका सरकारहरू क्रियाशील रहेका छन् । राज्यको यस बदलिँदो शासकीय स्वरूप लगायत स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिस्थितिमा धेरै परिवर्तनहरू भइसकेका छन् । अब निर्माण हुने शिक्षा योजनाका विषयवस्तुहरूलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भएको छ । राष्ट्रिय आधार मापदण्ड र स्तर निर्धारण गर्ने जिम्मेवारी सङ्घीय सरकारकै हुने संवैधानिक प्रावधान भएको सन्दर्भमा सङ्घीय सरकारले बनाउने शिक्षा योजनाले मुलुकलाई शिक्षा विकासको मार्गदर्शन गर्नुपर्ने र तीनै  तहका सरकारले बनाएका योजनाका मूल मर्म र गन्तव्यहरूलाई प्रतिविम्बित गर्नुपर्ने हुन्छ । यी मान्यतालाई आत्मसात् गरी तीनै तहका योजना निर्माणमा आपसी सहकार्य हुनुपर्ने देखिन्छ । तीनै तहका शिक्षा योजनाहरू सँगसँगै विकास गर्न सकेमा योजनाको अन्तरसम्बन्ध स्थापित गरी अपेक्षित उद्देश्य व्यवहारिक र कार्यान्वयनयोग्य हुन सक्छ । संविधानको मर्मअनुसार समन्वय सहअस्तित्व सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित शिक्षा योजना सँगै निर्माण तथा कार्यान्वयन गर्न आवश्यक देखिएको छ । यसो हुन सकेमा स्रोत र साधनको उच्चतम प्रयोग हुनेछ भने समस्या पहिचान र प्राथमिकता समेत तादात्म्य आइ समग्रमा योजनामा गुणात्मकता आउनेछ ।

विद्यालय शिक्षा सुधारका लागि दीर्घकालीन योजना निर्माण गर्दा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने शिक्षाको सान्दर्भिकतामा सुधार गर्ने सेवा प्रवाहमा कुशलता र प्रभावकारिता अभिवृद्धि गर्ने र नतिजामा

आधारित समता प्रवर्द्धन गर्ने विषयलाई राष्ट्रिय शिक्षा योजनाले जोड दिएको सन्दर्भमा स्थानीय योजनाले पनि स्थानीय स्तरमा यही विषयलाई अगाडि बढाउनुपर्ने हुन्छ । यसै गरी योजना निर्माण प्रक्रियाका दृष्टिले सरोकारवालाको सहभागिता र अपनत्व ( Participation and ownership of the stakeholder) ले उत्तिकै महत्त्व पाउनुपर्ने देखिन्छ । स्थानीय सरकार साधन र स्रोत प्राविधिक क्षमता लगायत जनशक्ति व्यवस्थापन र अनुभवको हिसाबले पनि स्रोत सम्पन्न नभएको र योजनामा परिलक्षित गरीएका अधिकांश कार्यक्रमहरू सङ्घीय सरकारले स्थानीय तहमा प्रदान गर्ने अनुदानहरू जस्तै समानीकरण (equalization), समपूरक (complementary) सशर्त (conditional) र विशेष (special) अनुदान नै भएकोले सङ्घीय सरकारको मार्गदर्शनमा रहेर काम गर्नुपर्ने र सोही बमोजिम बजेटको आङ्कलन र प्रक्षेपण गर्नुपर्ने बाध्यता पनि विद्यमान रहेको छ । सामान्यतया योजना निर्माणका तीन चरणहरू पूर्व तयारी, योजना निर्माण र कार्यान्वयनलाई अवलम्बन गर्दै योजना निर्माण तथा कार्यान्वयन गर्ने दिशामा अघि बढेको छ ।तीनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरागर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा मालिका गाउँपालिकाले समेत स्थानीय तहमा आधारित रहेर यो शिक्षा क्षेत्रको ५ बर्षे योजना निर्माण गरीएको छ ।

## १.२ मालिका गाउँपालिकाको परिचय

प्रकृतिको सुन्दर बगैचा नेपाल – यसै त स्वर्गभन्दा कम छैन । जहाँ अनुपम सुन्दरताले भरिपूर्ण सम्पदाहरु, सुन्दर मोतिका माला झै मुस्कुराउँदा हिमालहरु, नदि ताल तलैया तथा हराभरा अग्ला होचा कहि चुच्चो त कहि समथर परेका पहाड तथा उपत्यकाहरुरहेका छन। विश्वमै अतुलनिय प्राकृतिक सम्पदा, जैविक विवधता, किर्तिमानीको लागि चुनौतीपूर्ण भुगोल, साहसिक पर्यटन लगायतका विशेषताका कारण आफ्नो छुट्टै गरीमा स्थापित गरेको नेपालको मानचित्रमा पश्चिम क्षेत्रको गण्डकी प्रदेश अन्तर्गत राजधानी काठमाडौंको पश्चिम दिशामा अवस्थित एक ऐतिहासिक पृष्ठभुमिले सज्जित म्याग्दी जिल्लाको पश्चिम भागमा रहको सुन्दर




गाउँपालिकाको नाम हो मालिका गाउँपालिका । नेपालको पश्चिम पहाडी क्षेत्रमा अवस्थित रहेको सुन्दर पहाडी इलाकाहरुको केन्द्र, ढोरपाटन सिकार आरक्ष र धौलागिरि हिमाल प्रवेशद्धवार साथै जिल्लाको दोस्रो सदरमुकामको रुपमा परिचित सुन्दर दरवाङबजार मालिका गाउँपालिकाको केन्द्रको रुपमा परिचित छ । यसै मालिका धुरिबाट सुन्दर मनोरम हिमश्रृखला, जिल्लाभित्र र वाहिरका विभिन्न स्थानहरुको अवलोकन गर्न सकिन्छ । त्यस्तै वडा नम्वर १ मा निस्कोट बराह ताल भिर मह र ढुङ्गाखानी, वडा नं. २ रुममा अवस्थित दुरलेक, ढुङ्गाखानी, वडा नं. ३ मा बराह ताल, ढुङ्गाखानी, वडा नं. ४ ओखरबोटमा रहेको तामाखानी र सोले डाडाँ, वडा नं. ५ गाईखर्क ताल र देवता भिर गुफा, वडा नं. ६ दुखुमा अवस्थित नेपालमै ख्यातिप्राप्त भालेवास्ने ताल र वडा नं. ७ मा मालिका धुरी मन्दिर, बराह ताल प्रभु चेला ध्यानाश्रम, सुन्तलाको पकेट क्षेत्रसाथै, विभिन्न वडाका विभिन्न तालतलैया, पोखरी, दह, मठमन्दिर, पाटिपौवा, चौतारा, साना साना छरिएर रहेका वस्तीहरुको संगमस्थल हो मालिका गाउँपालिका । सुन्दर पहाड, दुर–दुर इलाकामा देखिने सुन्दर हिमालहरु, पहाडी बस्तीमा लगाइने आलु, धान, मकै, फापर, जौ, कोदो र सुन्तला खेतीका साथै यसमा देखिने सुन्दरता तथा शान्त, सफा र निर्मल वातावरणमा रमाउनेहरुका लागि उपहार जस्तै लाग्ने वातावरण मालिका गाउँपालिकाको आफ्नै विशेष पहिचान हो । सरल र सुन्दर हृदयले भरिएका गाउँपालिकावासी, नेपाली पाराको कला संस्कृति विविध भेषभुषा र धेरैजसो हिन्दु सम्प्रदायले भरिएको यो गाउँपालिका मानव मुल्यको दृष्टीकोणबाट पनि अत्यन्तै सुन्दर रहेको छ । बैशाख पूर्णिमा, जेष्ठ पूर्णिमा, तिहार र धान्य पूर्णिमामा वर्षेनी मेला र पुजाआजा गरीने यस मालिका धुरी मन्दिरको महिमालाई आत्मसात गर्दै यस गाउँपालिकाको नामाकरण गरीएको छ ।

## १.३ गाउँपालिकाको अवस्थिती

भौगोलिक अवस्थिति अनुसार यस गाउँपालिका ८३ डिग्री २५ मिनेटदेखि ८३ डिग्री ४१ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको छ भने २८ डिग्री २५ मिनेटदेखि २८ डिग्री ४२ मिनेट उत्तरी अक्षांससम्म फैलिएको छ भने यो गाउँपालिकाको जम्मा क्षेत्रफल १४७ वर्ग कि.मी. रहेको छ। मालिका गाउँपालिकाको मौसम समग्र रुपमा हेर्दा समशितोष्ण खालको रहेको छ । यसको सिमाना पूर्वमा रघुगंगा र मंगला गाउँपालिका पश्चिममा वाग्लुङ जिल्ला उत्तरमा धौलागिरी गाउँपालिका र दक्षिणमा मंगला गाउँपालिका र वाग्लुङ जिल्ला पर्दछन् । प्रशासनिक हिसावले ७ ओटा वडामा विभाजन गरीएको छ । राज्यलाइ सङ्घीय संरचनामा रुपान्तरण गरीसकेपछि सोहि वमोजिम राज्यका संरचनामा पनि परिवर्तन आएको स्थिति विद्यमान छ । नेपाललाई संघीय शासन पद्धतिमा रुपान्तरण गरेपछि संविधानको मुल मर्म बमोजिम राज्यको पुर्नसंरचना गर्ने कार्यले गति लियो । सोहि बमोजिम नेपाललाइ ७ प्रदेशमा विभाजन गरीयो । जसअनुसार पश्चिमाञ्ल विकास क्षेत्रको धौलागिरी अञ्चलमा रहेको म्याग्दी जिल्ला हालको गण्डकी प्रदेश अन्तर्गतको म्याग्दी जिल्लामा रुपान्तरण भयो । यसरी रुपान्तरण भएसँगै यस जिल्लाको एक नयाँ गाउँपालिकाको रुपमा मालिका गाउँपालिका घोषणा गरीयो ।

मालिका गाउँपालिका




चित्र नं.२- गाउँपालिकाको अवस्थिती

## १.४ प्रशासनिक तथा राजनीतिक विभाजन

गाउँपालिकाको हालको वडा विभाजनको आधारशिलाका रुपमा रहेका पहिलेका गा.वि.स.हरु रहेका छन । जसलाइ यहाँ गाउँपालिकाका वडाहरु र तिनमा पूर्व गा.वि.स.को रुपमा रहेका समावेश भएका स्थानमा रुपमा निम्नअनुसार देख्न सकिन्छ ।

**तालिका नं.१ प्रशासकीय संरचना**

| वडा नं | समावेश भएका साविक गा.वि.स.हरु | साविक वडा नं. |
|---|---|---|
| १ | निस्कोट | १ देखि ९ |
| २ | रुम | १ देखि ६ |
| ३ | डाँडागाउँ | ७ देखि ९ |
| ४ | ओखरबोट | १ देखि ९ |
| ५ | देविस्थान | १ देखि ९ |
| ६ | दरवाङ्ग | १ देखि ३,५ देखि ९ |
| ७ | विम | १ देखि ९ |

स्रोतः मालिका गाउँपालिका-दरवाङ्ग , २०८१


## १.५ भौगोलिक विवरण

मालिका गाउँपालिकाको कुल क्षेत्रफल १४७ वर्ग कि.मी. रहेको छ । जिल्ला वन कार्यालय म्याग्दीका अनुसार वन क्षेत्र ९०६०.१६ हेक्टर रहेको छ । कृषि क्षेत्र ३८७१.४८ हेक्टर रहेको छ । यस गाउँपालिका क्षेत्रभित्र खासगरी मुख्य वन पैदावार गुराँस,खर्सु,वाँझ, गोब्रे सल्ला, लेकाली सल्ला, खोटे सल्ला, फलाट, सिर्मु, उत्तिस, चिलाउने आदि । त्यसै गरी गैरकाष्ठ वन पैदावार तथा जडिवुटिहरु तितेपाति, वन तरुल, काफल, अमृसो, अल्लो, सिस्नो, लोक्ता, पाङग्रो, सुगन्ध वाल, विसफेस, गुर्जो, सुनगाभा, भाते काउलो, अमला, कुट्की, टिमुर, तेजपात, कुरिलो, निगाला,इयाउ, वोझो सतुवा आदि पाइन्छ । अन्य विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं.२ भू-उपयोग सम्बन्धी विवरण**

| भु–उपयोग सम्बन्धी विवरण | (वर्ग कि.मी तथा हेक्टर) |
|---|---|
| कृषि क्षेत्र | ३८७१.४८ |
| वन क्षेत्र | ९०६०.१६ |
| भिर पहिरो | ४६९.७० हेक्टर |
| चरन क्षेत्र | ८५५.५८ |
| झाडी तथा बुट्यान क्षेत्र | ४८२.९१ |
| बगर तथा बलौटे क्षेत्र | १२२.३५ |
| खुल्ला चट्टान क्षेत्र | ६.३८ |
| नदि किनार क्षेत्र | २६.९३ |
| पोखरी ताल क्षेत्र | ३ |
| जम्मा | १४४२८.७९ |

स्रोतः जि.आई.एस. नक्सांकन, २०८१





चित्र नं. ३- भू–उपयोग नक्शा

## १.६ गाउँपालिकाको जनसांख्यिक विवरण

### क. वडागत जनसांख्यिक विवरण

राज्य पुनसंरचना पश्चात् जनगणना अनुसार मालिका गाउँपालिकाको कुल जनसङ्ख्या १८,३३२ रहेको देखिन्छ । जसमध्ये पुरुषको सङ्ख्या ८,८६७ र महिलाको सङ्ख्या ९,४६५ रहेको देखिन्छ। यस पालिकामा पुरुष भन्दा ५९८ जना महिलाहरु बढि रहेका छन्। जनगणना अनुसार यस पालिकामा लैङ्गिक अनुपात ९३.६८ रहेको छ भने औषत परिवार सङ्ख्या ३.९९ रहेको छ र यस गाउँपालिकाको जनघनत्व १२४.७ बर्ग कि.मी. रहेको छ । यस पालिकाको सबैभन्दा वढी जनसङ्ख्या वडा नं. २ मा रहेको छ जसमध्ये महिला १,८४१ र पुरुष १,७८५ गरी जम्मा ३,६२६ रहेको पाइन्छ ।




चित्र नं. ४- वडागत जनसांख्यिक विवरण

यसैगरी सबैभन्दा कम जनसङ्ख्या वडा नं.७ मा रहेको छ जसमा पुरुष ८२८ र महिला ८६४ गरी जम्मा १,६९२ जनसङ्ख्या रहेको पाइन्छ । वडागत रुपमा औषत परिवार सङ्ख्या सम्बन्धमा अध्ययन गर्दा सबैभन्दा बढी वडा न. ४ मा औषत परिवार सङ्ख्या ४.४८ रहेको छ । सबै वडाहरुको औषत परिवार सङ्ख्या हेर्दा भने वडा नं ६ को सबैभन्दा कम ३.५७ औषत परिवार सङ्ख्या रहेको पाइयो । वडागत रुपमा जनसङ्ख्याको वितरणलाई तलको तालिकामा देखाइएको छ ।

### तालिका नं.३ वडागत रुपमा घरधुरी तथा जनसङ्ख्याको विवरण

| वडा नं. | कुल जनसङ्ख्या | महिला | पुरुष | घरधुरी सङ्ख्या | औषतपरिवार सङ्ख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| **गा.पा.** | **१८,३३२** | **९,४६५** | **८,८६७** | **४,५९०** | **३.९९** | **९३.६८** |
| **१** | १,९९४ | १,०२६ | ९६८ | ४९४ | ४.०४ | ९४.३५ |
| **२** | ३,६२६ | १,८४१ | १,७८५ | ८७४ | ४.१५ | ९६.९६ |
| **३** | २,१३७ | १,१२४ | १,०४९ | ५३६ | ४.०५ | ९३.३३ |
| **४** | २,१३३ | १,११६ | १,०१७ | ४७६ | ४.४८ | ९१.१३ |
| **५** | ३,१४४ | १,६५१ | १,४९३ | ७६८ | ४.०९ | ९०.४३ |
| **६** | ३,५७० | १,८४३ | १,७२७ | १००१ | ३.५७ | ९३.७१ |
| **७** | १,६९२ | ८६४ | ८२८ | ४४१ | ३.८४ | ९५.८३ |

**स्रोतः राष्ट्रिय जनगणना, २०७८**

### ख. उमेरका आधारमा जनसङ्ख्या विवरण

मालिका गाउँपालिकाको उमेरगत जनसङ्ख्याको विवरणको पछिल्लो तथ्याङ्कलाई आधारमानी हेर्दा सबै भन्दा बढी सङ्ख्या १० देखि १४ वर्षको उमेर समूहका मानिसहरु रहेका देखिन्छन् । जसअनुसार महिलाको जनसङ्ख्या ९८६ तथा पुरुषको जनसङ्ख्या १,०२४ गरी कुल जनसङ्ख्या २,०१० रहेको देखिन्छ । यसैगरी सवैभन्दा कम जनसङ्ख्या ९५ बर्ष माथिका वृद्धवृद्धाको सङ्ख्या जम्मा १४ रहेको छ जहाँ महिलाको १० र पुरुषको ४ रहेको पाइन्छ । उमेर समूह तथा लिङ्ग अनुसार मालिका गाउँपालिकाको जनसङ्ख्यालाई तलको तालिका तथा जनसङ्ख्या पिरामिडमा देखाइएको छ ।

### तालिका नं.४ उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण

| उमेर समूह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| ०–४ वर्ष सम्म | १,६२६ | ८४३ | ७८३ |
| ५–९ वर्ष सम्म | १,८२१ | ९२९ | ८९२ |
| १०–१४ वर्ष सम्म | २,०१० | १,०२४ | ९८६ |
| १५–१९ वर्ष सम्म | १,९१० | ९३५ | ९७५ |
| २०–२४ वर्ष सम्म | १,६५२ | ८२५ | ८२७ |
| २५–२९ वर्ष सम्म | १,४०५ | ६६१ | ७४४ |
| ३०–३४ वर्ष सम्म | १,०६६ | ५०५ | ५६१ |
| ३५–३९ वर्ष सम्म | १,०४९ | ४६० | ५८९ |
| ४०–४४ वर्ष सम्म | ९४४ | ४३२ | ५१२ |
| ४५–४९ वर्ष सम्म | ७८५ | ३४२ | ४४३ |
| ५०–५४ वर्ष सम्म | ८८८ | ४०९ | ४७९ |
| ५५–५९ वर्ष सम्म | ८१५ | ३९१ | ४२४ |




मालिका गाउँपालिका

| | | | |
|---|---|---|---|
| ६०–६४ वर्ष सम्म | ७०० | ३२८ | ३७२ |
| ६५–६९ वर्ष सम्म | ५९१ | २७२ | ३१९ |
| ७०–७४ वर्ष सम्म | ४५६ | २२३ | २३३ |
| ७५– ७९वर्ष सम्म | २०६ | १३७ | १५९ |
| ८०–८४ वर्ष सम्म | १८२ | ८६ | ९६ |
| ८५–८९ वर्ष सम्म | ७६ | ४१ | ३५ |
| ९०–९४ वर्ष सम्म | ४६ | २० | २६ |
| ९५ वर्ष भन्दा माथि | १४ | ४ | १० |

**स्रोतः राष्ट्रिय जनगणना, २०७८**

**चित्र नं.५. उमेर समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण**





**स्रोतः राष्ट्रिय जनगणना,२०७८**

**ग.जातका आधारमा जनसङ्ख्या विवरण**

मालिका गाउँपालिकामा बसोवास गर्ने वासीहरुको जातिगत विवरण तलको तालिकामा दिइएको छ । तालिकामा देखाईए अनुसार यस गाउँपालिकामा ११ भन्दा बढि प्रकारका जातजातीहरु बसोवास गर्ने गरेका छन् । यहाँ बसोवास गर्ने प्रमुख जातिहरुमा मगर, बिश्वकर्मा, परियार, ब्राह्मण, क्षेत्री, गुरुङ्ग, थकाली आदि रहेका छन् । जसअनुसार सवैभन्दा वढि मगर जाति ५७.१ प्रतिशत रहेको देखिन्छ । सवैभन्दा कम थकाली जाति ०.५ प्रतिशत रहेको छ । पालिकामा रहेका जातजातीहरुको विवरण देहाय वमोजिम रहेको छ ।

चित्र नं. ६-जातजाती अनुसार जनसङ्ख्या सम्वन्धी विवरण




### घ. धर्मका आधारमा जनसङ्ख्या विवरण

गाउँपालिकामा बस्ने बासिन्दाहरुले मुख्य रुपमा हिन्दु धर्म अंगालेको पाइन्छ । त्यस्तै केही समुदायले परम्परागत रुपमै बौद्ध धर्म मान्दै आएका छन्। समग्र नेपालमा जस्तै यस गाउँपालिकामा पनि पछिल्लो समय क्रिस्चियन धर्म विस्तार हुदैं गएको पाइन्छ । समग्र जनसङ्ख्यामा ८०.४ प्रतिशत मानिसहरु हिन्दु धर्म मान्छन भने सबैभन्दा कम ०.१ प्रतिशत मानिसहरु वन धर्म मान्छन । धर्मका आधारमा यस पालिकाको जनसङ्ख्याको अवस्थालाई तलको तालिकामा दिइएको छ ।

**तालिका नं.५ धर्मका आधारमा जनसङ्ख्या विवरण**


| धर्म | जनसङ्ख्या | जनसङ्ख्या प्रतिशत |
|---|---|---|
| हिन्दु | १४,७०८ | ८०.४ |
| बौद्ध | २,४०४ | १३.६ |
| इस्लाम | ४९९ | १.७८ |
| किरात | १८ | ०.१ |
| क्रिश्चियन | ४६८ | ३.१ |
| प्रकृति | २२४ | १.२ |
| वन | ११ | ०.१ |

स्रोतः राष्ट्रिय जनगणना,२०७८

### ङ. मातृभाषा अनुसार जनसङ्ख्याको विवरण

मातृभाषाका आधारमा हेर्दा मालिका गाउँपालिकामा नेपाली भाषा बोल्ने मानिसहरुको सङ्ख्या अत्याधिक मात्रामा रहेको देखिन्छ । यस गाउँपालिकामा रहेको १८,३३२ जम्मा जनसङ्ख्या मध्ये १३,३०३ जनसङ्ख्या (कुल जनसङ्ख्याको ७२.६ प्रतिशत) ले नेपाली भाषा बोल्ने गरेको पाइएको छ । बिशेषत मगर तथा विश्वकर्मा समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा नेपाली भाषाको नै बाहुल्यता रहेको देखिन्छ । मातृभाषाका आधारमा गाउँपालिका भित्र रहेको जनसङ्ख्याको अवस्थालाई तलको चित्र नं. ७ मा देखाईएको छ ।

**चित्र नं. ७ मातृभाषा अनुसार जनसङ्ख्याको विवरण**




**स्रोतःराष्ट्रिय जनगणना,२०७८**

## १.७ साँस्कृतिक विशेषताहरु

देशका अन्य भागमा जस्तै यस गाउँपालिकाका वासिन्दाहरुले पनि राष्ट्रिय चाडपर्वका साथै आफ्नो जाति धर्म विशेषका चाडपर्व र रितिरिवाज मनाउदै आएका छन्।यस पालिकामा हरेक धर्ममा पनि जाति विशेष चाडपर्वहरु फरक फरक तरिकाले मनाउने गरेको पाइन्छ । परम्परागत रुपमा मनाइने चाडपर्वहरुमा दशै, तिहार, हरितालिका तिज, राम नवमी, शिवरात्री, फागुपूर्णिमा, जनैपूर्णिमा, नाग पञ्चमी,माघे सक्रान्ती,साउने सक्रान्ती, कृष्ण जन्माष्टमी, इद, कुर्वानी तथा अन्य चाडपर्वहरु मनाइन्छ। स्थानीय चार्डपर्व, जात्रा र मेलाहरु नेपाल वहुजातिय, बहुभाषिक, वहुधार्मिक विविधताले भरिपुर्ण देश हो । जातजाति र भाषा भाषिका आधारमा स्थानविषेश मा फरक फरक चाड तथा मेला पर्व तथा जात्राहरु विभिन्न तिथिमितिहरुमा वर्षैभरि मनाउने गरीन्छ । तलको तालिकामा देहाय अनुसार मालिका गाउँपालिका भित्र पनि नेपालका मुख्य मुख्य चाडपर्वहरु जस्तै दशैं, तिहार, तिज, ल्होसार, जनैपूर्णिमा, क्रिश्मस, वुद्धपूर्णिमा लगायतका चाडपर्व मनाउने

गरेको पाईन्छ । जसमा सवैभन्दा वढि हिन्दु धर्म मान्ने जातजाति र चाडपर्वहरु र केहि इसाइ, वौद्ध धर्मावलम्विका चाडपर्व मनाउने गरेका छन् । त्यस्तैगरी दशै, माघेसक्रान्ति, नयाँवर्ष, तिहार, वुद्धपूर्णिमा लगायतका चाडपर्व तथा अवसरहरुमा विभिन्न स्थानमा मेला लाग्ने गर्दछ । त्यसैगरी गाईजात्रा, लाखेजात्रा, कृष्णजात्रा, घोडेनाच लगायतका पर्वहरु मनाउदै आएको पाइन्छ।

**तालिका नं. ६ चाडपर्व जात्रा तथा मेलाहरुको विवरण**

| क्र.सं. | चार्डपर्व | मेलाहरुको नाम | मनाइने महिना | तिथि | मनाउने जातजाती |
|---|---|---|---|---|---|
| १. | दशैं | दशैं मेला | असोज | आश्विन शुक्ल प्रतिपदा | ब्राहमण,क्षेत्री,दलित, जनजाति |
| २. | तिहार | तिहार मेला | कार्तिक | कार्तिक कृष्ण त्रयोदशि | ब्राहमण,क्षेत्री ,दलित, जनजाति |
| ३. | तीज | तीज विशेष मेला | भदौ | भाद्र शुक्ल प्रतिपदा | ब्राहमण,क्षेत्री ,दलित, जनजाति |
| ४. | फागुपूर्णिमा | फागुपूर्णिमा मेला | फागुन,चैत्र | फाल्गुन शुक्लपूर्णिमा | ब्राहमण,क्षेत्री ,दलित, जनजाति |
| ५. | ल्होसार,सोनम ल्होसार, ग्याल्वो ल्होसार | नँया वर्ष मेला | पुस,माघ ,फागुन | | गुरुङ, शेर्पा, तामाङ्ग |
| ६. | क्रिस्मस | | डिसेम्वर २५ | | क्रिश्चियन धर्मावलम्विहरु |
| ७. | जनैपूर्णिमा | | साउन | | ब्राहमण, क्षेत्री |
| ८. | माघे सक्रान्ति | माघे सक्रान्ति मेला | माघ | | ब्राहमण, क्षेत्री, दलित, जनजाति |
| ९. | साउने सक्रान्ति | | साउन | | ब्राहमण, क्षेत्री, दलित, जनजाति |
| १०. | वुद्ध पूर्णिमा | वुद्धजयन्ती मेला | बैशाख | बैशाख शुक्ल | वुद्ध धर्मावलम्वीहरु |
| ११. | रामनवमी | | फागुन, चैत्र | | ब्राहमण, क्षेत्री, दलित, जनजाति |
| १२. | बालाचर्तुदशी | बालाचर्तुदशी मेला | मंसिर | मंसिर कृष्ण चर्तुदशी | ब्राहमण, क्षेत्री, दलित, जनजाति |

**स्रोतः मालिका गाउँपालिका दरवाङ्ग , २०८१**

## १.८ शिक्षा

गाउँपालिकामा आ.व. २०८१।०८२ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण हेर्दा गाउँपालिकामा पठनपाठनका लागि मा.वि. (१०+२) ४ ओटा, माध्यमिक विद्यालय (९-१०) ६ ओटा, आधारभूत विद्यालय (१-८) ३४ ओटा र बालविकास ४० ओटा शिक्षण संस्थाहरू रहेका छन । नेपाल सरकारको लक्ष्य तथा राष्ट्रिय रणनीति अनुसार स्वास्थ्य र शिक्षा क्षेत्रमा सबैलाई समानरुपमा पहुँच पुर्याउने लक्ष्य रहेको छ । देशबाट निरक्षरता उन्मुलन गर्दै गुणस्तरीय शिक्षामा पहुँच अभिबृद्धि गर्न शिक्षा क्षेत्रमा लगानी बिस्तार हुदै आएको छ । सबै तह र विधाका शिक्षामा समतामुलक पहुँच अभिवृद्धि गर्न नीतिगत, कानुनी र संस्थागत सुधारका प्रयासहरु भएका छन् सोही अनुरुप यस पालिकाले पनि यसै रणनीति लाई आत्मसाथ गर्दैयस क्षेत्रमा शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्दै आएको छ । मालिका गाउँपालिकाको कुल जनसङ्ख्या १८,३३२ मध्ये १६,७०६ जनाले पढ्न लेख्न जानेको अबस्था रहेको छ भने ३,५११ जनाको साक्षरता सम्बन्धी बिवरणलाई हेर्दा पढ्न लेख्न नजानेको पाइएको छ भने १३८ जनाले पढ्न मात्र जानेको अबस्था रहेको छ यसलाई तुलनात्मक रुपमा हेर्दा कुल जनसङ्ख्याको १३.८ प्रतिशत साक्षर नरहेको अबस्था छ भने ८६.२० प्रतिशत जनसङ्ख्या साक्षर रहेको पाइएको छ । यस सम्बन्धी विवरणलाई देहाय वमोजिम तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिकानं. ७ शैक्षिक संस्थाहरूको विवरण**

| विवरण | सरकारी | सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|---|
| आधारभूत (१-३) | - | ९ | - | ९ |
| आधारभूत (१-५) | - | १५ | २ | १७ |
| आधारभूत (१-८) | - | ६ | २ | ८ |
| मा. वि. (९-१०) | - | ५ | १ | ६ |
| मा. वि (१०+२) | - | ४ | - | ४ |
| अन्य | प्राविधिक शिक्षालय | १ | - | १ |
| | सामुदायिक सिकाइ केन्द्र | ३ | - | ३ |
| | बालविकास केन्द्र | ४० | - | ४० |
| | **जम्मा** | **८३** | **५** | **८८** |

**स्रोतः मालिका गाउँपालिका, २०८१**

### क. साक्षरता सम्बन्धी विवरण

दिगो विकास लक्ष्य अन्तर्गत शिक्षा सम्बन्धी लक्ष्यले सबैकालागि समान र गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र जीवनभरि सिकाइको अवसरलाई प्रवर्द्धन गर्न जोड दिन्छ। यसले बालबालिका, युवा, र प्रौढहरूलाई ज्ञान, सिप, र मूल्यको विकास मार्फत सशक्त बनाउँदै उनीहरूको पूर्ण सम्भावनाको प्राप्ति सुनिश्चित गर्न चाहन्छ। यसमा समावेश भएका लक्ष्यहरूमा सबै बालबालिकाले निःशुल्क, समान, र गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षा प्राप्त गर्नुपर्छ, जसले अर्थपूर्ण सिकाइ परिणामहरू दिन्छ। सबै बालबालिकाको पूर्वप्राथमिक विकास, हेरचाह, र शिक्षा सुनिश्चित गर्नुपर्छ, ताकि उनीहरू प्राथमिक शिक्षाका लागि तयार हुन सकून्। विशेष गरी, महिलाहरू, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी समुदायहरू, र जोखिममा रहेका समूहहरूको

लागि शिक्षाको पहुँच र गुणस्तरमा सुधार गर्न आवश्यक छ। यो उद्देश्य प्राप्त गर्नका लागि सबै महिला र पुरुषहरूले सस्तो र गुणस्तरीय प्राविधिक, व्यावसायिक, र उच्च शिक्षामा समान पहुँच पाउनुपर्छ। साथै, युवाहरू र प्रौढहरूको लागि प्रासंगिक सिपहरूको विकास, विशेष गरी रोजगार, मर्यादित काम, र उद्यमशीलताको लागि आवश्यक सिपहरूमा जोड दिनुपर्छ। शिक्षा प्रणालीहरूमा समानता र समावेशिता प्रवर्द्धन गर्न र शिक्षामा लैङ्गिक असमानता अन्त्य गर्न पनि ध्यान दिइन्छ। योविशेष गरीसिपयुक्त सिकाईहरू, शैक्षिक सामग्री, र शिक्षण विधिहरूको सुधारद्वारा प्राप्त गर्न सकिन्छ। शिक्षा वातावरणहरू सुरक्षित, समावेशी, र सन्दर्भअनुकुल हुनुपर्दछ, जसमा सबै बालबालिका र सिक्न चाहने व्यक्तिहरूलाई हिंसामुक्त, सुरक्षित, र प्रभावकारी सिकाइ परिवेश प्राप्त होस्। शिक्षाका लागि पर्याप्त वित्तीय स्रोतको सुनिश्चितता पनि महत्त्वपूर्ण छ। यसरी, SDG ४ अन्तर्गत शिक्षा सम्बन्धी लक्ष्यले शिक्षा क्षेत्रमा व्यापक सुधार र विकासको खाका प्रस्तुत गर्दछ, जसले दिगो विकास र सामाजिक समृद्धिको मार्ग प्रशस्त गर्न मद्दत गर्छ।नेपाल सरकारको लक्ष्य तथा राष्ट्रिय रणनीति अनुसार स्वास्थ्य र शिक्षा क्षेत्रमा सबैलाई समानरुपमा पहुँच पुर्याउने लक्ष्य रहेको छ । देशबाट निरक्षरता उन्मुलन गर्दै गुणस्तरीय शिक्षामा पहुँच अभिबृद्धि गर्न शिक्षा क्षेत्रमा लगानी बिस्तार हुदै आएको छ । यस सम्बन्धी विवरणलाई देहाय वमोजिम तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**तालिका नं. ८ साक्षरता सम्बन्धी विवरण**

| वडा | लिङ्ग | ५ बर्ष भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्या | | | उल्लेख नभएको | साक्षरता दर |
|---|---|---|---|---|---|---|---|
| | | | लेख्न पढ्नसक्ने | पढ्न मात्र सक्ने | पढ्न लेख्न सक्ने | | |
| **गा.पा.** | **जम्मा** | **१६,७०६** | **१३,०१३** | **१३८** | **३,५११** | ४४ | ७७.८९ |
| १ | पुरुष | ८,०२४ | ६,९१७ | ४९ | १,०४० | १८ | ८६.२० |
| | महिला | ८,६८२ | ६,०९६ | ८९ | २,४७१ | २६ | ७०.२१ |
| | **जम्मा** | **१,८१४** | **१,३७२** | **१** | **४४१** | **०** | **७५.६३** |
| २ | पुरुष | ८७६ | ७४१ | ० | १३५ | ० | ८४.५९ |
| | महिला | ९३८ | ६३१ | १ | ३०६ | ० | ६७.२७ |
| | **जम्मा** | **३,३०४** | **२,५९५** | **९** | **६९३** | **७** | **७८.७४** |
| ३ | पुरुष | १,६२१ | १,३७५ | २ | २४२ | २ | ८४.८२ |
| | महिला | १,६८३ | १,२२० | ७ | ४५१ | ५ | ८२.४९ |
| | **जम्मा** | **१,९६७** | **१,५४८** | **१** | **३८८** | **३०** | **७८.७०** |
| ४ | पुरुष | ९३१ | ८०५ | ० | ११४ | १२ | ८६.४७ |
| | महिला | १,०३६ | ७४३ | १ | २७४ | १८ | ७१.७२ |
| | **जम्मा** | **१,९२५** | **१,४२२** | **१५** | **५०५** | **३** | **७३.११** |
| ५ | पुरुष | ९२० | ७५४ | ८ | १५६ | २ | ८१.९६ |
| | महिला | १,०२५ | ६६८ | ७ | ३४७ | १ | ६५.१७ |
| | **जम्मा** | **२,८४६** | **२,१६६** | **५१** | **६२८** | **१** | **७६.११** |
| | पुरुष | १,३३० | १,१५७ | १५ | १५७ | १ | ८६.९९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | महिला | १,५१६ | १,००९ | ३६ | ४७१ | ० | ६६.५६ |
| | **जम्मा** | **३,२३१** | **२,६५१** | **१६** | **५९१** | **३** | **८१.२९** |
| ७ | पुरुष | १,५७९ | १,४०५ | ८ | १६५ | १ | ८८.९८ |
| | महिला | १,६८२ | १,२४६ | ८ | ४२६ | २ | ७४.०८ |
| | **जम्मा** | **१,५६९** | **१,२५९** | **४५** | **२६५** | **०** | **८०.२४** |
| कुल | पुरुष | ७६७ | ६८० | १६ | ७१ | ० | ८८.६६ |
| | महिला | ८०२ | ५७९ | २९ | १९४ | ० | ७२.१९ |

**स्रोतः राष्ट्रिय जनगणना, २०७८ तथा घरधुरी सर्वेक्षण, २०८१**

## ख. मालिका गाउँपालिकाको शैक्षिक योग्यता सम्बन्धी विवरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस गाउँपालिकामा ३२ जना नव प्रवेश, २७४ प्राथमिक, २०२ जना निम्न माध्यमिक, ९१ जना माध्यमिक, १५० जना एस.एल.सि. वा सो सरह, ३६१ जना प्रवीणता प्रमाणपत्र तह, २७ जना स्नातक, १४ जना स्नातकोत्तर सम्मको शैक्षिक योग्यता भएका मानिसहरू रहेको देखाउँछ ।

**तालिका नं.९ मालिका गाउँपालिकाको शैक्षिक योग्यता सम्बन्धी विवरण**

| क सं | पुरा गरेको शैक्षिक योग्यता/तह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | नवप्रवेश /Beginner | १६ | १६ | ३२ |
| २. | प्राथमिक कक्षा १-५ | १४६ | १२८ | २७४ |
| ३. | निम्न माध्यमिक कक्षा ६-८ | ११३ | ८९ | २०२ |
| ४. | माध्यमिक कक्षा ९-१० | ६४ | २७ | ९१ |
| ५. | एस.एल.सी. वा सो सरह | ९० | ६० | १५० |
| ६. | प्रवीणता प्रमाणपत्र तह वा सो सरह | १९६ | १६५ | ३६१ |
| ७. | स्नातक वा सो सरह | १४ | १३ | २७ |
| ८. | स्नातकोत्तर वा सो सरह | ११ | ३ | १४ |
| ९. | तह नखुलेको | १ | ४ | ५ |

**स्रोतः केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना, २०७८**

## ग. जातिगत र तहअनुसार विद्यालयमा अध्ययन गरीरहेका बालबालिकाहरूको सङ्ख्या

**तालिका नं. १० आधारभूत तहः १-८ सम्ममा अध्ययन गर्ने बालबालिकाहरूको विवरण**

| कक्षा | दलित | | | जनजाति | | | बाहुन/क्षेत्री | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| बालविकास केन्द्र | १७५ | १५२ | ३२७ | २०२ | १७७ | ३७९ | २१ | ३१ | ५२ | ३९८ | ३६० | ७५८ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८६ | ६८ | १५४ | १०९ | ८६ | १९५ | १७ | ६ | २३ | २१२ | १६० | ३७२ |
| २ | ८८ | ९७ | १८५ | ९८ | १०५ | २०३ | ४ | ७ | ११ | १९० | २०९ | ३९९ |
| ३ | ९७ | ७१ | १६८ | १२० | १०७ | २२७ | ७ | १३ | २० | २२४ | १९१ | ४१५ |
| ४ | ८५ | ७४ | १५९ | ९४ | ११७ | २११ | ९ | ११ | २० | १८८ | २०२ | ३९० |
| ५ | ८२ | ७५ | १५७ | ९३ | ९६ | १८९ | ८ | ४ | १२ | १८३ | १७५ | ३५८ |
| ६ | ९२ | ७६ | १६८ | १०७ | ९१ | १९८ | ९ | ९ | १८ | २०८ | १७६ | ३८४ |
| ७ | ७७ | ७४ | १५१ | १०४ | ११८ | २२२ | ४ | ४ | ८ | १८५ | १९६ | ३८१ |
| ८ | ७९ | ८६ | १६५ | १४९ | १३० | २७९ | ११ | १० | २१ | २३९ | २२६ | ४६५ |
| **जम्मा** | **८६१** | **७७३** | **१६३४** | **१०७६** | **१०२७** | **२१०३** | **९०** | **९५** | **१८५** | **२०२७** | **१८९५** | **३९२२** |

स्रोतः मालिका गाउँपालिका-**EMIS Report,**२०८०

तालिका नं.११ माध्यमिक तह ९-१२ सम्ममा अध्ययन गर्ने बालबालिकाहरूको विवरण

| कक्षा | दलित | | | जनजाती | | | बाहुन/क्षेत्री | | | कुलजम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| ९ | ६३ | ७६ | १३९ | १२५ | १३२ | २५७ | ११ | ११ | २२ | १९९ | २१९ | ४१८ |
| १० | ५७ | ४२ | ९९ | ९८ | ९८ | १९६ | १२ | १० | २२ | १६७ | १५० | ३१७ |
| ११ | १८ | १८ | ३६ | २८ | ३३ | ६१ | ३ | ७ | १० | ४९ | ५८ | १०७ |
| १२ | १७ | ३५ | ५२ | ५४ | ५२ | १०६ | ५ | ८ | १३ | ७६ | ९५ | १७० |
| जम्मा | १५५ | १७१ | ३२६ | ३०५ | ३१५ | ६२० | ३१ | ३६ | ६७ | ४९१ | ५२२ | १०१३ |

स्रोतः मालिका गाउँपालिका-**EMIS Report,**२०८०

घ. तहगत शिक्षक दरबन्दी विवरण

तालिका नं.१२ मालिका गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा कार्यरत शिक्षकहरूको विवरण

| क्र.सं. | तह | अस्थायी/करार | स्थायी | राहत | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | बालविकास केन्द्र | ४० | ० | ० | ४० | |
| २. | प्राथमिक | १९ | ६९ | ३५ | १२३ | |
| ३. | निम्न माध्यमिक | १६ | ९ | १० | ३५ | |
| ४. | माध्यमिक | १५ | १४ | ४ | ३३ | |
| ५. | का.स. तथा लेखा सहायक | ४७ | ० | ० | ४७ | |
| | **जम्मा** | १३७ | ९२ | ४९ | २७८ | |

स्रोतः मालिका गाउँपालिका, शिक्षा युवा तथा खेलकुद शाखा

## ङ. पालिकाको शैक्षिक सूचक र वर्तमान अवस्था

### तालिका नं.१३मालिका गाउँपालिकाकाको शैक्षिक सूचकहरूको विवरण

| क.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर* (%) | स्थानीय | ११६.० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | १००.७ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ९९.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर* (%) | स्थानीय | ९८.० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ७९.० | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ७०.६ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | १०० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ८२.२ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ७६.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ६४.१ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्यास प्रतिवेदन |
| | | प्रदेश | ९४.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ९५.७ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | ११२.० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ११३.१ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ११५.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्नादर* (%) | स्थानीय | ९६.९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ९५.४ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ९५.६ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्नादर* (%) | स्थानीय | १२०.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ११७.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | १२४.८ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९१.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ८७.३ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ८८.४ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८९.४ | फ्ल्यास प्रतिवेदन, २०८० | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.७ | आधारभूत तहमा(प्राथमिक कक्षा १-५)मा भर्ना ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | १६.६ | फ्ल्यास प्रतिवेदन, २०८० | |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.८ | आधारभूत तह (कक्षा १-५) कुल भर्नादरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | १.०६ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्नादर* (%) | स्थानीय | ९५.६ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ९५.१ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ९५.२ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.१० | आधारभूत तह (कक्षा १-८) मा कुल भर्नादर (%) | स्थानीय | ११६.४ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ११९.० | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | १२१.६ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८३.९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ८४.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.१२ | आधारभूत तहको कक्षा १मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर*(%) | स्थानीय | ९३.१ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली २०८० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ८४.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ८६.३ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.१३ | आधारभूत तह ( कक्षा१-८) कुल भर्नादरमा लैङ्गिक समता सूचक* | स्थानीय | १.०६ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ०.९९ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | १.०० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| २.१३ | विद्यालय आधारभूत | स्थानीय | २.८ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |

| क्र.सं. | सूचक | तह | आधार वर्ष २०८१ | सूचकको स्रोत | का.स. सूचनाको स्रोत |
|---|---|---|---|---|---|
| | बाहिर रहेका बालबालिका*(%) तह( कक्षा १-५) | प्रदेश | ५.१ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ४.३ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | आधारभूत तह( कक्षा६-८) | स्थानीय | २.७ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ४.९ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ४.८ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| २.१४ | आधारभूत तह (कक्षा १-८) अध्ययनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | स्थानीय | ४२.०३ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |
| ३. | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्नादर* (%) | स्थानीय | ८१.७ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ५८.८ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ५६.८ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्नादर* (%) | स्थानीय | १०३.६ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ८६.० | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ८३.८ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| ३.३ | माध्यमिक तहमा कुल भर्नादरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.४१ | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | ०.९६ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| | | राष्ट्रिय | ०.९६ | फ्ल्यास प्रतिवेदन, २०८० | फ्ल्यास प्रतिवेदन |
| ३.४ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | १२.९० | शैक्षिक सूचना व्यवस्थापन प्रणाली, २०८१ | फ्ल्यास प्रतिवेदन |
| | | प्रदेश | | | |
| | | राष्ट्रिय | | | |

## १.९ मालिकाको विद्यालय शिक्षाका मुख्य समस्या तथा चुनौती

सबैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न नसकिनु, विद्यालय भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्न नसकिनु, अपेक्षित रूपमा सिकाइ उपलब्धि हासिल हुन नसक्नु, तहगत र विषयगत रूपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसकिनु, प्राविधिक धारलाई विद्यालय शिक्षाको मूलधारको रूपमा विकास गर्न नसकिनु, शिक्षा सम्बन्धी अधिकार कार्यान्वयनको लागि प्रयाप्त स्रोतको व्यवस्था हुन नसक्नु, तोकिएको शैक्षिक सत्रमा तह पार गर्नेको सङ्ख्या कम हुनु, पठन संस्कृतिको विकास तथा जीवन पर्यन्त सिकाइका लागि सार्वजनिक पुस्तकालय प्रणालीको विकास नहुनु, शिक्षा क्षेत्रका सबै तहमा सुशासनको

प्रत्याभूति हुन नसक्नु, अभिभावक शिक्षामा कमि, बालविबाह न्युनिकरण हुन नसक्नु जस्ता विषयहरू विद्यालय शिक्षाका प्रमुख समस्याका रूपमा रहेका छन्। विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा देखिएका समस्याहरू निम्नानुसार पहिचान गरीएको छ :

**क. समस्याहरू**

**नीतिगत तथा कानुनी समस्याः-**

- संघीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नीतिगत र कानुनी अन्योलतामा कायम भई कार्यमा अन्यौलता हुनु,
- अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ को पूर्ण कार्यान्वयन गर्न नसक्नु,
- विद्यार्थी सङ्ख्या ज्यादै न्यून रहेका विद्यालयहरु समायोजन र तह घटाउने कार्य हुन नसक्नु,
- संघीय तथा स्थानीय सरकारबाट शिक्षामा पर्याप्त लगानी नहुनु ।

**भौतिक संरचनागत समस्याः-**

- विद्यालयहरूको भौतिक संरचना (भवन, खेलमैदान, फर्निचर, पुस्तकालय, शौचालय, खानेपानी, घेराबार आदि) पुर्ण नहुनु ।

**सिकाइ सहजीकरण सम्बन्धी समस्याः-**

- उपचारात्मक शिक्षणको प्रयोग नहुनु,
- विद्यार्थी केन्द्रित शिक्षण विधि तथा कार्याकलापको पूर्ण प्रयोग गर्न नसक्नु,
- आधुनिक सूचना तथा संञ्चार प्रविधि (**ICT**) को प्रयोग हुन नसक्नु ।

**मूल्याङ्कन सम्बन्धी समस्याः-**

- विद्यालयमा पुरस्कार र दण्ड सजायको उचित प्रवन्ध नहुनु,
- विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु,
- एउटै मात्र विद्यार्थी मूल्याङ्कनको साधन लिखित परीक्षालाई मात्र प्रयोग गरीनु,
- योग्यता पुगेको र बर्तमान शिक्षा नियमावलीले तोके अनुसारको प्रधानाध्यापक नियुक्त नहुनु,
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु,
- समय सापेक्ष तालिम तथा अभिमुखिकरणको अभाब हुनु।

**व्यावहारिक तथा आचरणगत समस्याः-**

- सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु,
- सामुदायिक विद्यालयका शिक्षकहरूको पेशाप्रतिको लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणाको कमी,
- शिक्षकहरूले तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षा शिक्षणमा कम प्रयोग हुनु ।

**पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धी समस्याः-**

- स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग हुन नसक्नु,
- सिकाइ सहजीकरणमा पाठ्यक्रम र शिक्षक निर्देशिकाको कम प्रयोग हुनु,
- परिवर्तित पाठ्यक्रमलाई प्रबोधीकरण गर्ने कार्य हुन नसक्नु,

मालिका गाउँपालिका-म्याग्दी

- विद्यालयमा उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ।

**शिक्षकको पेशागत विकास समबन्धी समस्याः-**

- विज्ञान र गणित विषयका शिक्षकहरूको अभाव रहनु,
- शिक्षकको वृत्तिविकास समय सापेक्ष नहुनु,
- शिक्षण पेशा रोजाइको पेशा हुन नसक्नु,
- कतिपय माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दीको अभाव,
- शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु,

**सुशासन तथा उत्तरदायित्व समबन्धी समस्याः-**

- शैक्षिक सुशासन कायम हुन नसक्नु,
- विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र जिम्मेवारी लिन नसक्नु ,
- विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ।

**शाखागत सेवा प्रवाह तथा अनुगमन सम्बन्धी समस्याः-**

- प्रशासनिक कार्य बोझले विद्यालय अनुगमन तथा सुपरिवेक्षण नियमित रुपमा गर्न नसक्नु,
- शैक्षिक अनुगमन, निरिक्षण तथा कार्यक्रम व्यवस्थापनको लागि बजेटको न्यूनता,
- दुर्गम क्षेत्रमा विषयविज्ञ मार्फत अनुगमन गर्नका लागि मा.वि. विषयगत शिक्षकको कमी,
- विद्यालय सङ्ख्याको आधारमा शैक्षिक मानव जनशक्तिको कमी ।

**विविध समस्याहरुः-**

- विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु,
- कक्षा १-५चलेको विद्यालयमा तीनजना शिक्षकको व्यवस्थाका कारण प्रभावकारी शिक्षण हुन नसक्नु,
- सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा उचित वातावरण नहुनु,
- प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने भएकोले विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासन फितलो र प्रभावकारी नहुनु।

## ख. चुनौतिहरू

**नीतिगत तथा कानुनी चुनौतीहरुः-**

- माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु,
- जनप्रतिनिधि र राष्ट्रसेवक शिक्षक कर्मचारीको सन्ततीहरु सामुदायिक विद्यालयमा भर्ना गर्नु,
- विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु,
- शिक्षक सेवालाइ तुलनात्मक रुपमा आकर्षक बनाउन नसकिनु,
- नक्साङ्कनको आधारमा विद्यालय स्थापना समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिता सुनिश्चित गर्न नसकिनु,
- संघ, प्रदेश र स्थानिय ऐन विच समन्वय नहुनु,
- आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क एवम् माध्यमिक तहको शिक्षालाई निःशुल्क र गुणस्तरीय शिक्षा प्रदान गर्न क्षमता विकास गर्ने ।

मालिका गाउँपालिका ।

**भौतिक संरचनागत चुनौतीहरुः-**

- विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु,
- उपयुक्त भौतिक पूर्वाधार विद्यालय भवन शौचालय खेल मैदान छात्रावास आदिको विकास गर्नु ।

**सिकाइ सहजीकरण सम्बन्धी चुनौतीहरुः-**

- शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक बालमैत्री एवम् प्रविधिमा आधारित बनाउनु,
- सूचना तथा सञ्चार प्रविधिले ल्याएका विविध अवसरहरूको सदुपयोग गर्नु,
- सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र प्रभावकारी ढंगले प्रयोग गर्नु,
- सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री र अपाङ्गमैत्री बनाउनु।

**शिक्षकको पेशागत विकास सम्बन्धी चुनौतीहरुः-**

- शिक्षक तथा शिक्षाक्षेत्रको जनशक्तिमा पेशागत विकास तथा जवाफदेहिता सुनिश्चित गर्नु,
- मागमा आधारित तालिम व्यवस्थापन गर्नु ।

**सुशासन तथा उत्तरदायित्व सम्बन्धी चुनौतीहरुः-**

- शिक्षा प्रणालीमा शैक्षिक सुशासन कायम गर्नु,
- विद्यालय नेतृत्वको भूमिका सबलीकरण गर्नु,
- शैक्षिक सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्नु,
- समन्यायिकता गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु ।

**शाखागत सेवा प्रवाह तथा अनुगमन सम्बन्धी चुनौतीहरुः-**

- नियमित रुपमा विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्नु,
- शैक्षिक कार्यक्रम तथा व्यवस्थापनको लागि पर्याप्त बजेटको सुनिश्चित गर्नु,
- तहगत र विषयगत रुपमा शिक्षकको उपलब्धता हुन नसक्नु ,
- पर्याप्त मात्रामा विषयगत शिक्षक एवम्म शैक्षिक जनशक्तिको सुनिश्चित गर्नु,

**विविध चुनौतीहरुः-**

- शैक्षिक सुधारका लागि सरोकारवालाहरूबिच अपनत्व सिर्जना गर्नु,
- सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि गर्नु,
- सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा हुनु,
- न्युन विद्यार्थी र न्युन शिक्षक बाट विद्यालय सञ्चालन गर्नु,
- विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भर्ना गर्नु,
- कक्षा छाड्ने दर शुन्यमा झार्नु अपेक्षित सिकाइ उपलब्धि प्राप्ती गर्नु,
- सार्वजनिक शिक्षामा सबै नागरीकको विश्वास जगाउने वातावरण सिर्जना गर्नु,
- प्रदेश स्तरिय विद्यालय लक्षित योजना तथा कार्यक्रम कार्यान्वयन गर्नु,
- विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील बनाउनु,
- बालबालिकाको पोषण अवस्था तथा स्वास्थ्यमा सुधार गर्नु,
- बालबालिकाहरूको पोषण विद्यालय दिवा खाजा लगायत सरसफाई तथा स्वच्छता आधारभुत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालय मार्फत प्रदान गर्नु,

मालिका गाउँपालिका-म्याग्दी

- गरीब तथा सुविधाविहीन बालबालिकाहरूलाई छात्रवृत्ति लगायत अन्य सहायता सहित सिकाइमा सहभागी बनाउनु,
- बाल विबाह, लागु पदार्थ दुर्व्यसनि सम्बन्धि सामाजिक समस्या हुनु,
- विद्यालयमा हुने सबैप्रकारका विभेदहरूको अन्त्य गरी समावेशी र समतामूलक वातावरण सिर्जना गर्नु,
- साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइको अवसरमा वृद्धि गर्न र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्नु तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु आदि ।

### १.१० मालिकाको विद्यालय शिक्षाका अवसरहरू

- शिक्षालाई मौलिक हकको रूपमा स्थापित भई निःशुल्क र अनिवार्य भएको आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकारभित्र रहनु,
- विद्यालय तहको शिक्षामा खुद भर्नादर र लैंगिक समता सूचकाङ्कहरूमा पर्याप्त सुधार हुनु,
- समावेशी सहभागितामा वृद्धि हुनु,
- सार्वजनिक विद्यालयप्रति जनअपेक्षा र चासो बढ्दै जानु,
- माध्यमिक र आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकार भएतापनि प्रादेशिक सरकार र संघीय सरकार समेतको उत्तिकै चासो हुनु,
- तीनै तहका सरकारको आपसी सहयोग र साझेदारीमा लगानी वृद्धि हुनु,
- शैक्षिक व्यवस्थापन र सुधारमा तीनै तहका सरकारबाट शैक्षिक सेवा प्रवाह हुने अवसर प्राप्त हुनु,
- शैक्षिक व्यवस्थापन योजना निर्माण कार्यान्वयन अनुगमन र व्यवस्थापन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था हुनु यसक्षेत्रका मुख्य अवसरहरू हुनु।
- गाउँपालिका भित्रका विद्यालयहरुमा विभिन्न गैर सरकारी संस्थाहरु (संगम म्याग्दी, कदम म्याग्दी, GNI, GWT, NEWAH, LEARN, पहार ट्रस, GGP, Lions Club,etc.) ले विद्यालयको भौतिक संरचना निर्माण, शैक्षिक सामाग्री वितरण, स्वच्छ पिउने पानी, छात्रवृत्ति वितरण, विद्यार्थीहरुको स्वास्थ्य जाँच परिक्षण जस्ता क्षेत्रमा कृयाशिल रहि निरन्तर रुपमा कार्य गर्दै आउनु ।

मालिका गाउँपालिका-म्याग्दी ।

## परिच्छेद २- दुरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

### २.१ परिचय

दीर्घकालीन सोच सामान्यतः आवधिक योजना अवधि भित्र प्राप्त हुने अवस्था मात्र नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाका रुपमा उल्लेख गरीएका हुन्छन।नेपाल सरकारले दीर्घकालीन सोचको रुपमा "समृद्ध नेपाल, सुखी नेपाली" निर्धारण गरेको छ । गण्डकी प्रदेशको दीर्घकालीन सोच "समृद्ध प्रदेश, सुखी प्रदेशवासी" रहेको छ ।सोहौं पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०८१/८२-०८५/८६) को "सुशासन,सामाजिक न्याय र समृद्धि" सोचको रूपमा उल्लेख रहेको छ भने राष्ट्रिय शिक्षा नीति २०७६ मा

" शिक्षित, सभ्य, स्वस्थ र सक्षम जनशक्तिः सामाजिक न्याय, रूपानान्तरण र समृद्धि",सङ्घको शिक्षा क्षेत्र योजनामा दीर्घकालीन सोचलाई "आर्थिक तथा सामाजिक रुपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकास सहित नेपाललाई समृद्ध र नेपालीलाई सुखी बनाउन योगदान गर्ने" तय गरीएको छ ।माथि उल्लेखित दीर्घकालिन सोच **( Vision)** विभिन्न तह र क्षेत्रले तय गरेका दीर्घकालीन सोचलाई पालिका स्तरको शिक्षा क्षेत्रको योजना निर्माणको परिच्छेद १ मा उल्लेख गरीएका गाउँपालिका भित्रको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरीएका मुख्य चुनौति तथा अवसर र सम्भावनाहरूलाई समेत मध्यनजर गरी मालिका गाउँपालकिाको पञ्च बर्षीय शिक्षा क्षेत्र योजनाले समेत निम्न अनुसारको दीर्घकालिन सोच र गन्तव्य तय गरेको छ ।

## २.२ दीर्घकालीन सोच

**"मालिका गाउँपालिकाको विकासमा इच्छा,**
**सिपमुलक, प्रविधिमैत्री तथा गुणस्तरीय शिक्षा"**

## २.३ ध्येय

आगामी ५ वर्ष भित्र मालिका गाउँपालिका भित्रका विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय तहको शिक्षामा पहुँच सुनिश्चित गर्दै वैज्ञानिक युगको आवश्यकतालाई सम्बोधन तथा स्थानीय राष्ट्रिय र अन्तर्राष्ट्रिय अवसरलाई यथोचित उपयोग गर्न सक्ने गुणस्तरीय तथा प्राविधिक, सिपमुलक शिक्षा प्रदानमा जोड दिने ।

## २.४ उद्देश्यहरू

गाउँपालिकाको शिक्षा क्षेत्र योजनाका उद्देश्य निर्धारण गर्दा गाउँपालिकाले सामना गर्नु परेका समस्या तथा चुनौतिहरूलाई सम्बोधन हुने गरी तयार गरीएको छ । सामान्यतया शिक्षा क्षेत्रका अधिकांश समस्या तथा चुनौतिहरू एक अर्को गाउँपालिका, प्रदेश र राष्ट्रिय स्तर र संघीय सरकारका एकै प्रकारका हुन सक्छन । त्यस कारण शैक्षिक परिवर्तन ल्याउन तयार गरीएका शिक्षाका उद्देश्य समेत संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहका समेत मिल्दाजुल्दा हुने भएकोले यस मालिका गाउँपालकिाको ५ बर्षे शिक्षा योजनाको उद्देश्य निम्न अनुसार निर्धारण गरीएको छ ।

१. सबै बालबालिकाहरूका लागि गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको अवसर सुनिश्चित गर्नु,
२. गाउँपालिकाभित्र अनिवार्य तथा निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर अभिवृद्धि गर्नु,
३. अनौपचारिक शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षामा सबै वर्गका बालबालिकाहरूको पहुँच सुनिश्चित गरी अनौपचारिकतथा प्राविधिक शिक्षाको सहज अवसर उपलब्ध गराउनु,
४. शैक्षिक संस्थाहरूमा बालमैत्री, लैङ्गिकमैत्री र अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरी समावेशी सिकाइ मैत्री वातावरणमा सुधार गर्नु,
५. राष्ट्रिय पाठ्यक्रम प्रारुपले तोकेबमोजिम पालिकास्तरमा स्थानीय पाठ्यक्रमको कार्यान्वयन मार्फत स्थानीय मूल्य मान्यता प्रविधि र सिप समेतको प्रबर्धन गर्नु,

मालिका गाउँपालिका म्याग्दी ।

६. सबै विद्यालयहरूमा शैक्षिक सुशासनको प्रवर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु,
७. गाउँपालिकाभित्र सबै विद्यालयहरूमा आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु,
८. विषयगत तथा कक्षागत रूपमा शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,
९. निरन्तर शिक्षक पेशागत सहयोग तथा विकासका लागि शिक्षकहरूलाई आवश्यकताका आधारमा शिक्षक पेशागत सहयोग प्रणाली प्रभावकारी रुपमा स्थापना गर्नु,
१०. सिकाइ सहजीकरणमा गुणस्तरीयता र सहजताका निमित्त पर्याप्त शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको विकास, निर्माण, उत्पादन र वितरणमा स्रोत व्यवस्थापन र परिचालन गर्नु,
११. आधारभूत तहमा पठन सिप विकासका लागि स्थानीय निकाय, शिक्षा सरोकारवाला, समुदाय तथा अभिभावकहरूको क्षमतामा अभिबृद्धिगर्नु,
१२. विद्यालय शिक्षाको गुणस्तर सुधार गर्नप्र भावकारी अनुगमन तथा मुल्याङ्कन प्रणालीको विकास गर्नु ।

## २.५ रणनीतिहरू

यस शिक्षा योजनाको उद्देश्य पुरा गर्नको लागि तपसिल बमोजिमका रणनीतिहरू अवलम्बन गरीनेछः-

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, गुणस्तर र निरन्तरता सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
२. जनप्रतिनिधि र राष्ट्रसेवक शिक्षक कर्मचारीको सन्ततीहरु सामुदायिक विद्यालयमा भर्ना गर्न अनिवार्य गरिनेछ,
३. विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी विद्यालय भर्ना गर्ने वातावरण तयार गरिनेछ ।
४. विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गरी विद्यालयमा निरन्तर टिकाउ गर्ने वातावरण तयार गरिनेछ ।
५. गाउँपालिका भित्र सञ्चालित सबै प्रारम्भिक बालबिकास केन्द्रहरूको भौतिक पूर्वाधार तथा कक्षाकोठाको वातावरण प्रारम्भिक बालविकास र शिक्षा राष्ट्रिय मापदण्डले तोकिएको मापदण्ड र ढाँचा बमोजिम निर्माण गरी स्रोतपूर्ण,बालमैत्री र सिकाइयोग्य बनाइनेछ ।
६. मालिका गाउँपालिकामा प्रारम्भिक बालविकास केन्द्र नरहेका ५ ओटा सामुदायिक विद्यालयहरूमा अनिवार्य रुपमा बालविकास केन्द्रको स्थापना गर्ने तथा तोकिएको मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन गरिनेछ ।
७. आधारभूत तहका सबै कक्षाहरूमा स्थानीय पाठ्यक्रम निर्माण गरी सो बमोजिमका समय सान्दर्भिक पाठ्यपुस्तक लगायत सन्दर्भ सामग्रीको यथोचित प्रबन्ध गरिनेछ ।
८. **"समृद्ध र सुशासन युक्त मालिका गाउँपालिका"**को नारालाई सफल बनाउन अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनको लागि संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय गरी उत्तरदायित्व बहन गर्ने प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

मालिका गाउँपालिका-म्याग्दी ।

९. सबै शिक्षकहरूलाई एकीकृत पाठ्यक्रम, अक्षराङ्कन पद्धति तथा मूल्याङ्कन प्रणालीबारेमा अभिमुखीकरण गरी प्रशिक्षित गरीने छ ।

१०. शिक्षकहरूलाई पेशागत हिसाबले सक्षम बनाइनुका साथै पूर्ण तयारीका साथ कक्षाकोठामा प्रवेश गर्ने वातावरण निर्माण गरिनेछ ।

११. शिक्षकको पेशागत विकास गर्न आवश्यकताका आधारमा शिक्षकहरूको क्षमता विकासमा सहयोग गर्न विज्ञ समूह परिचालन गर्ने प्रबन्ध गरिनेछ।

१२. विद्यार्थीको सिकाइ सक्षमता अभिवृद्धि गर्नका लागि सिकाइ सुधार योजना निर्माण गरी सो अनुसार शिक्षण गतिविधिहरू कार्यान्वयन गरिनेछ।

१३. विद्यालय छोड्ने दर र कक्षा दोहऱ्याउने दरलाई कम गर्न विद्यार्थीहरूलाई प्रोत्साहनका कार्यक्रमहरूको प्रबन्ध गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१४. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास तथा अनुगमन एवम् मूल्याङ्कन संयन्त्रको विकास गरिनेछ ।

१५. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई तथ्याङ्कको आधारमा विद्यालयका योजना तयार गर्ने प्रणालीको विकास गरिनेछ ।

१६. गाउँपालिकाका शिक्षालयहरूमा आधुनिक सूचना प्रविधि र उपकरणका साथ स्रोतपूर्ण बनाई सबैको पहुँचयोग्य र समावेशी बनाइनेछ ।

१७. बालबालिकाको सिकाइ अभिवृद्धि गर्न शिक्षण सिकाइलाई सूचना प्रविधि र उपकरणको प्रयोग गर्ने प्रबन्ध गरिनेछ ।

१८. गाउँपालिकाका शिक्षालयका भौतिक पूर्वाधार निर्माण गर्दा भवन संहिताको मापदण्ड अनुसार निर्माण गर्ने प्रबन्ध गरिनेछ ।

१९. भौतिक पूर्वाधारका संरचना तयार गर्दा अपाङ्गमैत्री, बालमैत्री मापदण्ड अनुसार निर्माण गर्ने प्रबन्ध गरिनेछ ।

२०. सबै बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी कार्य सीमितताका आधारमा वैयक्तिक सिकाइ योजना तयार गरी शिक्षण क्रियाकलाप गर्ने वातावरणको प्रबन्ध गरिनेछ ।

२१. अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सिपलाई आयमूलक कार्यक्रम सँग आबद्ध गरी जीवन पर्यन्त सिकाइ सुनिश्चितता गरिनेछ ।

२२. विद्यार्थीको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसलाई नतिजामुखी बनाइनेछ ।

२३. नमुना विद्यालय अध्ययन अवलोकन भ्रमण गरी असल अभ्यास आदान-प्रदान गरिनेछ ।

## २.६ कार्यनीति

यस योजनाको लक्ष्य, उद्देश्य, रणनीति हासिल गर्नको लागि देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछन् ।

१. सबै प्रारम्भिक बालविकास कक्षामा न्यूनतम मापदण्ड बमोजिमका पूर्वाधारहरू तयार गरिनेछ ।

मालिका गाउँपालिका

२. जनप्रतिनिधि र राष्ट्रसेवक शिक्षक कर्मचारीको सन्ततीहरु सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गरिनेछ।
३. प्रारम्भिक बालविकास र शिक्षाका शिक्षकहरूको क्षमता विकास गर्न आधारभूत तालिम प्रदान गरिनेछ ।
४. सबै प्रारम्भिक बालविकास र कक्षाकोठामा बालबालिका अनुकुल बाह्य खेल सामग्री, सिकाइ र खेल सामग्रीको व्यवस्था गरिनेछ ।
५. प्रारम्भिक सिकाइ र विकास मापदण्ड (**Early Learning and Development standards**) अनुसार सबै बालबालिकाहरूको प्रगति प्रतिवेदन तयार गरी सो अनुसार सिकाइका क्रियाकलापहरू सञ्चालन गरिनेछ ।
६. प्रारम्भिक बालविकास र शिक्षामा अभिभावकहरूको जबाफदेहिता बढाउन अभिभावकको सहभागितामा अभिभावक शिक्षा सञ्चालन गरिनेछ ।
७. प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकाहरूको प्रारम्भिक पहिचान गरी कार्यगत सीमितताका आधारमा सिकाइ योजना तयार गरी सिकाइमा सहयोग गरिनेछ ।
८. प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन गरी पुन वितरण गरिनेछ ।
९. विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी विद्यालयमा निरन्तरता गर्न आवश्यक सहयोग गरिनेछ ।
१०. लक्षित समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति, स्टेशनरी र आवश्यक सामग्रीको व्यवस्था गरिनेछ ।
११. स्थानिय उत्पादनलाई प्रोत्साहन गरी दिवा खाजाको प्रभावकारी व्यवस्थापन गरिनेछ ।
१२. आधारभूत तह सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरिनेछ ।
१३. आधारभूत तहको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक निर्माण गरी सबै बालबालिकालाई वितरण गरिनेछ ।
१४. स्थानीय पाठ्यक्रम कार्यान्वयन गर्न सबै विद्यालयहरूमा आवश्यक सन्दर्भ सामग्रीको व्यवस्था गरिनेछ ।
१५. सबै शिक्षकहरूलाई एकीकृत पाठ्यक्रमको तालिम प्रदान गरिनेछ ।
१६. विद्यालयका भौतिक पूर्वाधारलाई बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र प्रविधिमैत्री अनुसार व्यवस्थापन गरिनेछ ।
१७. विद्यालयमा अभिभावकको अनुगमनका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ ।
१८. विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक सङ्घका पदाधिकारीहरूको क्षमता विकास गर्ने क्रियाकलाप सञ्चालन गरिनेछ
१९. आपतकालिन तथा संकटपुर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गरिनेछ ।
२०. गाउँपालिका भरिका विद्यालयहरुमा खेलकुद, स्वास्थ्य, संगित, कम्प्युटर शिक्षकको प्रवन्धको लागि तालिम सञ्चालन गरिनेछ।
२१. विधार्थीहरुमा अन्तरनिहित क्षमताको विकास गर्न विभिन्न प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

यस गाउँ शिक्षा योजनाको अन्त्य (२०८५/०८६) सम्ममा देहाय बमोजिमका उपलब्धि प्राप्त हुने अपेक्षा गरीएको छ :

१. गाउँपालिका भित्रका सबै बालबालिकाहरूलाई सुविधा सम्पन्न कक्षाकोठामा गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने।
२. जनप्रतिनिधि र राष्ट्रसेवक शिक्षक कर्मचारीको सन्ततीहरु सामुदायिक विद्यालयमा अनिवार्य भर्ना भएका हुनेछन।
३. अनिवार्य तथा निःशुल्क शिक्षामा सबै बालबालिकाको पहुँच स्थापित र सहभागिता सुनिश्चित भएको हुने।
४. निःशुल्क माध्यमिक शिक्षाको अवसर प्राप्त भई शिक्षामा सूचना प्रविधिसहितको शिक्षण, पहुँच र सहभागिता सुनिश्चित गराइ शिक्षामा सुधार,सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।
५. शिक्षाका सबै निकायहरूमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति सरोकारवालाहरू उत्तरदायी हुने प्रणालीको विकास हुने ।
६. गाउँपालिकाभित्र सबै तहका शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।
७. गाउँपालिका भित्र सञ्चालित सबै बालबिकास केन्द्रहरूको भौतिक पूर्वाधार तथा कक्षाकोठाको वातावरण तोकिएको मापदण्ड र ढाँचा बमोजिम निर्माण भई स्रोतपूर्ण, बालमैत्री र सिकाइ योग्य बन्ने।
८. शिक्षा विकासका लागि आवश्यक जनशक्ति लगायतका अन्य उपलब्ध स्रोत र साधनहरूको पुनर्वितरण भई सबैलाई समतामूलक न्याय प्राप्त हुने ।
९. गाउँपालिका भित्रका सबै विद्यालयका भौतिक पूर्वाधारहरू बालमैत्री, अपाङ्गमैत्री र सिकाइमैत्री बन्ने ।
१०. सबै बालबालिकाहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइ अभिवृद्धिमा सहयोग हुने ।
११. सहज र अप्ठ्यारो तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुने,
१२. आधारभूत तहका सबै कक्षाहरूमा स्थानीय पाठ्यक्रम निर्माण भई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने ।
१३. योग्य, सक्षम, प्रविधिमा निपुणतामा राख्ने स्वउत्प्रेरित शिक्षकको व्यवस्थापन भई विद्यार्थीको सिकाइमा सुधार हुने ।
१४. पाठ्यक्रमले निर्दिष्ट गरे बमोजिमका सिकाइ सक्षमता तथा व्यवहार कुशल सिप (Soft Skills) बालबालिकाहरूमा हासिल भएको हुने ।
१५. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास भई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।

मालिका गाउँपालिका

१६. नयाँ एकीकृत पाठ्यक्रम, अक्षराङ्कन पद्धति तथा मूल्याङ्कन प्रणालीको बारेमा सबै शिक्षकहरू प्रशिक्षित भएको हुने ।

१७. गाउँपालिका स्तरीय परीक्षाका लागि एक प्रकारका स्तरयुक्त प्रश्नपत्रको निर्माण तथा प्रयोग हुनुका साथै परीक्षा एवम् मूल्याङ्कन प्रणालीमा गुणस्तरीयता प्राप्त हुने।

१८. विद्यालयको नेतृत्व प्रणालीमा सुधार, प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकासबाट विद्यालयमा सुशासन प्रवर्द्धन भएको हुने ।

१९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ र नतिजामुखी भएको हुने।

२०. सामुदायिक सिकाइ केन्द्रहरू प्रभावकारी व्यवस्थापन भई जीवनोपयोगी सिपको प्रवर्द्धनका लागि यी निकायहरू सबल भएको हुने ।

२१. शिक्षण सिकाइ क्रियाकलापमा आधुनिक सूचना प्रविधिको प्रयोग भई शिक्षणमा प्रभावकारिता, समय सान्दर्भिकता र गुणस्तरीयता कायम भएको हुने ।

२२. आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने ।

२३. गाउँपालिकाभरिका विद्यालयहरूमा खेलकुद, स्वास्थ्य शिक्षकको प्रबन्ध, ल्याब, लाईब्रेरी लगायतका संरचना स्थापना भई गुणस्तरीय शिक्षा प्रदान गर्नमा सहयोग पुग्ने ।

## २.८ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

यस योजनामा उल्लेखित दुरदृष्टि, ध्येय तथा उद्देश्यहरूलाई परिपूर्ति गर्नका लागि निर्धारित अवधिमा प्राप्त हुने गरी देहायबमोजिमका मुख्य कार्यसम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निर्धारण गरीएका छन् ।

**मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य**

| क सं | सूचकहरू | आधार वर्षको अवस्था | | यो योजनाको लक्ष्य |
|---|---|---|---|---|
| | | राष्ट्रिय | गाउँपालिका | |
| **१. प्रारम्भिक बालविकास तथा शिक्षा** | | | | |
| १.१ | कुल भर्नादर (**GER**) | ९९.९ | ११६.०० | १०७.० |
| १.२ | खुद भर्नादर (NER) | ७०.६ | ९८.० | १००.० |
| १.३ | चार वर्षका बालबालिकाको भर्ना अनुपात | | १.२० | १.०० |
| १.४ | न्यूनतम योग्यता पुगेका शिक्षकको प्रतिशत | १००.०० | १००.०० | १००.०० |
| १.५ | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | १००.०० | १००.०० | १००.० |
| १.६ | कक्षा १ को नवप्रवेशकी मध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ७६.९ | १०० | १००.० |
| १.७ | प्रारम्भिक बालविकास र शिक्षा राष्ट्रिय मापदण्ड अनुसार पुरा भएका बालविकास | १००.०० | १००.०० | १००.०० |

| क सं | सूचकहरू | आधार वर्षको अवस्था | | यो योजनाको लक्ष्य |
|---|---|---|---|---|
| | | राष्ट्रिय | गाउँपालिका | |
| | केन्द्र | | | |
| २. आधारभूत शिक्षा | | | | |
| २.१ | कक्षा १ मा कुल प्रवेश दर (**GIR**) | ११५.९ | १००.०० | १००.०० |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (**NIR**) | ९५.७ | ९३.९ | १००.०० |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर(**GER**) | १२४.८ | १२०.७ | १०७.०० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर(**NER**) | ९५.६ | ९६.९ | १००.०० |
| २.५ | कक्षा १-५ को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | | ३.० | ३.६ |
| २.६ | कक्षा १-८ को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | | ३.२ | ३.६ |
| २.७ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | | ५.९ | २.५ |
| २.८ | कक्षा ६-८ को कक्षा दोहोऱ्याउने दर | | ३.४ | २.० |
| २.९ | कक्षा १-५ को कक्षा छाड्ने दर | ० | २.० | ० |
| २.१० | कक्षा ६-८ को कक्षा छाड्ने दर | ० | २.७ | ० |
| २.११ | कक्षा १-८ मा कुल भर्नादर (**GER**) | १२१.६ | ११३.५ | १००.०० |
| २.१२ | कक्षा १-८ मा खुद भर्नादर (**NER**) | ९५.२ | ९५.८ | ९८.०० |
| २.१३ | कक्षा १-८ मा खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क (**GPI**) | १.०० | १.०६ | १.०६ |
| २.१४ | कक्षा १-५ को तह पुरा गर्ने दर | | ८९.४ | ९८.०० |
| २.१५ | कक्षा ८ मा टिकाउ दर (**Survival Rate**) | ८५.० | ८३.९ | ९५.०० |
| २.१६ | आधारभूत शिक्षा(कक्षा ६-८)को तह पुरा गर्ने दर | | ९३.१ | ८०.०० |
| ३. माध्यमिक शिक्षा | | | | |
| ३.१ | कुल भर्नादर कक्षा ९-१० (**GER**) | ९८.७ | १०५.८ | १०२.०० |
| ३.२ | खुद भर्नादर कक्षा ९-१० (**NER**) | ७६.५ | ९३ | ९८.०० |
| ३.३ | कुल भर्नादर कक्षा ९-१२ (**GER**) | ८३.८ | १०३.९ | १०१.७ |
| ३.४ | खुद भर्नादर कक्षा ९-१२ (**NER**) | ५६.८ | ८१.७ | ८८.०० |
| ३.५ | कुल भर्नादर कक्षा ११-१२ (**GER**) | ६७.६ | ९७.० | ९९.०० |
| ३.६ | खुद भर्नादर कक्षा ११-१२ (**NER**) | ३७.१ | ७८ | ८५.०० |
| ३.७ | कक्षा १० सम्मको टिकाउ दर (**Survival Rate**) | ६९.८ | ७६.० | ९०.०० |
| ३.८ | कक्षा १२ सम्मको टिकाउ दर (**Survival** | ५६.८ | ६६.० | ७२.०० |

मालिका गाउँपालिका-म्याग्दी ।

| क सं | सूचकहरू | आधार वर्षको अवस्था | | यो योजनाको लक्ष्य |
|---|---|---|---|---|
| | | राष्ट्रिय | गाउँपालिका | |
| | **Rate**) | | | |
| ३.९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क (**GPI**) | ०.९६ | १.०३ | १.०१ |
| ४. **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | | | | |
| ४.१ | ५ वर्ष माथिको साक्षरता दर | | ७५.६३ | ९५.०० |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | | | ९५.०० |
| ४.३ | १५-६० वर्षको साक्षरता दर | | ७७.८९ | ९५.०० |
| ५. **महिला शिक्षक प्रतिशत** | | | | |
| ५.१ | आधारभूत तह | | ४२.०३ | ५०.०० |
| ५.२ | माध्यमिक तह | | १२.९० | ३०.०० |
| ६. **प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पुरा गरेका विद्यालय प्रतिशत** | | | | |
| ६.१ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | | ८५.० | १००.०० |
| ६.२ | आधारभूत विद्यालय | | ९५.० | १००.०० |
| ६.३ | माध्यमिक विद्यालय | | ९७.५ | १००.०० |
| ७. **शिक्षा क्षेत्रमा विनियोजित बजेटको प्रतिशत** | | | | |
| ८. **शिक्षामा लगानी** | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट ससर्त र समानिकरण समेत | | ३३.४५ | ४० |
| ८.२ | आधारभूत तह (कक्षा १-८ ) मा प्रति विद्यार्थी सरकारी खर्च **(रू. हजारमा)** | | ३४८६८ | ४०००० |
| ८.३ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च **(रू. हजारमा)** | | ४३५६५ | ५०००० |
| ९. **सुशासन तथा व्यवस्थापन** | | | | |
| ९.१ | कक्षा १-५ मा विद्यार्थी:शिक्षक अनुपात **(सामुदायिक विद्यालय)** | | १.२० | १.२० |
| ९.२ | कक्षा ६-८ मा विद्यार्थी:शिक्षक अनुपात **(सामुदायिक विद्यालय)** | | १.३४ | १.३५ |
| ९.३ | कक्षा १-८ मा विद्यार्थी:शिक्षक अनुपात **(सामुदायिक विद्यालय)** | | १.२३ | १.४० |
| ९.१ | कक्षा ९-१० मा विद्यार्थी:शिक्षक अनुपात **(सामुदायिक विद्यालय)** | | १.२२ | १.२२ |
| ९.४ | कक्षा ११-१२ मा विद्यार्थी:शिक्षक अनुपात | | १.५३ | १.४० |
| १०. **विद्यालय व्यवस्थापन र नियमन** | | | | |

मालिका गाउँपालिका-मस्यौदा

| क सं | सूचकहरू | आधार वर्षको अवस्था | | यो योजनाको लक्ष्य |
|---|---|---|---|---|
| | | राष्ट्रिय | गाउँपालिका | |
| १०.१ | २०५ दिन पठनपाठन भएको सुनिश्चित भएका विद्यालय | | ४४ | ४४ |

# परिच्छेद ३- शिक्षाका मुख्य उप-क्षेत्रहरू

## परिचय

मालिका गाउँपालिकाले विद्यालयको शैक्षिक सुधारका लागि निर्माण गरेको यो पञ्च वर्षीय शैक्षिक योजना हो । यस योजनामा विभिन्न उपक्षेत्रहरू निर्माण गरी योजनालाई व्यवस्थित गरीएको छ । योजनाको पहिलो परिच्छेदमा वर्तमान अवस्थाको समग्र समीक्षा गरीएको छ । समीक्षाले आवश्यकता र प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ । परिच्छेद २ मा योजनाको दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरीएको छ । यस परिच्छेद भित्रका उपक्षेत्र भित्र बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा उच्च शिक्षा, अनौपचारिक शिक्षाको पहिचान गरी चुनौती पहिचान गरीएको छ । पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास जस्ता उपक्षेत्रसँग अन्तर विषयको वर्तमान अवस्था समीक्षा गरी चुनौती पहिचान गरीएको छ ।

प्रत्येक क्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरीएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाको उद्देश्य, चुनौतीहरूको सामना गरी उद्देश्य प्राप्तिका लागि उपक्षेत्रगत रणनीतिहरू प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरीएको छ । यस खण्डमा नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण मौलिक अधिकार, निजी संरचना, शिक्षा सम्बन्धी नीति, दिगो विकासको लक्ष्य, अन्तराष्ट्रिय क्षेत्रमा शिक्षा सम्बन्धी प्रतिवद्धता, सोहौं योजनालाई समेत आधार लिने र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को संरचनालाई समेत महत्वपुर्ण आधार मानिएको छ । यसैको आधारमा यस उपक्षेत्रहरूमा वर्तमान अवस्थाको समीक्षा गरी चुनौति पहिचान गर्नुका साथै योजनाका लागि उद्देश्य, रणनीतिहरू प्रमुख नतिजा आँकलन, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरीएको छ।

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो। यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक ,मानसिक, बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ। नेपालको अनिवार्य निःशुल्क तथा शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरीने कुरा उल्लेख छ । नेपालको सोहौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिईएको सन्दर्भमा मालिका गाउँपालिकाको गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरीएको छ। यस कार्यक्रमलाई सबै बालबालिकाहरूको

पहुँचमा पुर्याउनको लागि सरकारी तथा गैह्र सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूले हातेमालो वा सहयोग हुन आवश्यक छ।बालविकास विद्यालय शिक्षाको जग हो । जबसम्म जग (आधार)बलियो हुँदैन तबसम्म शिक्षामा गुणस्तरीयता सम्भव छैन । बालबालिकाको अवस्था उनीहरूको शारीरिक र मानसिक स्वास्थ्य र उनीहरूको सिकाइको स्तरले समग्र देशको अवस्थालाई प्रतिबिम्ब गर्छ । भनिन्छ **Child shows the man as morning shows the day.**"सुनिश्चित बालअधिकार, समृद्ध नेपालको आधार" भन्ने नेपाल सरकारको मान्यता तथा दृष्टिकोण रहेको छ । अध्ययनले देखाएको छ कि बालविकास केन्द्रको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको सिकाइ सक्षमता तथा शैक्षिक गुणस्तर अनुभव बिना सिधै कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको तुलनामा राम्रो रहेको पाइएको छ ।यस योजना अवधिका लागि प्रारम्भिक बालबिकास तथा शिक्षा कार्यक्रमका वर्तमान अवस्था, उद्देश्य, नीतिहरू, कार्यक्रम कार्यान्वयनका प्रमुख नतिजा र योजनाका प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निम्नानुसार उल्लेख गरीएको छ

### ३.१.२ वर्तमान अवस्था

मालिका गाउँपालिका अन्तर्गत विद्यालयमा आधारित ४० ओटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन् । यस गाउँपालिका अन्तर्गत सबै बालविकास केन्द्रहरू विद्यालयमा आधारित रहेका छन् । हाल मालिका गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रमा ४८६ जना बालबालिकाहरू अध्ययन गरीरहेका छन् ।यस गाउँपालिकामा प्रारम्भिक बालविकास केन्द्रको कुल भर्नादर ११६.० प्रतिशत रहेको छ भने खुद भर्नादर ९८.० प्रतिशत रहेको छ । यसबाट के स्पष्ट हुन्छ भने अझै पनि २.० प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास केन्द्रमा भर्ना हुन सकेका छैनन् ।१०० प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना भएको देखिन्छ । प्रारम्भिक बालविकास र शिक्षामा बालबालिकाको लैङ्गिक समता सूचक १.१५ रहेको छ । प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत सबै शिक्षकहरू महिला रहेका छन् ।सबै बालविकास केन्द्रहरू सामुदायिक विद्यालयमा सञ्चालन रहेका छन् ।

सामुदायिक विद्यालयहरूमा बालविकास केन्द्र सहयोगी कार्यकर्ताले बालबालिकाको सिकाइमा सहजीकरण गरीरहेका छन् । भौतिक पूर्वाधार निर्माण तथा अन्य व्यवस्थापनको जिम्मा विद्यालयको रहेको छ । बालबालिकालाई दिवा खाजा कार्यक्रममा सहभागी गराई विद्यालय सञ्चालन तथा हाजिर भएको दिनका लागि दैनिक रु १५ का दरले रकम उपलब्ध गराइरहेको छ । हाल बालविकास केन्द्रको भौतिक अवस्था एवम् वातावरण अपेक्षाकृत बालमैत्री, आकर्षक र स्रोतपूर्ण बनाउन सकिएको छैन । शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रारम्भिक बालविकास र शिक्षामा गुणस्तर कायम गर्नका लागि प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम मापदण्ड निर्देशिका, २०६७( पहिलो संशोधन २०७५) निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। त्यसै गरी प्रारम्भिक बालविकास र शिक्षामा लगानीको सुनिश्चितताको लागि लागत सहभागिता मापदण्ड, २०७७ कार्यान्वयनमा ल्याइएको छ । प्रारम्भिक बालविकास र शिक्षा सञ्चालन गर्ने केन्द्रहरूको कार्यसम्पादन परीक्षण र बालविकासहरूको सिकाइ तथा विकास स्तर परीक्षणको कार्य शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भइरहेको छ। शिक्षकहरूको पेशागत विकासको लागि तालिम प्याकेज निर्माण गरी शिक्षकको पेशागत विकास तालिम सञ्चालन भइरहेको छ । प्रारम्भिक बालविकास

केन्द्र सञ्चालन निर्देशिका, २०६७ बमोजिम केन्द्रमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (**Prioritized Minimum Enabling Condition – PMEC**) रहेको देखिँदैन । कतिपय विद्यालयमा उपलब्ध साधन र स्रोतको व्यवस्थापन गर्दा बालविकास केन्द्र उच्च प्राथमिकतामा परेको देखिँदैन । विद्यालयमा उपलब्ध कक्षा कोठाहरू मध्ये सबैभन्दा ठुलो, उज्यालो, सुरक्षित, आवागमनमा सहज हुने र स्रोतपूर्ण कक्षालाई बालविकास केन्द्रको रूपमा प्रयोग गर्नुपर्ने अवस्थामा अधिकांश विद्यालयहरूले यसलाई मनन गरेको देखिँदैन। फलतः सबै केन्द्रहरूलाई बालमैत्री प्रविधिमैत्री र सिकाइमैत्री बनाउन सकिएको छैन ।

यस गाउँपालिकाको शैक्षिक तथ्याङ्कलाई अध्ययन तथा विश्लेषण गर्दा प्रारम्भिक बालविकास र शिक्षाको कुल भर्नादर (GER) ११६.० प्रतिशत रहेको छ भने तोकिएको उमेर समूहका बालबालिकाको खुद भर्नादर (NER) ९८.० प्रतिशत रहेको छ । त्यसै गरी कक्षा १ मा बालविकास प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई आउने बालबालिकाको भर्नादर १००% रहेको छ ।

सामुदायिक विद्यालयमा आधारित प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत ४० जना शिक्षकहरू मध्ये सबैले आधारभूत तालिम प्राप्त गरेको देखिन्छ । बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६१ बमोजिम केन्द्रको व्यवस्थापनका लागि बालविकास केन्द्रमा अध्ययनरत बालबालिकाका अभिभावकहरू मध्येबाट अलग्गै बालविकास केन्द्र व्यवस्थापन समिति गठन गरीने कुरा उल्लेख छ तथापि विद्यालयहरूमा यो गठन भएको अवस्था देखिँदैन र विद्यालय व्यवस्थापन समितिले नै सबै कक्षाको रेखदेख सञ्चालन र व्यवस्थापन गर्दै आइरहेको अवस्था छ । यसले गर्दा विद्यालय व्यवस्थापन समिति माथिल्ला कक्षाहरूको भौतिक एवम् जनशक्ति व्यवस्थापनमा मात्र केन्द्रित रहेको अवस्था पनि रहेको छ । अतः बालविकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाका अभिभावकहरू र सहयोगी कार्यकर्ता सम्मिलित अलग्गै व्यवस्थापन समिति आवश्यक देखिन्छ ।यस मालिका गाउँपालिकामा प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

**प्रारम्भिक बालविकास सम्बन्धी विवरण-२०८१**

| सि.नं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १. | बालविकास केन्द्र सङ्ख्या | ४० | |
| २. | विद्यार्थी सङ्ख्या | ४८६ | |
| ३. | बालविकास केन्द्र र विद्यार्थी अनुपात | १:१३ | |
| ४. | कुल भर्नादर ( प्रतिशत) | ११६.० | |
| ५. | खुद भर्नादर (प्रतिशत) | ९८.० | |
| ६. | प्रारम्भिक बालविकासमा लैङ्गिक समता सूचक | १.१५ | |
| ७. | प्रारम्भिक बालविकास अनुभव सहित कक्षा १ मा भर्ना प्रतिशत | १०० | |
| ८. | सरकारी अनुदानको प्रारम्भिक बालविकास केन्द्र नभएका विद्यालय सङ्ख्या | ५ | |
| ९. | एस.इ.इ. भन्दा कम शैक्षिक योग्यता भएका बालविकास शिक्षक | २ | |
| | एस.इ.इ. वा सो सरह शैक्षिक योग्यता भएका बालविकास शिक्षक | ११ | |
| | एस.इ.इ. भन्दा बढी शैक्षिक योग्यता भएका बालविकास शिक्षक | २७ | |

| सि.नं. | विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १०. | न्यूनतम पूर्वाधार पूरा भएका बालविकास केन्द्र सङ्ख्या | ४० | |
| ११. | ३० दिनको तालिम सहजकर्ता सङ्ख्या | २० | |

उल्लिखित विश्लेषणका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ ।

- सबै बालविकास शिक्षकहरूले आधारभूत तालिम प्राप्त गर्नु,
- बालविकास केन्द्रमा बालबालिकाको सङ्ख्या बढाउनु,
- सबै बालविकास कक्षामा पर्याप्त मात्रामा सिकाइ तथा खेल सामग्री उपलब्ध गराउनु,
- बालविकास र शिक्षा मापदण्ड अनुसार सबै बालविकास कक्षामा न्यूनतम मापदण्ड पुरा गर्नु,
- सबै बालविकास केन्द्रमा छुट्टै व्यवस्थापन समिति गठन गर्नु ।

### ३.१.३ उद्देश्य

सबै बालवालिकाहरूलाई गुणस्तरीय बालविकास शिक्षाको अवसर सुनिश्चित गर्न निम्न लिखित विशिष्ट उद्देश्यहरू किटान गरीएको छः

- चार वर्ष उमेरका सबै वालवालिकाहरूलाई प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास र शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- सबै बालविकास कक्षालाई बालविकास र शिक्षा मापदण्ड अनुसार न्यूनतम मापदण्ड तयार गर्नु,
- आपत्कालिक अवस्थामा पनि प्रारम्भिक बालविकास र शिक्षाको सिकाइलाई निरन्तरता गर्नु,
- कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरू बालविकास केन्द्रको अनुभव लिई आएको सुनिश्चित गर्नु,
- उमेर समुहका वालवालिकाहरूलाई सर्वाङ्गीण विकास सहित आधारभूत शिक्षाको तयारीमा पहूँच बढाउनु ।

### ३.१.४ रणनीति

**योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछः**

- बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन पुनर्वितरण र नयाँ स्थापनाको व्यवस्था गरिनेछ ।
- भौगोलिक जटिलता र लक्षित समुदायका बालबालिकाका लागि नमुना विकास गरी पहुँच सुनिश्चित गरिनेछ ।
- प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिनेछ ।
- प्रारम्भिक बाल कक्षा शिक्षकहरूको पेशागत विकासका लागि विभिन्न तालिमका कार्यक्रम सञ्चालन

गरिनेछ।

- प्रारम्भिक बालविकास र शिक्षाका सबै शिक्षकहरूलाई आधारभूत तालिम प्रदान गरिनेछ ।
- प्रारम्भिक बालविकास र शिक्षामा उपयुक्त सिकाइ तथा खेल सामग्रीको व्यवस्थापन गरी कक्षाकोठामा सिकाइको वातावरण तयार गरिनेछ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारूपमा आधारित भई प्रारम्भिक बालविकास तथा शिक्षाका लागि न्यूनतम सिकाइ कार्य घण्टा सुनिश्चित गरिनेछ ।
- गुणस्तर सुनिश्चित गर्न सिकाइको अवश्यकता सम्बोधन गर्न परिवर्तित पाठ्यक्रमको कार्यान्वयन गरिनेछ।
- सबै बालविकास र कक्षाकोठामा न्यूनतम पूर्वाधारको सुनिश्चितता गरिनेछ ।
- प्रारम्भिक बालविकास शिक्षा कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय र विद्यालयलाई जिम्मेवार बनाइनेछ ।

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

यो योजनाको कार्यान्वयनबाट निम्नानुसारका मुख्य उपलब्धि हाँसिल भएको हुनेछ ।

- सबै प्रारम्भिक बालविकास र शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै वालवालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

- चार वर्ष उमेर समूहका सबै वालवालिकाहरूलाई एक वर्षको बालविकास शिक्षाको कार्यक्रममा सहज पहुँच हुने,
- बालविकासको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने,
- तालिमप्राप्त सहजकर्ता र वालवालिकाको हेरचाहका लागि सहायक कर्मचारी सहितको बालविकास केन्द्र रहने,
- संघीय सरकारबाट परिमार्जन गरीएको पाठ्यक्रमको कार्यान्वयन गर्दै बालबालिकाको विकासात्मक र सिकाइ अवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने,
- बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, सघसंस्था र विद्यालय जिम्मेवार हुने ।

**ग) नतिजा र परिमाणात्मक लक्ष्य**

यस योजनाको कार्यान्वयनबाट प्रारम्भिक बालविकास र शिक्षामा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन् ।

- प्रारम्भिक बालविकास र शिक्षा उमेर समूहका सबै बालबालिकालाई प्रारम्भिक बालविकास र शिक्षामा सहज पहुँच हुनेछ ।
- कक्षा १ मा भर्ना हुने सबै बालबालिकाहरू प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएका हुनेछ ।
- सबै प्रारम्भिक बालविकास कक्षाको बालमैत्री बसाई व्यवस्थापन भएको हुनेछ ।

मालिका गाउँपालिका-म्याग्दी ।

- सबै प्रारम्भिक बालविकास र शिक्षा केन्द्रले सिकाइ क्षेत्र ( भाषा, गणित, सिर्जनात्मक, अभिनय, स्वावलम्बन, र विज्ञान सिकाइ क्षेत्र) सहित न्यूनतम राष्ट्रिय मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै बालबालिकाको लागि आधारभूत पोषण सहितको दिवा खाजाको व्यवस्था भएको हुनेछ ।
- सबै बालबालिकाको स्वास्थ्य परीक्षण गरी सिकाइको स्तर अनुसार सिकाइको अवसर प्राप्त गरेका हुनेछ ।
- प्रारम्भिक बालविकास र शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय र विद्यालय जिम्मेवार भएका हुनेछन् ।

मालिका गाउँपालिका-म्याग्दी

मुख्य नतिजा र परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर | ११६.० | ११६.० | ११४.५ | ११२.५ | ११०.५ | १०७.० |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर | ९८.० | ९८.० | ९८.० | ९८.५ | ९९.० | १००.० |
| ३ | प्रारम्भिक बालविकास र शिक्षाको कुल भर्नादरमा लैङ्गिक समता सुचाङ्क | १.१५ | १.१५ | १.१५ | १.१५ | १.१५ | १.१५ |
| ४ | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रहरूको सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ५ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ६ | आधारभूत तालिम प्राप्त शिक्षकको सङ्ख्या | २० | २० | २५ | ३० | ३५ | ४० |
| ७ | बालबालिकाको कार्यगत सीमितता परीक्षण गर्ने प्रारम्भिक बालविकासको सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |

### ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमका प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यहरू

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | प्रारम्भिक बालविकासको नक्साङ्कन र अनुमति | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| २ | बालविकास केन्द्रको पाठ्यक्रम प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सहजकर्तालाइ मन्टेश्वरी तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ५ | न्यूनतम बाह्य खेल सामग्री व्यवस्थापन | केन्द्र | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ६ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | कार्यगत सीमितता भएका बालबालिकाहरू पहिचान गरी सिकाइमा सहयोग ( प्रारम्भिक पहिचान) | पटक | १ | ० | १ | ० | १ | ६ |
| ८ | न्यूनतम मापदण्ड अनुसार बालविकास केन्द्र व्यवस्थापन | केन्द्र | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ९ | पोषण सहितको दिवा खाजा व्यवस्थापन | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| १० | बालविकास केन्द्रको लेखाजोखा | सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ११ | प्रारम्भिक बालविकास र शिक्षामा बालमैत्री बसाइ व्यवस्थापन | कक्षाकोठा | ८ | ८ | ८ | ८ | ८ | ४० |
| १२ | प्रारम्भिक बालविकास र शिक्षा सम्बन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| १३ | बालविकास केन्द्र अभिलेखीकरण | केन्द्र | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| १४ | अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | १० |

### ३.१.७ लगानी र स्रोत व्यवस्थापन

प्रारम्भिक बालविकास र शिक्षाका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

मालिका गाउँपालिका

प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमका लागि अनुमानित वार्षिक लागत तथा स्रोत

बजेट अनुमानित रू. हजारमा गरीएको छ

| क सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | प्रारम्भिक बालविकासको नक्साङ्कन र अनुमति | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | बालविकास केन्द्रको पाठ्यक्रम प्रवोधिकरण | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ३ | सहजकर्तालाइ मन्टेश्वरी तालिम | पटक | २०० | २०० | २०० | २०० | २०० | २०० | ० | ० | १००० | ० |
| ४ | सिकाइ तथा खेल सामग्री व्यवस्थापन | ओटा | १६० | १६० | १६० | १६० | १६० | ८०० | ४०० | ० | ४०० | ० |
| ५ | न्यूनतम बाह्य खेल सामग्री व्यवस्थापन | सङ्ख्या | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | १००० | ५०० | १००० | ० |
| ६ | कार्यगत सीमितता भएका बालबालिकाहरू पहिचान गरी सिकाइमा सहयोग ( प्रारम्भिक पहिचान) | सङ्ख्या | ३०० | ० | ३०० | ० | ३०० | ९०० | ० | ० | ४५० | ४५० |
| ७ | न्यूनतम मापदण्ड अनुसार बालविकास केन्द्र व्यवस्थापन | सङ्ख्या | ८० | ८० | ८० | ८० | ८० | ४०० | ० | ० | ४०० | ० |
| ८ | प्रारम्भिक बालविकास र शिक्षामा बालमैत्री बसाइ व्यवस्थापन | सङ्ख्या | ८० | ८० | ८० | ८० | ८० | ४०० | ० | ० | ४०० | ० |
| ९ | पोषण सहितको दिवा खाजा व्यवस्थापन | पटक | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | ० | ० | २२५० | ० |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ । यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक र आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारको रुपमा लिएको हुनाले यस तहमा समतामूलक पहुँच पुराई व्यक्तिको मौलिक अधिकारको रुपमा लिइएको छ। यस तहको शिक्षामा समता र गुणस्तर सुनिश्चित गर्ने दायित्व सरकारको हो । नेपालको संविधानले प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँच हुने, अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार यस तहको शिक्षा प्रदान गर्ने दायित्व सङ्घ, प्रदेश र स्थानीय तहको हुने र आधारभूत तहको सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरीकको कर्तव्य हुनेछ ।

विद्यालय क्षेत्र सुधार योजना, २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १ देखि ८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाललाई जम्मा दुई तहको भएको छ । कुनै पनि चिजको जग वा आधार बलियो भए मात्र सोको समग्र संरचना बलियो र गुणस्तरीय हुन्छ भनेझैं सिकारुले भविष्यमा कस्तो मानव स्रोत भएर निस्कने भन्ने कुराको आधार उसको शिक्षाको सुरुवात कसरी र कस्तो हुदैंछ भन्ने कुराले निर्धारण गर्दछ ।नेपालको संविधानको भाग ३ धारा ३१ मा प्रत्येक नागरीकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरीएको छ । त्यसै गरी संविधानमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने व्यवस्था गरीए बमोजिम यस पालिकाका सम्पूर्ण बालबालिकालाई गुणस्तरीय आधारभूत शिक्षाको पहुँच सुनिश्चितता गराउनु यस पालिकाको मुख्य दायित्व रहेको छ । हालको कानुनी व्यवस्थामा आधारभूत तह कक्षा १-५ र आधारभूत तह कक्षा ६-८ गरी दुई ओटा कोटीमा बाँडिएको छ । यस पूर्व प्राथमिक तह र निम्न माध्यमिक तहमा विभाजन भएका कक्षाहरू हाल एकीकृत रूपमा आधारभूत तहका नामले चिनिन्छ ।

आधारभूत शिक्षाको महत्वलाई दृष्टिगत गरेर यसलाई योजनाबद्ध रूपमा व्यवस्थित, गुणस्तरीय र पहुँचयोग्य आधारभूत शिक्षा प्रदान गर्न यस मालिका गाउँपालिकाले यस योजनामा आधारभूत शिक्षा विकास कार्यक्रमहरू समावेश गरेको छ । आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतिहरू पहिचान गरी आगामी ५ वर्षको लागि यस तहको शिक्षा विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरीएको छ ।

### ३.२.२ वर्तमान अवस्था

मालिका गाउँपालिकामा आधारभूत तहमा ३४ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । जसमध्ये १-३ सञ्चालित ९, १-५ सञ्चालित १७ र कक्षा १-८ सञ्चालित ८ ओटा विद्यालयहरू सञ्चालन रहेका छन् । यस गाउँपालिकामा आधारभूत तह सम्म २७८४ बालबालिकाहरू अध्ययन गरीरहेका छन् । जसमध्ये १३६५ छात्रा, १४१९ छात्र रहेका छन। मालिका गाउँपालिकामा आधारभूत तह(१-५) को खुद भर्नादर ९६.९ प्रतिशत र कुल भर्नादर ९६.२ प्रतिशत रहेको छ । भने आधारभूत तह (१-५) कुल भर्नादरमा लैङ्गिक

समता सुचाङ्क १.२० रहेको छ । आधारभूत तह (१-५) कक्षा दोहऱ्याउने दर १०.५% रहेको भने उत्तीर्ण दर ८०.८ प्रतिशत रहेको छ । यस गाउँपालिकामा ९.६ प्रतिशत बालबालिकाहरू आधारभूत तह(१-५) उमेर समूहका बालबालिकाहरू विद्यालय भन्दा बाहिर रहेका छन् । त्यसै गरी आधारभूत तह (१-८) को खुद भर्नादर ९०.२ प्रतिशत र कुल भर्नादर ९३.९ प्रतिशत रहेको छ भने लैङ्गिक समता सूचक रहेको छ। अझै पनि आधारभूत तहको उमेर समूहका ९.८ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको अवस्था विद्यमान छ ।अझै पनि आधारभूत शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिमा आधारित केही असमानताहरू रहेका छन् ।आर्थिक तथा सामाजिक रूपले पछाडि परेका समुदायका दलित, जनजाति कठिन अवस्थामा रहेका तथा दुर्गम भौगोलिक क्षेत्रका बालबालिकाको पहुँचको अवस्था तुलनात्मक रूपले कमजोर छ । आधारभूत तहमा निःशुल्क र अनिवार्य व्यवस्थालाई पूर्णरुपमा कार्यान्वयन गरीनु जरुरी छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री समावेशी र सुरक्षित बनाउन थप प्रयास गरीनु आवश्यक छ ।बालबालिकाको विकास तथा सिकाइलाई प्रभाव पार्ने पोषण, स्वास्थ्य, सरसफाइ तथा दिवा खाजा जस्ता सेवाहरूमा विस्तार तथा सुधार गर्नुपर्ने छ ।पेशागत रूपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । आधारभूत तहमा बालबालिकाको विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने उच्च दरका कारण तह पुरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नु आवश्यक देखिएको छ ।

मालिका गाउँपालिकाको आधारभूत शिक्षाको वर्तमान अवस्था राष्ट्रिय अवस्थासँग खासै भिन्न देखिएको छैन तथापि यसलाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ ।

**मालिका गाउँपालिका आधारभूत तह सम्मको शैक्षिक सूचकहरूको अवस्था**

| क्र.स. | सूचकहरू | हालको अवस्था ०८१/२०८२ |
|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेश दर (GIR) | १००.०० |
| २ | कक्षा १ मा खुद प्रवेश दर (NIR) | ९३.९ |
| ३ | कक्षा १-५ मा कुल भर्नादर(GER) | १२०.७ |
| ४ | कक्षा १-५ मा खुद भर्नादर(NER) | ९६.९ |
| ५ | कुल भर्नादर (१-८) | ११३.८ |
| ६ | खुद भर्नादर (१-८) | ९५.६ |
| ७ | कक्षा १-५ को औसत सिकाइ उपलब्धि दर ( GPA) | ३.० |
| ८ | कक्षा १-८ को औसत सिकाइ उपलब्धि दर ( GPA) | ३.२ |
| ९ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | ५.९ |
| १० | कक्षा ६-८ को कक्षा दोहोऱ्याउने दर | ३.४ |
| ११ | कक्षा १-५ को कक्षा छाड्ने दर | २.० |
| १२ | कक्षा ६-८ को कक्षा छाड्ने दर | २.७ |
| १३ | उत्तिर्ण दर ( कक्षा १-५) | ८९.४ |
| १४ | उत्तिर्ण दर ( कक्षा ६-८) | ९३.१ |

| क्र.स. | सूचकहरू | हालको अवस्था ०८१/२०८२ |
|---|---|---|
| १५ | कक्षा १-८ मा खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क (GPI) | १.०६ |
| १६ | कक्षा १-५ को तह पुरा गर्ने दर | ८९.४ |
| १७ | कक्षा ८ मा टिकाउ दर (Survival Rate) | ८३.९ |
| १८ | आधारभूत शिक्षा (कक्षा ६-८)को तह पुरा गर्ने दर | ९३.१ |
| १९ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.८ |
| २० | आधारभूत तह (कक्षा ६-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.७ |
| २१ | आधारभूत तह तालिम प्राप्त शिक्षकको प्रतिशत | ९८ |

**स्रोतः मालिका गाउँपालिका, EMIS,**२०८१

माथिको तालिका विश्लेषण गर्दा अधिकांश शैक्षिक सूचकहरू राष्ट्रिय मानकसँग मिल्दोजुल्दो देखिएका छन् । कुल भर्नादर घटाई अधिकतम १०० प्रतिशतमा ल्याउनुपर्ने तथा खुद भर्नादर बढाई शत प्रतिशत पुऱ्याउनु हाम्रो दायित्व रहेको छ ।आधारभूत तहमा मिश्रित उमेर समूहका बालबालिकाहरू (Under age, Correct age and Over age) भर्ना भएकोले यसको प्रतिशत उच्च देखिएको छ भने सही उमेर समूह (५-१२) मात्र भर्ना गर्ने वातावरण निर्माणका लागि प्रणालीको विकास गरिनु आवश्यक छ ।

माथि गरीएको विश्लेषणका आधारमा आधारभूत शिक्षामा निम्नलिखित चुनौतीहरू देखिएका छन् :

१. आधारभूत तहमा सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने,
२. आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने,
३. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्ने,
४. विद्यालयहरूलाई पुनर्वितरण, समायोजन र वैकल्पिक प्रबन्ध समेत गरी पहुँच र सहभागिता सुनिश्चित गर्ने,
५. पोषण, स्वास्थ्य, दिवा खाजा लगायत विद्यार्थी सहायता प्रणालीको उचित व्यवस्था गर्ने,
६. विद्यालय शिक्षालाई विविधता अनुकुल, समावेशी र समतामूलक बनाउने,
७. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील (Resilient) बनाउने,
८. शिक्षक तथा विद्यार्थीलाई प्रविधिको पहुँच वृद्धि गर्ने,
९. विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउने,
१०. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र आधारभूत तहको परीक्षा प्रणालीमा सुधार गरी विश्वसनीय र बैध बनाउने,
११. शिक्षकको वृत्ति विकासलाई व्यवस्थित बनाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाउने ।



मालिका गाउँपालिका, म्याग्दी ।

### ३.२.३ उद्देश्य

यस योजनामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ। यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छः-

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. आधारभूत विद्यालय उमेरका सबै बालबालिकाहरूलाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,
३. आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,
४. आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
५. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल, उत्थानशील (**Resilient** )र जवाफदेही बनाउनु,
६. आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयबस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
७. सबै बालबालिकाको पाठ्यक्रमले निर्दिष्ट गरेका न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर कायम गर्नु।
८. आधारभूत तहको शिक्षामा सबै बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।

### ३.२.४ रणनीति

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछः-

१. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय तहले थप आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने छन्।
२. संघीय मापदण्डअनुसार स्थानीय तहले आवश्यक समन्वय गरी विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्नेछन्।
३. सबै आधारभूत विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गरी बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।
४. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ ।
५. बालबालिकाको सिकाइ स्तर पहिचान गरी प्रभावकारी शिक्षण विधिको कार्यान्वयन गरिनेछ ।
६. निश्चित अन्तरालमा विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जवाफदेहिता सुनिश्चित तथा सुधारमा क्षेत्र पहिचान गरिनेछ ।
७. विद्यालय सुशासन कायम गर्न प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।
८. शिक्षकहरूलाई शिक्षण गतिविधिलाई सहयोग गर्न विषयविज्ञ समूहको गठन गरी शैक्षिक सुपरिवेक्षण र पेशागत सहयोगमा टेवा पुऱ्याउन सघन रूपमा कक्षा अवलोकन पृष्ठपोषण तथा विद्यालयको समग्र

पक्षको अनुगमन मूल्याङ्कन गर्ने अभियान अघि बढाइनेछ ।

९. विद्यालय शिक्षामा बालबालिकाको पहुँच अभिवृद्धि निरन्तरता र गुणस्तरका लागि छात्रवृत्ति प्रति विद्यार्थी लागतमा आधारित अनुदान, बुक कर्नर लगायत शैक्षिक सामग्री खरिद तथा व्यवस्थापन निःशुल्क पाठ्यपुस्तक प्रदान गरीने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

१०.प्रारम्भिक कक्षामा ( कक्षा १-३) सम्म कक्षा शिक्षण विधि अवलम्बन गरिनेछ ।

११.विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइनेछ ।

१२.आधारभूत तह अध्ययन गर्ने सबै बालबालिकाको प्रारम्भिक पहिचान गरी कार्यगत सीमितताका आधारमा सिकाइ योजना तयार गरी कार्यगत सीमितता भएका बालबालिकाहरूलाई सहयोग गरिनेछ ।

१३.स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धलाई थप व्यवस्थित गर्न तीनै तहका सरकारले सहकार्य गर्नेछन् र विद्यालयले दिवाखाजा व्यवस्थापन गर्नेछन् अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत सुदृढीकरण गरी प्रभावकारी बनाइनेछ ।

१४.विद्यालय शिक्षामा बालबालिकाको पहुँच अभिवृद्धि निरन्तरता र गुणस्तरका लागि छात्रवृत्ति प्रति विद्यार्थी लागतमा आधारित अनुदान बुक कर्नर लगायत शैक्षिक सामग्री खरिद तथा व्यवस्थापन निःशुल्क पाठ्यपुस्तक प्रदान गरीने नीतिलाई थप प्रभावकारी बनाइनेछ ।

१५.बालबालिकाहरूको सिकाइ उपलब्धि प्रति शिक्षकहरूलाई थप जबाफदेही र उत्तरदायी बनाउने संयन्त्रको विकास गरिनेछ ।

१६.उत्कृष्ट सिकाइ उपलब्धि प्राप्त गर्ने विषय शिक्षण गर्ने शिक्षकलाई प्रोत्साहन गर्न पुरस्कृत गरीने संयन्त्रको विकास गरिनेछ ।

१७.विद्यालय सञ्चालन व्यवस्थापनमा जबाफदेही प्रणालीको विकास गरी सुशासन र पारदर्शिता कायम गर्न प्रधानाध्यापकलाई समय सापेक्ष तालिमको प्रदान गरिनेछ ।

१८.गाउँ शिक्षा समितिबाट नियमित अनुगमन गर्ने संयन्त्रको विकास गरी सुशासन र शैक्षिक गुणस्तर अभिवृद्धिका आधारमा शिक्षक तथा प्रधानाध्यापकलाई पुरस्कार र दण्ड गरिने नीति बनाई यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१९.शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनको लागि आधुनिक सूचना प्रविधिको प्रयोग गरी सिकाइलाई आकर्षक, दिगो र प्रभावकारी गरिनेछ ।

२०.विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (Prioritized Minimum Enabling Condition - PMEC ) पुरा गर्नका लागि संघ, प्रदेश र स्थानीय सरकारहरू बिच आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

२१.मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा विकास गरी कक्षाकोठामा आधारित मूल्याङ्कन प्रणालीको विकास गर्न शिक्षकहरूको क्षमता विकास गरिनेछ ।

२२.विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक सङ्घका पदाधिकारीको क्षमता विकासका लागि अभिभावक अभिभावक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२३.विद्यार्थीको पोषण तथा स्वास्थ्यको सुधार गर्न स्थानीय स्वास्थ्य संस्था र सङ्घसंस्थाको सहकार्यमा दिवाखाजासहित बहुपक्षीय वृहत कार्यक्रम सञ्चालन गरिनेछ।

२४. राष्ट्रिय पाठ्यक्रम प्रारूप (National Curriculum Framework ) २०७६ ले निर्दिष्ट गरे बमोजिम शिक्षालाई विविधता अनुकुल समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुसार सामाजिक सांस्कृतिक भाषिक रूपमा अनुकुल हुने गरी मागका आधारमा सिकाइ सामग्री विकास तथास्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याइनेछ ।

२५.स्थानीय तहबाट नै विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील (Resilient) बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२६.बालबालिकालाई दैनिक व्यवहारसँग सम्बन्धित र तादात्म्य गराउन व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गरी विधि र प्रक्रियामा सुधार गरिनेछ ।

२७.विद्यालयहरूको कार्यसम्पादन परीक्षण र विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी जबाफदेहिता सुनिश्चित तथा शैक्षिक सुशासन प्रवर्द्धन गरिनेछ ।

### ३.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामासबैको पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको पहुँच हुने,
२. आधारभूत तहको खुद भर्नादर शतप्रतिशत पुगेको हुने,
३. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (PMEC) पुरा भएको हुने,
४. न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
५. सबै विद्यालयमा आधारभूत शैक्षिक सामग्रीको उपलब्धता र आवश्यक सङ्ख्यामा योग्य, सक्रिय र उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने,
६. विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन भई बालबालिकाले स्वस्थकर दिवा खाजाको प्रबन्धबाट विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने,
७. आधारभूत तहका विद्यार्थीको न्यूनतम सिकाइ उपलब्धि प्राप्त भएको हुने ,
८. आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक समता सूचकमा सुधार हुने
९. विद्यालयको नक्साङ्कनका आधारमा स्रोत व्यवस्थापन भई सबैलाई सामाजिक न्याय प्राप्त हुने गरी साधन स्रोतको यथोचित वितरण भएको हुने,
१०. अनुगमन तथा सुपरिवेक्षण व्यापक भई सबै पक्षको जबाफदेहितामा वृद्धि भई गुणस्तरीय शिक्षा प्राप्तिमा सहयोग भएको हुने ,
११. सङ्कटकालीन अवस्थामा पनि विद्यालयहरू उत्थानशील (Resilient) भएको हुने ,
१२. कक्षाकोठा शिक्षणमा आधुनिक सूचना प्रविधिको प्रयोग भई शिक्षण सिकाइ क्रियाकलाप थप आकर्षक, प्रविधिमैत्री र दिगो हुने,
१३. शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।

यस योजनाको कार्यान्वयनबाट आधारभूत शिक्षामा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन् ।

| क्र.स. | सूचकहरू | आधार वर्ष ०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा कुल प्रवेश दर (**GIR**) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| २ | कक्षा १ मा खुद प्रवेश दर (**NIR**) | ९३.९ | ९३.९ | ९४.५ | ९६.५ | ९८.५ | १००.०० |
| ३ | कक्षा १-५ मा कुल भर्नादर(**GER**) | १२०.७ | १२०.७ | ११८.८ | ११४.३ | ११०.८ | १०७.०० |
| ४ | कक्षा १-५ मा खुद भर्नादर(**NER**) | ९६.९ | ९६.९ | ९७.५ | ९८.०० | ९९.०० | १००.०० |
| ५ | कुल भर्नादर (१-८) | ११३.८ | ११३.८ | १११.६ | १०९.२ | १०७.४ | १०५.०० |
| ६ | खुद भर्नादर (१-८) | ९५.६ | ९५.६ | ९६.८ | ९७.४ | ९९.०० | १००.०० |
| ७ | कक्षा १-५ को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | ३.० | ३.० | ३.१ | ३.२ | ३.४ | ३.६ |
| ८ | कक्षा १-८ को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | ३.२ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ |
| ९ | कक्षा १-५ को कक्षा दोहोर्‍याउने दर | ५.९ | ५.९ | ४.१ | ३.५ | ३.०० | २.५ |
| १० | कक्षा ६-८ को कक्षा दोहोर्‍याउने दर | ३.४ | ३.४ | ३.१ | २.८ | २.४ | २.०० |
| ११ | कक्षा १-५ को कक्षा छाड्ने दर | २.० | २.० | १.८ | १.४ | १.० | ०.०० |
| १२ | कक्षा ६-८ को कक्षा छाड्ने दर | २.७ | २.७ | २.२ | १.६ | १.०० | ०.०० |
| १३ | उत्तिर्ण दर ( कक्षा १-५) | ८९.४ | ८९.४ | ९०.५ | ९२.८ | ९५.७ | ९८.०० |
| १४ | उत्तिर्ण दर ( कक्षा ६-८) | ९३.१ | ९३.१ | ९४.५ | ९६.०० | ९६.५ | ९७.०० |
| १५ | कक्षा १-८ मा खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क (**GPI**) | १.०६ | १.०६ | १.०६ | १.०६ | १.०६ | १.०६ |
| १६ | कक्षा १-५ को तह पुरा गर्ने दर | ८९.४ | ८९.४ | ९०.५ | ९२.८ | ९५.७ | ९८.०० |
| १७ | कक्षा ८ मा टिकाउ दर (**Survival Rate**) | ८३.९ | ८३.९ | ८६.० | ८९.५ | ९२.५ | ९५.० |
| १८ | आधारभूत शिक्षा (कक्षा ६-८) को तह पुरा गर्ने दर | ९३.१ | ९३.१ | ९४.५ | ९६.०० | ९६.५ | ९७.०० |

| क्र.स. | सूचकहरू | आधार वर्ष ०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १९ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.८ | २.८ | २.५ | २.० | १.० | ० |
| २० | आधारभूत तह (कक्षा ६-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.७ | २.७ | २.४ | १.९ | १.० | ० |
| २१ | आधारभूत तह तालिम प्राप्त शिक्षकको प्रतिशत | ९८ | ९८ | १०० | १०० | १०० | १०० |

### ३.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | १ | ० | ० | ० | २ |
| २ | विद्यार्थी भर्ना अभियान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | विद्यालयको कार्यसम्पादन तथा सिकाइ उपलब्धि परीक्षण र प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | विशेष आवश्यकता भएका बालबालिकाहरूलाई शैक्षिक सामग्री र पोसाक सहयोग | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | शिक्षकलाई शैक्षिक डायरी उपलब्ध | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | निःशुल्क पाठ्यपुस्तक वितरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | विद्यालयलाई बुक कर्नर तथा सिकाइ सामग्री व्यवस्थापन र प्रयोग | पटक | १ | १ | १ | १ | १ | १० |

मालिका गाउँपालिका-म्याग्दी

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | (१० वर्ष) |
| ८ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई क्षमता विकास तालिम | पटक | ० | १ | ० | १ | ० | ४ |
| ९ | विद्यालयमा स्मार्ट बोर्डको प्रयोग | सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | ४० |
| १० | विद्यार्थीको अगुवाइमा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| ११ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| १२ | शैक्षिक सामग्री प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | १० |
| १३ | शिक्षकहरूलाई सुधारात्मक विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणाली तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| १४ | प्रधानाध्यापक र वि.व्य.स. अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिम | पटक | ० | १ | ० | १ | ० | ५ |
| १५ | गाउँपालिका स्तरीय आधारभूत तह परीक्षा (कक्षा ८) सञ्चालन तथा प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | १० |
| १६ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षकहरूलाई पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| १७ | सामाजिक परीक्षण प्रगति प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापनका लागि अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |
| १८ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्नलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |
| १९ | विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |
| २० | शैक्षिक क्यालेन्डर छपाइ र वितरण | पटक | १ | १ | १ | १ | १ | १० |
| २१ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा छपाई | पटक | ० | १ | १ | १ | १ | ८ |

मालिका गाउँपालिका-म्याग्दी

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| २२ | प्रधानाध्यापक तथा लेखा शिक्षकहरूका लागि लेखा व्यवस्थापन तालिम | पटक | ० | ० | १ | १ | १ | ६ |
| २३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |
| २४ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| २५ | कक्षा ६ देखि माथिका सबै बालिकाहरुलाई निशुल्क सेनिटरी प्याड वितरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | १० |
| २६ | पालिका स्तरीय आधारभूत तह परीक्षा (कक्षा ८) सञ्चालन तथा प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | १० |
| २७ | इन्टरनेट जडान तथा मर्मत संभार तथा वार्षिक शुल्क अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |

### ३.२.७ लगानी र स्रोत व्यवस्थापन

आधारभूत शिक्षाका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघ, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

बजेट अनुमानित रू. हजारमा गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

मालिका गाउँपालिका-म्याग्दी

| क.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| २ | विद्यार्थी भर्ना अभियान कार्यक्रम | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | विद्यालयको कार्यसम्पादन तथा सिकाइ उपलब्धि परीक्षण र प्रोत्साहन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ४ | विशेष आवश्यकता भएका बालबालिकाहरूलाई शैक्षिक सामग्री र पोसाक सहयोग | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | ० | ० | ५००० | ० |
| ५ | शिक्षकलाई शैक्षिक डायरी उपलब्ध | पटक | ० | ५० | ५० | ५० | ५० | २०० | ० | ० | २०० | ० |
| ६ | निःशुल्क पाठ्यपुस्तक वितरण र प्रयोग | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | विद्यालयलाई बुक कर्नर तथा सिकाइ सामग्री व्यवस्थापन र प्रयोग | पटक | ० | १०० | १०० | १०० | १०० | ४०० | ० | ० | ४०० | ० |
| ८ | विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीलाई क्षमता विकास तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| ९ | विद्यालयमा स्मार्ट बोर्डको प्रयोग | सङ्ख्या | ० | १२५० | १२५० | १२५० | १२५० | ५००० | ० | ० | ५००० | ० |
| १० | विद्यार्थीको अगुवाइमा अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ११ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | २०० | २०० | २०० | २०० | २०० | १००० | ० | ० | १००० | ० |

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १२ | शैक्षिक सामग्री प्रदर्शनी | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| १३ | शिक्षकहरूलाई सुधारात्मक विद्यार्थी मूल्याङ्कन तथा परीक्षा प्रणाली तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| १४ | प्रधानाध्यापक र विव्यस अध्यक्षलाई विद्यालय सुधार योजना निर्माण सम्बन्धी तालिम | पटक | ० | १०० | ० | १०० | ० | २०० | ० | ० | २०० | ० |
| १५ | गाउँपालिका स्तरीय आधारभूत तह परीक्षा (कक्षा ८) सञ्चालन तथा प्रमाणीकरण | पटक | १२५ | १२५ | १२५ | १२५ | १२५ | ६२५ | ६२५ | ० | ० | ० |
| १६ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षकहरूलाई पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| १७ | सामाजिक परीक्षण प्रगति प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापनका लागि अनुदान | पटक | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ३००० | ० | ० | ० |
| १८ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्नलाई अनुदान | पटक | ६०० | ६०० | ६०० | ६०० | ६०० | ३००० | ३००० | ० | ० | ० |
| १९ | विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा | पटक | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | ३२५० | ० | ० | ० |

| क.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | आधारित अनुदान | | | | | | | | | | | |
| २० | शैक्षिक क्यालेन्डर छपाइ र वितरण | पटक | ७० | ७० | ७० | ७० | ७० | ३५० | ० | ० | ३५० | ० |
| २१ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण तथा छपाई | पटक | ० | १००० | १००० | १००० | १००० | ४००० | ० | ० | ४००० | |
| २२ | प्रधानाध्यापक तथा लेखा शिक्षकहरूका लागि लेखा व्यवस्थापन तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | |
| २३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | २४४५ | २४४५ | २४४५ | २४४५ | २४४५ | १२२२५ | १२२२५ | ० | ० | ० |
| २४ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | ३७५ | ० | ० | ० |
| २५ | कक्षा ६ देखि माथिका सबै बालिकाहरुलाई निशुल्क सेनिटरी प्याड वितरण र प्रयोग | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | ० | ० | ० |
| २६ | इन्टरनेट जडान तथा मर्मत संभार तथा वार्षिक शुल्क अनुदान | पटक | ७८० | ७८० | ७८० | ७८० | ७८० | ३९०० | ३९०० | ० | ० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ । यसले कक्षा १- ८ लाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ । माध्यमिक तहको शिक्षाको काम कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरीक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क सहज पहुँच सुनिश्चित गर्दै सृजनशीलता रचनात्मकता, अध्ययनशीलता, सकारात्मक, चिन्तन र सदाचारी गुण सहित सिपयुक्त उत्पादनशील जनशक्ति उत्पादनको उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रर्वतन नीति, २०७६ ले विद्यालय तहदेखि नै परम्परागत मौलिक ज्ञान प्रविधि तथा सिपका बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिवृद्धि गर्ने रणनीति लिएको छ । वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधरण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ । कक्षा ११ र १२ मा एकल पथिय पाठ्यक्रम लागू छ भने कक्षा ९-१२ तर्फ साधारण र प्राविधिक गरी दुई धार लागू छ । मालिका गाउँपालिकामा माध्यमिक शिक्षालाई साधारण र प्राविधिक दुई धारकै विद्यालयहरू सञ्चालित छन् ।प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ ।

माध्यमिक शिक्षाले मानवीय मूल्य, कला, संस्कृति, विज्ञान र सूचना प्रविधि तथा आधारभूत मूल्य मान्यताका ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहार आर्जन गरेका जनशक्तिको उत्पादनको लक्ष्य राखदछ।यो तहको शिक्षाको संसारमा प्रवेश गराउने सिपसहितको नागरीक विकास र उच्च शिक्षाको आधार पनिहो।नेपालको संविधान, २०७२ ले माध्यमिक शिक्षालाई स्थानीय तहको शिक्षा अधिकार क्षेत्रभित्र समेट्दै पूर्ण निःशुल्क हुने व्यवस्था गरेको छ।संविधानले प्रदत्त गरेका शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ । माध्यमिक शिक्षा पाठ्यक्रमले साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा दिइने गरी दिशानिर्देश गरेको छ । साथै यी तीन धारबाट शिक्षा आर्जन तथा सिप विकास गर्दै भावी जीवनका थुप्रै विषयमा निर्णय लिन सक्ने बनाउन विविध परामर्श दिनुपर्ने आवश्यकता पनि रहेको कुरा औंल्याएको छ ।कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जाने मार्ग प्रशस्त हुने व्यवस्था समेत गरीएको छ । अर्कोतिर श्रम बजारको माग अनुसार आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको समेत व्यवस्था गरीएको छ ।

### ३.३.२ वर्तमान अवस्था

मालिका गाउँपालिकामा १० ओटा माध्यमिक विद्यालय सञ्चालनमा छन्, जस मध्ये ४ ओटा विद्यालयमा कक्षा १२ सम्म सञ्चालन भएको छ । सामुदायिक माध्यमिक विद्यालय (९-१२) तर्फ विद्यार्थी सङ्ख्या ८५६ रहेको छ जसमा छात्रा ४३९ र छात्र ४१७ रहेका छन् । माध्यमिक तह(९-१२) को कुल भर्दा दर (GER) १०३.९ प्रतिशत र खुद भर्नादर (NER) ८१.७ प्रतिशत रहेको छ । यसबाट विद्यालय उमेरका १३-१४ वर्षको जनसङ्ख्या मात्र नभई कम तथा बढी उमेरका बालबालिकाहरू पनि समावेश

भएका छन् भन्ने स्पष्ट हुन्छ । अझै पनि १० प्रतिशत माध्यमिक तह उमेर सम्मका बालबालिकाहरू विद्यालय बाहिर रहेको स्पष्ट हुन्छ । यी विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयको मूल धारमा ल्याउनु पर्ने देखिन्छ । त्यसै गरी माध्यमिक तहमा सामुदायिक तर्फ शिक्षक सङ्ख्या३३जना कार्यरत रहेको देखिन्छ । माध्यमिक तहको शिक्षक विद्यार्थी अनुपात १.२६ रहेको छ । भौतिक अवस्था तर्फ २ ओटा माध्यमिक विद्यालयमा २ ओटा भवन तथा कक्षाकोठा कच्ची रहेको देखिन्छ । १० वटै विद्यालयमा शुद्व खानेपानी व्यवस्था भएको देखिन्छ । ८ ओटा विद्यालयमा घेराबारको व्यवस्था रहेको छ । त्यसै गरी १० ओटा विद्यालयमा खेलमैदानको व्यवस्था भएकोदेखिन्छ भने सबै विद्यालयमा शौचालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, पुस्तकालयको व्यवस्था छ तापनि पुग्दो मात्रामा छैन ।माध्यमिक तहको सिकाइ उपलब्धि जि.पि.ए. २.६७ रहेको छ ।

**मालिका गाउँपालिकामा माध्यमिक शिक्षाको अवस्थाः**

| सि.नं. | सूचकहरू | हालको अवस्था | कैफियत |
|---|---|---|---|
| १. | माध्यमिक विद्यालय सङ्ख्या | १० | |
| २. | विद्यार्थी सङ्ख्या (९-१२) | ८५६ | |
| ३. | विद्यालय र विद्यार्थी अनुपात | १.२६ | |
| ४. | कुल भर्नादर (९-१०) | १०५.८ | |
| ५. | खुद भर्नादर (९-१०) | ९३.० | |
| ६. | कुल भर्नादर (९-१२) | १०३.९ | |
| ७. | खुद भर्नादर(९-१२) | ८१.७ | |
| ८. | कक्षा १० पुरा गर्ने दर | ७२ | |
| ९. | कक्षा १० को टिकाउ दर | ९६ | |
| १०. | शिक्षक विद्यार्थी अनुपात (९-१२) | १.२६ | |
| ११. | विद्यालयबाहिर रहेको माध्यमिक तह उमेर समूहको प्रतिशत | १० | |
| १२. | कक्षा दोहोऱ्याउने दर (९-१०) | १.७ | |
| १३. | कक्षा छाड्ने दर (११-१२) | ६ | |
| १४. | तालिम प्राप्त माध्यमिक शिक्षक सङ्ख्या प्रतिशत | ९८.० | |
| १५ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ७.५ | |
| १६ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १० | |
| १७ | न्यूनतम सबलीकरण मापदण्ड (**Minimum Enabling Conditions**) पुरा गरेका विद्यालय सङ्ख्या | १० | |

**स्रोतः मालिका गाउँपालिका EMIS २०८१**



मालिका गाउँपालिका-म्याग्दी

माथिको तथ्याङ्क विश्लेषण गर्दा माध्यमिक शिक्षाको समस्या र चुनौतीहरू निम्नानुसार रहेका छन् ।

१. निःशुल्क माध्यमिक शिक्षालाई व्यवहारमा कार्यान्वयन गर्न,
२. माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउन,
३. माध्यमिक तह विशेषतः कक्षा १० बाट ११ को सङ्क्रमण दर र खुद भर्नादर बढाउन,
४. सूचना तथा सञ्चार प्रविधिमा सबै शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गरी शिक्षकको दक्षतामा वृद्धि गरी सिकाइलाई प्रभावकारी बनाउन,
५. सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ सक्षमतामा वृद्धि गर्न,
६. सबै माध्यमिक विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताको अवस्था (PMEC) पुरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार तथा बालमैत्री एवम् सिकाइयोग्य वातावरण निर्माण गर्न,
७. विद्यालय शिक्षा प्राकृतिक प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील (Resilient) बनाउने,
८. विद्यालयका सरोकारवाला पक्षलाई विद्यार्थीको सिकाइ प्रति उत्तरदायी बनाउन,
९. विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा विकास गर्ने र परीक्षा प्रणालीलाई विश्वसनीय र वैधता बनाउन,
१०. शिक्षकको वृत्ति विकासलाई पारदर्शी नतिजामा आधारित बनाउन,
११. विद्यालय शिक्षालाई विविधता अनुकुल समावेशी र समतामूलक बनाउन,
१२. माध्यमिक तहमा आवश्यक विषयगत दरबन्दीको व्यवस्था गरी सक्षम र योग्य विद्यालय जनशक्तिको व्यवस्थापन गर्न,
१३. सबै कक्षामा प्रविधियुक्त शिक्षण गर्ने वातावरण निर्माण गर्न।

### ३.३.३ उद्देश्य

यस योजनाले माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित विशिष्ट उद्देश्य राखेको छः

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिक र गुणस्तरमा सुधार गर्नु,
२. माध्यमिक तहको विषयगत सिकाइ उपलब्धि वृद्धि गर्नु,
३. विद्यालय प्रशासन र व्यवस्थापनलाई सुधार गरी जवाफदेही बनाउनु,
४. माध्यमिकशिक्षामा खुद भर्नादर र टिकाउ दर बढाउनु,
५. शिक्षण सिकाइ क्रियाकलाप समय सापेक्ष बनाउदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु,
६. आपतकालीन अवस्थामा समेत शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु,
७. आवासिय विद्यालयका साथै यातायातको सुविधा विस्तार गर्नु,
८. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा व्यवस्थापन गर्नु,
९. माध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी व्यवस्था र वृत्ति विकास जोड दिनु,
१०. विद्यार्थीहरूमा पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्नु,
११. माध्यमिक शिक्षामा कक्षा छाड्ने दर र दोहोऱ्याउने दर घटाउनु,



मालिका गाउँपालिका-म्याग्दी

१२. विद्यालयको भौतिक एवम् शैक्षिक वातावरणलाई समावेशी, सिकाइ मैत्री,वालमैत्री, अनुसन्धानात्मक र सुरक्षित बनाउनु,
१३. विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकुल उत्थानशील र जबाफदेही बनाउनु,
१४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्दै र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
१५. माध्यमिक शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी कक्षा शिक्षणलाई आकर्षित सिकाइ योग्य र दिगो बनाउनु ।

### ३.३.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. आधारभूत तह उत्तीर्ण सबै विद्यार्थीहरू सहजै माध्यमिक तहमा भर्ना हुनसक्ने गरी निःशुल्क र सहज पहुँचको वातावरण निर्माण गरिनेछ।
२. सिपयुक्त, क्षमतायुक्त, गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि अभिभावकलाई अभिभावक शिक्षा प्रदान गरिनेछ।
३. सङ्घीयर प्रदेश सरकारको सहयोगमा विद्यालयको क्षमता विकासका कार्यक्रमहरू लागू गरिनेछ ।
४. विद्यालय बाहिर रहेका विद्यार्थीलाई विद्यालय भित्र्याउन आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका समुदायका बालबालिकालाई थप सुविधा दिइनेछ ।
५. आधुनिक सूचना तथा प्रविधिको प्रयोग मार्फत शिक्षण सिकाइ पद्धतिमा समयानुकुल सुधार गरिनेछ ।
६. माध्यमिक तहमा खुद भर्नादर र टिकाउ दर बढाउन विद्यार्थी प्रोत्साहन कार्यक्रमहरू लागू गरिनेछ ।
७. अपाङ्गता भएका विद्यार्थीहरूलाई विशेष कक्षाको व्यवस्था मिलाइनेछ। अति विपन्न परिवारका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई खाजा स्टेशनरी एवम् पाठ्यसामग्रीका अतिरिक्त अन्य परिवार सहायता कार्यक्रम समेत सञ्चालन गरिनेछ ।
८. माध्यमिक विद्यालयहरूको थप भौतिक पूर्वाधार विकासगरी बालमैत्री, अपाङ्गमैत्री र सिकाइयोग्य वातावरणको निर्माण गरिनेछ ।
९. सबै विद्यालयमा न्यूनतम सक्षमताको अवस्था (PMEC) पुरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ ।
१०. विद्यालयको वातावरण दण्डरहित, भयरहित, सुरक्षित र बालबालिकामैत्री बनाइनेछ ।
११. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापनका लागि तीनै तहका सरकार स्थानीय सरकारी तथा गैरसरकारी सङ्घसंस्था लगायत सबैको सहकार्यमा अभियान सञ्चालन गरिनेछ ।
१२. सबै माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशाला स्थापना गणित, अङ्ग्रेजी लगायत अन्य , विषयका शैक्षिक सामाग्रीको व्यवस्था र प्रयोगमा वृद्धि गरिनेछ ।
१३. शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा पेशागत विकासका विभिन्न आयामहरूको विकास तथा सञ्चालन गरिनेछ ।

मालिका गाउँपालिका-म्याग्दी ।

१४. माध्यमिक तहमा शिक्षण सिकाइका लागि आधुनिक सूचना प्रविधिको प्रयोगलाई बढवा दिई कक्षालाई थप आकर्षक, बालमैत्री र दिगो सिकाइको लागि अनुकुल वातावरण निर्माण गरिनेछ ।

१५. विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइकै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याई विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराएर सिकाइमा सुधार ल्याउने अवस्था सिर्जना गर्न कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरी विद्यार्थी मूल्याङ्कन र परीक्षा पद्धतिमा समयानुकुल सुधार गरिनेछ ।

१६. न्यूनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी शिक्षकलाई विद्यार्थीको सिकाइ प्रति जबाफदेही हुने परिपाटीको विकास गरिनेछ।

१७. विषयगत सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने परिपाटीको विकास गरिनेछ ।

१८. विद्यालयहरूको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै वालवालिकको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनर्वितरण तथा समायोजन गरिनेछ।

१९. अति गरीब र समावेशीता आधारमा समायानुकुल छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

२०. गरेर सिक्ने ( learning by doing ) को मान्यतालाई प्रयोगमा ल्याइनेछ ।

२१. विद्यालय व्यवस्थापन र प्रशासनिक कार्य चुस्तदुरूस्त राख्न यातायातका साधनको व्यवस्था गरिनेछ।

२२. छुट्टै प्रशासनिक नेतृत्वमा थप सुविधा सहित विद्यालयको दैनिक कामकाज सञ्चालनमा जोड दिइनेछ।

२३. शिक्षकको निरन्तर अध्यावधिक हुन अभिप्रेरणा बढाउने कार्यक्रम सञ्चालन गरी दक्ष विषय शिक्षकको व्यवस्था गरिनेछ ।

२४. विद्यालय सुधार योजना शैक्षणिक योजना, वार्षिक कार्यतालिका ,निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिवृद्धि गरी शिक्षकको कार्यसम्पादन,कार्य प्रभावकारिता र जवाफदेहितामा वृद्धि गरिनेछ ।

२५. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणका साथै जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीको पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार तथा व्यवहारमा परिवर्तन गरिनेछ ।

### ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

योजनाको अन्तसम्ममा देहायका नतिजा प्राप्त हुने अपेक्षा गरीएको छ ।

१. सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुनेछ,

२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेका हुनेछन्,
३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा वृद्धि भएको हुनेछ,
४. सबै माध्यमिक विद्यालयहरूमा विषय शिक्षकको व्यवस्था भएको हुने,
५. कम्तीमा एउटा माध्यमिक विद्यालय **आवासीय विद्यालयको** रूपमा स्थापना हुने,
६. विद्यालयहरूमा पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता उत्प्रेरित शिक्षकको व्यवस्थापन प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुनेछ,
७. माध्यमिक शिक्षा पुरा गर्ने सबै बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुनेछन्,
८. माध्यमिक शिक्षाको भर्ना सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार आएको हुनेछ,
९. माध्यमिक विद्यालयहरू प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थिति प्रति उत्थानशील (Resilient) भएका हुनेछ,
१०. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायत अन्य प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइमा सहयोग हुनेछ,
११. शैक्षिक संस्थामा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाहका साथै शिक्षामा सुशासनकायम भएको हुनेछ,
१२. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराई अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन भएको हुनेछ,
१३. समग्रमा माध्यमिक तहको शिक्षाको सान्दर्भिकता र गुणस्तर अभिवृद्धि भएको हुनेछ,
१४. प्रत्येक माध्यमिक विद्यालयमा विषयगत ल्यावको व्यवस्था हुनेछ,
१५. शिक्षक र विद्यार्थी सिकाइप्रति अभिप्रेरित भइ शैक्षिक सामाग्री निर्माण र प्रयोगमा क्रियाशील रहनेछन् ।

मालिका गाउँपालिका-म्याग्दी ।

यस योजनाको कार्यान्वयनबाट माध्यमिक शिक्षामा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन्

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | कुल भर्नादर कक्षा ९-१०(**GER**) | १०५.८ | १०४ | १०३ | १०२ | १०० |
| २ | खुद भर्नादर कक्षा ९-१०(**NER**) | ९३ | ९५ | ९६ | ९८ | १०० |
| ३ | कुल भर्नादर कक्षा ९-१२(**GER**) | १०३.९ | १०३ | १०२ | १०१.७ | १०० |
| ४ | खुद भर्नादर कक्षा ९-१२(**NER**) | ८१.७ | ८२ | ८५ | ८८ | ९० |
| ५ | कुल भर्नादर कक्षा ११-१२(**GER**) | ९७ | ९७.५ | ९८ | ९९ | १०० |
| ६ | खुद भर्नादर कक्षा ११-१२(**NER**) | ७८ | ८० | ८२ | ८५ | ९० |
| ७ | कक्षा १० सम्मको टिकाउ दर (**Survival Rate**) | ७६ | ८० | ८५ | ९० | ९५ |
| ८ | कक्षा १२ सम्मको टिकाउ दर (**Survival Rate**) | ६६ | ६७ | ६९ | ७२ | ७५ |
| ९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क (**GPI**) | १.०३ | १.०३ | १.०२ | १.०१ | १.० |
| १० | तालिम प्राप्त माध्यमिक शिक्षक सङ्ख्या प्रतिशत | ९८.० | ९८.५ | ९९.५ | ९९.७ | १०० |
| ११ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ७.५ | ७ | ६.५ | ६ | ५ |
| १२ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १० | ८ | ७ | ६.५ | ४ |
| १३ | न्यूनतम सबलीकरण मापदण्ड (**Minimum Enabling Conditions)** पुरा गरेका विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० |
| १४ | कक्षा ९-१० को औसत सिकाइ उपलब्धि दर ( | २.६७ | २.६९ | २.७ | २.८ | ३.० |

मालिका गाउँपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | GPA) | | | | | |
| १५ | कक्षा ९-१२ को औसत सिकाइ उपलब्धि दर ( GPA) | २.३ | २.६ | २.७५ | २.८ | ३.० |
| १६ | कक्षा ९-१० को कक्षा दोहोऱ्याउने दर | १.७ | १.५ | १.३ | १.१ | ०.५ |
| १७ | कक्षा ११-१२ को कक्षा दोहोऱ्याउने दर | ०.३ | ०.२ | ०.१ | ०.० | ०.० |
| १८ | कक्षा ९-१० को कक्षा छाड्ने दर | २.४ | २.२ | २.१ | २.० | १.५ |
| १९ | कक्षा ११-१२ को कक्षा छाड्ने दर | ६ | ५ | ४ | ३ | २ |
| २० | उत्तिर्ण दर ( कक्षा ९-१०) | ७२ | ७५ | ८० | ८५ | ९० |
| २१ | उत्तिर्ण दर ( कक्षा ११-१२) | ७५ | ८० | ८५ | ९० | ९५ |

### ३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | शिक्षक योग्यता र मापदण्ड बमोजिम दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | १ | ० | १ | ० | ४ |
| २ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | विद्यालयको कार्यसम्पादन तथा सिकाइ उपलब्धिको परीक्षण र प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिम नयाँ पाठ्यक्रमको कार्यान्वयन तथा क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | शिक्षक कर्मचारीको तलब भत्ता | पटक | ४ | ४ | ४ | ४ | ४ | ४० |

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | (१० वर्ष) |
| ६ | शिक्षक कर्मचारीको लागि तलब भत्ता तथा थप पारिश्रमिकको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | अपाङ्गता भएका र विशेष आवश्यकता भएका बालबालिकालाई शैक्षिक सामग्री र पोसाक वितरण | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | बालबालिकाहरूमाव्यवहार कुशल सिपको मूल्याङ्कन परीक्षा प्रणाली लगायतका विषयमा शिक्षकलाई पेशागत तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ९ | निःशुल्क पाठ्यपुस्तक वितरण र प्रयोग | पटक | १ | १ | १ | १ | १ | १० |
| १० | पुस्तकालय व्यवस्थापन तथा पुस्तक सहयोग | पटक | १ | १ | १ | १ | १ | १० |
| ११ | विद्यालयमा स्मार्ट बोर्ड प्रयोग | सङ्ख्या | १ | १ | १ | १ | १ | १० |
| १२ | विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन तथा प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | १० |
| १३ | शिक्षकहरूका लागि शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी महोत्सव सञ्चालन र प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | १० |
| १४ | शिक्षकहरूका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| १५ | शिक्षक कर्मचारी तथा विव्यस एवम् शि.अ. सङ्घका पदाधिकारीका लागि शैक्षिक अवलोकन भ्रमण | पटक | ० | १ | १ | १ | १ | ९ |
| १७ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षकहरूलाई पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| १८ | सामाजिक परीक्षण प्रगति प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापनका लागि अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |
| १९ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्नलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |
| २० | विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |

मालिका गाउँपालिका

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| २१ | प्रधानाध्यापक तथा लेखा शिक्षकहरूका लागि लेखा व्यवस्थापन तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| २२ | शिक्षक कर्मचारीको अभिलेख व्यवस्थापन तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १० |
| २३ | विभिन्न दिवस तथा समारोह कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| २४ | विषयगत शिक्षकको अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| २५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | १० |
| २६ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| २७ | शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समूहद्वारा कक्षा अवलोकन पृष्ठपोषण प्रदान | पटक | १ | १ | १ | १ | १ | १० |
| २८ | मापदण्ड बमोजिम विद्यालयमा विषयगत शिक्षकको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | १० |
| २९ | विद्यालयलाई प्रकोप सङ्कट तथा आकस्मिक महामारी जस्ता परिस्थितिबाट उत्थानशील बनाउने योजना निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ३० | विद्यालय नर्स कार्यक्रम (मा.वि. तह) | सङ्ख्या | १ | १ | १ | १ | १ | १० |

### ३.३.७ लगानी र स्रोत व्यवस्थापन

माध्यमिक शिक्षाका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | शिक्षक योग्यता र मापदण्ड बमोजिम दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | विद्यार्थी भर्ना अभियान सञ्चालन | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | विद्यालयको कार्यसम्पादन तथा सिकाइ उपलब्धिको परीक्षण र प्रोत्साहन | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | ० | ० | ५००० | ० |
| ४ | राष्ट्रिय पाठ्यक्रम प्रारूप बमोजिम नयाँ पाठ्यक्रमको कार्यान्वयन तथा क्षमता विकास तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| ५ | शिक्षक कर्मचारीको तलब भत्ता | पटक | १७०१० | १८०१० | १८०५० | १९०१० | २००१० | २७२०९७ | २४७०९७ | ० | २५००० | ० |
| ७ | अपाङ्गता भएका र विशेष आवश्यकता भएका बालबालिकालाई शैक्षिक सामग्री र पोसाक वितरण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | ० | ० | ० |
| ८ | बालबालिकाहरूमा व्यवहार कुशल सिपको मूल्याङ्कन परीक्षा प्रणाली लगायतका | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | २५० | ० | ० |

मालिका गाउँपालिका-म्याग्दी

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | विषयमा शिक्षकलाई पेशागत तालिम | | | | | | | | | | | |
| ९ | निःशुल्क पाठ्यपुस्तक वितरण र प्रयोग | पटक | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ४५०० | ० | ० | ० |
| १० | पुस्तकालय व्यवस्थापन तथा पुस्तक सहयोग | पटक | ० | ८०० | ० | ८०० | ० | १६०० | १३०० | ० | ० | ३०० |
| ११ | विद्यालयमा स्मार्ट बोर्ड प्रयोग | सङ्ख्या | २५० | २५० | २५० | २५० | २५० | १२५० | ० | ० | ७५० | ५०० |
| १२ | विद्यार्थीका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन तथा प्रोत्साहन | पटक | २५० | २५० | २५० | २५० | २५० | १२५० | ० | ० | ७५० | ५०० |
| १३ | शिक्षकहरूका लागि शैक्षिक सामग्री निर्माण तथा प्रदर्शनी महोत्सव सञ्चालन र प्रोत्साहन | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | २५० | २५० |
| १४ | शिक्षकहरूका लागि सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | २५० | ० | २०० | ५० |
| १५ | शिक्षक कर्मचारी तथा वि.व्य.स. एवम् शि.अ. सङ्घका पदाधिकारीका लागि | पटक | ३५० | ४०० | ४५० | ५०० | ५०० | २२०० | ० | ० | २२०० | ० |

मालिका गाउँपालिका-म्याग्दी

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | शैक्षिक अवलोकन भ्रमण | | | | | | | | | | | |
| १६ | सिकाइ उपलब्धिका आधारमा उत्कृष्ट शिक्षकहरूलाई पुरस्कार तथा सम्मान कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| १७ | सामाजिक परीक्षण प्रगति प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापनका लागि अनुदान | पटक | १८० | १८० | १८० | १८० | १८० | ९०० | ९०० | ० | ० | ० |
| १८ | विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्नलाई अनुदान | पटक | १३५ | १३५ | १३५ | १३५ | १३५ | ६७५ | ६७५ | ० | ० | ० |
| १९ | विद्यालयलाई शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादन मा आधारित अनुदान | पटक | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४००० | ० | ० | ० |
| २० | प्रधानाध्यापक तथा लेखा शिक्षकहरूका लागि लेखा व्यवस्थापन तालिम | पटक | ४५० | ४५० | ४५० | ४५० | ४५० | २२५० | १००० | ० | १००० | २५० |
| २१ | शिक्षक कर्मचारीको | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

मालिका गाउँपालिका-म्याग्दी

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | अभिलेख व्यवस्थापन तथा अद्यावधिक | | | | | | | | | | | |
| २२ | विभिन्न दिवस तथा समारोह कार्यक्रम सञ्चालन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २०० | ५० |
| २३ | विषयगत शिक्षकको अन्तरक्रिया कार्यक्रम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | २५० | २५० | ० |
| २४ | दरबन्दी मिलान तथा व्यवस्थापन, विद्यालय अभिलेख अद्यावधिक कार्यक्रम | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | २२५ | २२५ | २२५ | ३०० | ३०० | १२७५ | १२७५ | ० | ० | ० |
| २६ | विद्यालय अनुगमन तथा सुपरिवेक्षण कार्यक्रम | पटक | ७५ | ७५ | ७५ | ७५ | ७५ | ७५ | ३७५ | ० | ० | ० |
| २७ | शिक्षकको पेशागत सहयोगका लागि विज्ञ समूहद्वारा कक्षा अवलोकन पृष्ठपोषण प्रदान | पटक | १०० | १०० | १५० | २०० | २५० | ८०० | ० | ० | ८०० | ० |
| २९ | विद्यालयलाई प्रकोप सङ्कट तथा आकस्मिक महामारी जस्ता परिस्थितिबाट | पटक | २५० | २५० | ३०० | ३५० | ३५० | १५०० | ५०० | ५०० | ३०० | २०० |

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | उत्थानशील बनाउने योजना निर्माण तालिम | | | | | | | | | | | |
| ३० | विद्यालय नर्स कार्यक्रम (मा.वि. तह) | सङ्ख्या | ४५० | ९०० | १३५० | १८०० | २२५० | ५८५० | ० | ५८५० | ० | ० |
| ३१ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | पटक | ३५० | ३५० | ३५० | ४०० | ४५० | १९०० | १९०० | ० | ० | ० |
| ३२ | आवासियछात्रवास व्यवस्थापन | पटक | ० | ५०० | ५०० | ५०० | ५०० | २००० | ० | ० | २००० | ० |
| ३३ | विद्यालय बस | ओटा | ० | २७०० | ० | २७०० | ० | ५४०० | ० | ० | ३००० | २४०० |

मालिका गाउँपालिका-म्याग्दी

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । प्राविधिक शिक्षालाई स्थापना नगरी गरीने शिक्षाबाट केवल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन् । हाम्रो शिक्षा प्रणालीलाई संरचना रुपमा बदल्न र शिक्षाबाट जीवनयापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्व झन् बढेको पाइन्छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ ।कुनै पनि पेशा वा व्यवसाय सम्बन्धी ज्ञान, सिप प्रदान गरी व्यक्तिलाई व्यावसायिक, सिपयुक्त र उद्यमशील बनाउने शिक्षा प्राविधिक शिक्षा हो । आजको समाज विज्ञान र प्रविधिको युगमा प्रवेश गरेको छ । सैद्धान्तिक किताबी ज्ञानको सट्टामा जीवनोपयोगी तथा व्यावहारिक ज्ञानसहितको शिक्षाको परिकल्पना गर्दै नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यून मध्यम तथा उच्चस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ ।

प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्दछ । यसै कुरालाई मध्यनजर गरेर यस खण्डमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गरी समस्या एवम् चुनौतीहरूको पहिचान गरीएको छ । नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । शिक्षालाई सिप, सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न थप चुनौति हुने देखिन्छ । ती चुनौतीहरूको सामना गर्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम कार्यक्रमको उद्देश्य, रणनीति, उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य तय गरीएको छ ।

### ३.४.२ वर्तमान अवस्था

विद्यार्थीहरूलाई आवश्यक पर्ने सक्षमतालाई ध्यान दिई कक्षा ९ देखिको प्राविधिक कार्यक्रमलाई पुनर्संरचित गर्नु आवश्यक छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यामिक विद्यालयहरूमा सञ्चालन गरिएको प्राविधिक धार ३ वर्षको हुनुपर्ने र यसका व्यावहारिक तथा प्रयोगात्मक अनुभव सहितको अन्तर्राष्ट्रिय असल अभ्याससँग तादात्म्य भएको हुनुपर्ने उल्लेख गरेको छ। यी कार्यक्रमहरू प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा सञ्चालित प्राविधिक शिक्षाका कार्यक्रमसँग मेल खान आवश्यक छ।

यस पालिकामा श्री किसानी माध्यमिक विद्यालयमा प्राविधिक धारको पढाइ सञ्चालन भएको छ ।यस विद्यालयमा १३० जना विद्यार्थी प्राविधिक तथाव्यवसायिक धारमा अध्ययनरत छन् । यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सिप र उद्यमशीलतामा आधारित आय आर्जनमा संलग्न भई आत्मनिर्भर र स्वालम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारसमेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।प्राविधिक शिक्षातर्फ विद्यार्थीको घट्दो भर्नादर, दक्ष प्रशिक्षकको अभाव तथा टिकाउ, लगानीको कमी तथा स्रोतको सुनिश्चतता नहुनु आदि प्रमूख चुनौतीका रुपमा रहेका छन् । व्यावसायिक तालिम लिन चाहने युवाका लागि तालिम प्रदायक संस्थाको अभाव अर्को प्रमूख चुनौतीको रूपमा रहेको छ ।गाउँपालिकाले सम्भाव्यता अध्ययन गरी अन्य सम्भावित विद्यालय पहिचान गरी प्राविधिक तथा व्यवसायिक धार थप गर्नुपर्ने चुनौति रहेको छ।

मालिका गाउँपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकास तालिम कार्यक्रमका समस्या तथा चुनौतीहरू निम्नानुसार रहेका छन् ।

१. प्राविधिक शिक्षासम्बन्धी नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गर्न,
२. प्राविधिक शिक्षामा विपन्न तथा कमजोर वर्गका बालबालिकाको सहज पहुँच पुऱ्याउन,
३. प्राविधिक शिक्षातर्फ अध्ययन गर्ने विद्यार्थीहरूलाई प्राविधिक शिक्षाको महत्त्वबारे बुझाउन,
४. प्राविधिक जनशक्तिका लागि पर्याप्त अवसरको उपलब्ध गराउन,
५. प्राविधिक जनशक्तिले आफ्नो विषयसँग सम्बन्धित व्यवसाय गर्न सक्ने बनाउन,
६. स्थानीय तहले भौतिक एवम् मानवीय स्रोतको विकासका लागि पर्याप्त लगानी गर्न,
७. गाउँपालिकामा प्राविधिक धारका विद्यालय नभएका कारणले प्राविधिक शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई स्थानीय स्तरमा नै सोको अवसर उपलब्ध गराउन ।

### ३.४.३ उद्देश्य

यस योजनाले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छः-

१. मालिका गाउँपालिका लगायत यस क्षेत्रमा प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सिपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,
२. प्राविधिक, व्यवसायिक र सिपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्युनीकरण गर्नु,
३. गाउँपालिका र यस क्षेत्र भित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योग मार्फत आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउने,
४. प्राविधिक तथा व्यवसायिक शिक्षाको अवसरलाई थप सहज र व्यापक विस्तार गरी समावेशी, समतामूलक पहुँचका आधारमा विकासका लागि उद्यमशील, सक्षम, सिपयुक्त जनशक्ति तयार गर्ने ।

### ३.४.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,

मालिका गाउँपालिका

२. प्राविधिक तथा व्यवसायिक शिक्षाका लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,
३. शिक्षामा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई समेट्न विशेष सहुलियत दिने नीति अवलम्बन गर्ने,
४. प्रयोगात्मक तर्फ विशेष प्राथमिकता दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम् व्यवस्थापन गर्ने,
५. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,
६. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबीच खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समन्वयात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,
७. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालयमार्फत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने
८. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि(**On the job Training)**र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,
९. प्राविधिक शिक्षा विकासको लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नुका साथै आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,
१०. प्राविधिक शिक्षामा अध्ययरत विद्यार्थीहरूको श्रमबजार खोजीका लागि सो विषयसँग सम्बन्धित सरकारी तथा गैर सरकारी सङ्घसंस्था उद्योग, व्यापार, व्यवसायमा संलग्न व्यक्तिहरूसँग अन्तरक्रिया र आवश्यकता अनुसार श्रम सम्झौता गर्ने,
११. गाउँपालिकाको सहयोगमा प्राविधिक तथा व्यवसायिक धारको विद्यालयमा व्यवसायिक तथा सिपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने ।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरको प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. विपन्न गरीब तथा जेहेन्दार विद्यार्थीका लागि सहज पहुँचको अवसर सिर्जना हुनेछ ।
२. समाजको आवश्यकता र मागलाई सम्बोधन गर्न सक्ने वातावरण निर्माण हुनेछ ।
३. प्राविधिक तथा व्यावसायिक तालिममा सबै नागरीकको आकर्षण बढ्नेछ ।
४. प्राविधिक तथा व्यावसायिक सिप विकास तालिम प्रदान गरी युवाहरूले स्वरोजगार प्राप्त गरेका हुनेछन् ।
५. प्राविधिक धारमा अध्ययरनत विद्यार्थीहरू स्वरोजगारमूलक, स्वउत्प्रेरित, व्यवसायिक, उद्योगी र रोजगार प्राप्त भएका हुनेछन् ।



मालिका गाउँपालिका

६. प्राविधिक शिक्षालयबाट प्राप्त गरेका विद्यार्थीहरू मालिका गाउँपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध गाउँपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन् ।
७. प्राविधिक तथा व्यवसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि हुनेछ साथै प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ ।
८. प्राविधिक शिक्षाप्रति आमसरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ ।

मालिका गाउँपालिका-म्याग्दी ।

### ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | गरीब,दलित तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति वितरण | जना | १०० | १०० | १०० | १०० | १०० | १००० |
| २ | सिपबिकास र आयआर्जन कार्यक्रम | जना | १३० | १३५ | १४० | १४५ | १५० | १४०० |
| ३ | छोटो अवधिको व्यावसायिक तालिम प्रदान | जना | २२ | २५ | ३० | ३५ | ४० | ३०४ |
| ४ | छात्रावास निर्माण तथा व्यवस्थापन | गोटा | ० | १ | ० | ० | १ | ४ |
| ५ | कृषि प्रयोगशाला | गोटा | ० | १ | ० | ० | ० | २ |
| ६ | **OJT** कार्य | जना | १३० | १३५ | १४० | १४५ | १५० | १४०० |
| ७ | नयाँ प्राविधिक धार शिक्षालय स्थापना | गोटा | ० | ० | १ | ० | ० | १ |

### ३.४.७ लगानी र स्रोत व्यवस्थापन

प्राविधिक तथा व्यावसायिक तालिम लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरिएको छ ।

मालिका गाउँपालिका-म्याग्दी ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | गरीब,दलित तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति वितरण | जना | १००० | १००० | १००० | १००० | १००० | ५००० | ० | ० | ५००० | ० |
| २ | सिप विकास र आयआर्जन कार्यक्रम | जना | १५० | १५५ | १६० | १६५ | १७० | ८०० | ० | ४०० | ० | ४०० |
| ३ | छोटो अवधिको व्यावसायिक तालिम प्रदान | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ५० | २०० | ० |
| ४ | छात्रावास निर्माण तथा व्यवस्थापन | गोटा | ० | ५००० | ० | ० | ५००० | १०००० | ५००० | २५०० | २००० | ५०० |
| ५ | कृषि प्रयोगशाला | गोटा | ० | ५०० | ० | ० | ० | ५०० | ० | ० | २५० | २५० |
| ६ | **OJT** कार्य | जना | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | ० | १२५ |
| ७ | नयाँ प्राविधिक धार शिक्षालय स्थापना | गोटा | ० | ० | १००० | ० | ० | १००० | ० | ० | १००० | ० |

## ३.५ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ

### ३.५.१ परिचय

सिकाइ जीवनपर्यन्त चल्ने प्रक्रिया हो। यसका लागि सिकाइका औपचारिकका अतिरिक्त अनौपचारिक तरिकाले पनि महत्त्वपूर्ण भूमिका खेल्छ। अनौपचारिक तरिकाबाट व्यक्तिले वैयक्तिक तथा सामाजिक विकास, जीविकोपार्जन तथा रोजगारीका लागि आवश्यक पर्ने ज्ञान, सिप तथा सक्षमताहरूको विकास गर्छ। सिकाइ समय, विधि वा माध्यममा मात्र सीमित हुन हुँदैन। जीवनपर्यन्त शिक्षा औपचारिक शिक्षा पद्धतिभन्दा भिन्न प्रकृतिको हुन्छ। विगतका दशकहरूमा औपचारिक शिक्षा पद्धति बाहिर/सँगै सिकाइलाई सहजीकरण गर्न धेरै प्रकारका कार्यक्रमहरू स्थापित भएका छन्।

अनौपचारिक शिक्षा कार्यक्रमले निरक्षरका लागि साक्षरता तथा साक्षरताको माथिल्लो तहमा जान चाहने र आफ्नो पेशागत तथा व्यावसायिक सिपको विकास गर्न चाहनेका लागि साक्षरोत्तर शिक्षा दुवैलाई समेट्छ। यस उपक्षेत्रले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पहुँच पुर्याउने तथा सिकाइ संस्कृतिको प्रवर्धन गर्ने रणनीति, प्रतिफल तथा कार्यक्रम प्रस्तुत गर्छ। यसले विद्यालय प्रणाली छोड्ने बालबालिका तथा किशोर किशोरीहरूका लागि निरन्तर तथा जीवनपर्यन्त सिकाइका लागि मार्ग प्रदान गर्छ।

### ३.५.२ वर्तमान अवस्था

अनौपचारिक कार्यक्रमले निरक्षरहरू विशेष १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गर्दछ । यसका लागि गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा हुँदै आएका छन् । साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरीन्छ । मालिका गाउँपालिकाको पार्श्वचित्र २०८१ अनुसार यस गाउँपालिकामा १५ देखि ६० वर्ष उमेरको जनसङ्ख्यामा कुल साक्षरता दर ७७.८९ प्रतिशत पुगेको छ । यस पालिकामा रहेको करिब २२.११ प्रतिशत निरक्षर जनसङ्ख्यालाई कसरी साक्षर बनाउने भन्ने समस्याको विषय बनेको छ । यसका लागि दीर्घकालीन योजना आवश्यक छ । यस गाउँपालिकामा ३ ओटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा छन् । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट जीवन पर्यन्त सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरीक तयार पार्ने उल्लेख गरेको छ । यो कार्यक्रम तीनै तहका सरकारको साझा अधिकार सूचीमा रहेकोले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद शाखाहरूले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश सङ्घीय संरचनामा रूपान्तरण भए पश्चात् अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएको तर यसको मर्म अनुसार कार्यसम्पादन



मालिका गाउँपालिका-ड्राफ्ट

हुनसकेको देखिँदैन आवधिक रूपमा साक्षरताको सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले गाउँपालिकाको साक्षरता सम्बन्धी तथ्याङ्क अद्यावधिक हुन सकिरहेको छैन ।

उल्लेखित विवरणका आधारमा मालिका गाउँपालिकाको अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका सम्बन्धमा देहायबमोजिमका चुनौतीहरू देखिएका छन् ।

१. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु,
२. परम्परागत शिक्षाको संरक्षण प्रवर्द्धन व्यवस्थापन नियमन र प्रमाणीकरणका लागि स्पष्ट नीति मापदण्ड निर्धारण गरी संस्थागत सुदृढीकरण गर्न,
३. सिकारुको आवश्यकता अनुसारका सक्षमतामा आधारित कार्यक्रम विकास तथा कार्यान्वयन गर्न,
४. अनौपचारिक तथा आजीवन सिकाइ सम्बद्ध विश्वसनीय तथा खण्डीकृत तथ्याङ्क तयार तथा अद्यावधिक गर्न,
५. समग्र कार्यक्रमलाई समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गर्न भौतिक वित्तीय मानवीय स्रोत र प्रविधिलाई सुदृढीकरण गर्न,
६. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउन,
७. अनौपचारिक तथा निरन्तर शिक्षा खुला तथा वैकल्पिक शिक्षाका लागि मापदण्ड अनुकुल पाठ्यक्रम पाठ्यपुस्तक तथा थप सिकाइ सामग्री विकास गर्न,
८. आवश्यकतामा आधारित आजीवन सिकाइसँग सम्बन्धित मोडुलर सिकाइ सामग्री विकास र कार्यान्वयन गर्न,
९. नागरीक व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापना र प्रवर्द्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गर्न,
१०. सङ्घीय प्रदेशगत जिल्ला र स्थानीय तहमा यससँग सम्बद्ध निकायहरू बिच कार्यक्रमगत समन्वय र सहकार्यको वातावरण निर्माणका लागि व्यवस्थित संयन्त्रको विकास गर्न,
११. सामुदायिक सिकाइ केन्द्रको संस्थागत क्षमता विकासको लागि पर्याप्त बजेट व्यवस्था गर्न,

### ३.५.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. सबै नागरीकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
२. औपचारिक अनौपचारिक र अतिरिक्त शिक्षाका बिच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता (Equivalency) गतिशीलता (Mobility) र पारगम्यता (Permeability) सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु,
३. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु,



मालिका गाउँपालिका-म्याग्दी

४. सामुदायिक सिकाइ केन्द्रहरूलाई अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका विभिन्न कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्नका लागि सक्षम र जिम्मेवार निकायको रूपमा विकास गराउनु,
५. अनौपचारिक शिक्षाको माध्यमबाट साक्षर भएका नागरीकहरूका लागि आयआर्जनका वैकल्पिक माध्यमहरूका बारेमा सुसूचित र प्रशिक्षित बनाई विभिन्न व्यवसाय तथा उद्यम गरी आत्मनिर्भर एवम् स्वरोजगार बनाई गरीबी निवारणमा टेवा पुऱ्याउनु ।

### ३.५.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. मौलिक तथा परम्परागत ज्ञान तथा सिपको पहिचान संरक्षण प्रवर्द्धन आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. सिकारुको आवश्यकताअनुसार तहगत पाठ्यक्रम सिकाइ मोड्युलहरु र भाषिक विविधता अनुरूपका सिकाइ सामग्री विकास गरिनेछ ।
३. अनौपचारिक तथा आजीवन सिकाइका लागि सङ्घ प्रदेश र स्थानीय सरकार बिच स्रोत साझेदारी विकास प्रारूप तयार गरिनेछ ।
४. सरकारी निकाय तथा अन्य सरोकारवालाहरू बिच समन्वय सहकार्य र साझेदारीमा वैकल्पिक शिक्षा सञ्चालनका निमित्त विद्यमान सामुदायिक संरचना (शिक्षा स्वास्थ्य कृषि वन तथा वातावरण समुदायमा आधारित संस्था) तथा जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिनेछ ।
५. सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरिनेछ ।

### ३.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै नागरीकका लागि साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना हुने,
२. सिकारुको आवश्यकता अनुसार आजीवन सिकाइका नमुना मोड्युलर सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने,
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी खण्डीकृत डाटाबेस तयार हुने ,
४. हरेक वडामा सामुदायिक पुस्तकालय स्थापना भएका हुनेछन् ।

मालिका गाउँपालिका-म्याग्दी

यस योजनाको कार्यान्वयनबाट अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन्

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी खण्डीकृत डाटाबेस तयार | १ | १ | १ | १ | १ | १ |
| २ | साक्षरता तथा निरन्तर कक्षा सञ्चालन | ० | ० | १ | १ | १ | १ |
| ३ | छोटो अवधिको तालिम, समूह गठन तथा आयआर्जन सहयोग | ० | ० | १ | १ | १ | १ |
| ४ | वडा स्तरमा पुस्तकालय स्थापना | ० | ० | २ | ३ | १ | १ |

### ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ सम्बन्धी खण्डीकृत डाटाबेस तयार | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | साक्षरता तथा निरन्तर कक्षा सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ८ |
| ३ | छोटो अवधिको तालिम, समूह गठन तथा आयआर्जन सहयोग | पटक | ० | १ | १ | १ | १ | ८ |
| ४ | वडा स्तरमा पुस्तकालय स्थापना | सङ्ख्या | ० | २ | ३ | १ | १ | ७ |

### ३.५.७ लगानी र स्रोत व्यवस्थापन

अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी खण्डीकृत डाटाबेस तयार | पटक | २० | २० | २० | २० | २० | १०० | ० | ० | १०० | ० |
| २ | साक्षरता तथा निरन्तर कक्षा सञ्चालन | पटक | ० | १२० | १२० | १२० | १२० | ४८० | ० | ० | २४० | २४० |
| ३ | छोटो अवधिको तालिम,समूह गठन तथा आयआर्जन सहयोग | पटक | ० | १५० | १५० | १५० | १५० | ६०० | ० | ० | ४०० | २०० |
| ४ | वडा स्तरमा पुस्तकालय स्थापना | सङ्ख्या | ० | १००० | १५०० | ५०० | ५०० | ३५०० | ० | १००० | २००० | ५०० |

मालिका गाउँपालिका

# परिच्छेद ४- अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। यो एउटा गतिशील र लचिलो प्रक्रिया हो ।पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समायोजन हुन, रोजगारी प्राप्त गर्न, पेशाव्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक कृयाकलापमा संलग्न हुन सहयोग पुग्दछ। पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित सिक्नु र तथ्यपरक हुनुपर्दछ।वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा परिबेश अनुकुल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो।

विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.स.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि प्रारम्भ भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.स.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र कार्यान्वियन गर्ने परिपाटी सुरु गरीएको छ। यसैक्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ तयार भई वि.स.२०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वियन हुने क्रममा रहेको छ । आधारभूत तह १-३,४-५ र ६-८ का लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वियनमा ल्याइएको छ। यसैगरी माध्यमिक तह कक्षा ९-१०र कक्षा ११-१२ मा पनि छुट्टाछुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ ।विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरीएको, व्यवहारकुशल तथा जीवन उपयोगी सिप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा,इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वियन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। पाठ्यक्रममा सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्यवा सामुदायिक लगायतका व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सिपमारुपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। आदर्श मनुष्य तयार पार्ने उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृत भाषा, सस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरीएका छन् भने स्थानीय परिवेश अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ। व्यवसायिक शिक्षा, स्वास्थ्य शरीरिक र वातावरण शिक्षा, सिर्जनशिल तथा अभिव्यक्तकला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य,संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सन्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ। विद्यालय तहको

पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाप्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवन उपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ। विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाई क्रियाकलापको अभिन्न अंगको रूपमा लिएको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरीएको छ। पाठ्यक्रमका विषयवस्तुहरू सहज ढंगले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरीएका छन् । मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरीएका छन्।पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरीएकोछ। स्टेम भनेको बिज्ञान,प्रबिधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विद्यामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो। जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउँदछ। साथै उनीहरूमा रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुनजान्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ। स्टेमले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ। जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ। विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकरात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन्। नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपुर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्याबधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तकनीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्यांकनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममारहेका चुनौतीहरू हुन्।पहिचान गरीएका चुनौतीहरूलाई सामना गर्ने गरी पाठ्यक्रम तथा मूल्याङ्कन उपक्षेत्र तर्फका उद्देश्य, रणनीति, मुख्य मुख्य कार्यक्रम तथा लक्ष्यहरू तय गरीएको छ ।

### ४.१.२ वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना रहेको छ ।विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणाबमोजिम अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरीएको व्यवहार

कुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधार भूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ । मालिका गाउँपालिकाको आधारभूत तहको स्थानीय पाठ्यक्रम निर्माण गर्न सकिएको छैन ।

प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने भाषाको माध्यमले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहु भाषाको प्रयोग गरी सिकाइ सहजीकरण गने सकिने व्यवस्था गरेको छ भने सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा यसको प्रयोगलाई विस्तार गर्ने व्यवस्था गरेको छ । विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा सामाजिक तथा नागरीक शिक्षा दिने, विद्यालय तह पूरा गरेपछि पेशा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरीएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरीएको छ । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण सुधार तथा समायोजन गर्नु जरुरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षण सिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, केही कक्षाका केही विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरीएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रूपमा प्रयोग गर्ने र परीक्षालगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १० र ११-१२ को अन्तमा सञ्चालन हुने सार्वजनिक परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, वैध र विश्वसनीय बनाउनुपर्ने छ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ । सरकारले कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरीरहेका छन् । विद्यालय तहमा बहु पाठ्यपुस्तक लागु गरीने नीतिगत व्यवस्था भए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन । पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक लगायत केही बाल सन्दर्भसामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेबसाइटमा राख्ने गरेको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र



मालिका गाउँपालिका-म्याग्दी

विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र सञ्चालनको आवश्यकता छ ।

माथि उल्लेखित विश्लेषणका आधारमा यस मालिका गाउँपालिकामा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन कार्यक्रमका सन्दर्भमा निम्न लिखित समस्या र चुनौतीहरू रहेका छन् ।

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धतिको स्थापना र सञ्चालन गर्न,
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्न,
३. सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण तथा तालिम प्रदान गर्न,
४. अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृति अनुसार लचकता प्रदान गर्न,
५. स्थानीय पाठ्यक्रम, र पाठ्यपुस्तकको निर्माण तथा कार्यान्वयन गर्न,
६. शिक्षक निर्देशिका लगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्रीको विकास तथा उपलब्धता गर्न,
७. मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने परीक्षा पद्धतिलाई स्मरण र बोध जस्ता सामान्य संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको  कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउन,
८. योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदानमा सहजता ल्याउन,
९. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्न,
१०. पाठ्यक्रम विकास, परिमार्जन, कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तहको जबाफदेहिताको अभिवृद्धि गर्न।

### ४.१.३ उद्देश्य

यस योजनाले पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिमको संशोधित पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नु,
२. पाठ्यक्रमलाई समय सापेक्ष सान्दर्भिक गुणस्तरीय र प्रभावकारी बनाई समृद्ध नेपाल निर्माणका लागि सक्षम सृजनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु,
३. बालबालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारित समाजमा अनुकुलन बनाउन पाठ्यक्रम तथा मूल्याङ्कन प्रणालीलाई प्रविधियुक्त बनाउनु,
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषय वस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,



मालिका गाउँपालिका

५. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
६. विद्यार्थीहरूलाई अतिरिक्त तथा सह क्रियाकलापमा संलग्न गराई सिकाइको दायरा विस्तार गर्नु,
७. सामुदायिक विद्यालयहरूमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्नु,
८. सामुदायिक विद्यालयहरूमा विज्ञान तथा प्राविधिक शिक्षाको समयानुकल विकासको लागि आवश्यक पूर्वाधारजन्य क्षमताको विकास गर्नु ।

**४.१.४ रणनीति**

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. प्रत्येक विद्यालयका शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिम निर्माण र संशोधन विद्यालय स्तरमा नयाँ पाठ्यक्रम प्रवधीकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गरिनेछ ।
२. स्थानीय पाठ्यक्रम तथा पाठ्य सामाग्रीको विकास तथा प्रयोगको लागि शिक्षक तथा अन्य सरोकारवालाहरूलाई समेत प्रवोधीकरण गरिनेछ साथै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गरीने छ ।
३. राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्दिष्ट गरेअनुसार विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न शिक्षकको सक्षमता विकास गरी जिम्मेवार बनाइनेछ।
४. राष्ट्रिय तथा स्थानीय दुवै प्रकारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने संरचनात्मक तथा नीतिगत प्रबन्ध गरी कार्यान्वयन ल्याइनेछ।
५. विपद, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता विद्यालयको संरचनागत सुधार गर्ने र शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।
६. पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्रीहरू व्यवस्थापन गरिनेछ ।
७. पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइने छ ।
८. शिक्षण सिकाइलाई बाल केन्द्रित लैङ्गिक तथा अपाङ्गतामैत्री बनाई बालबालिकाको शैक्षिक पहुँच बढाउन सिकाइको अवसर वृद्धि गर्न पाठ्यक्रम र सिकाइ सामग्रीलाई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितता गरिनेछ ।
९. विद्यालयहरूमा विज्ञान प्रयोगशाला सबै विद्यालयहरूमा पुस्तकालय सूचना प्रविधि प्रयोगशाला गणित प्रयोगशाला तथा आधारभूत विद्यालयहरूमा सिकाइ कुना र प्रयोगशालाको व्यवस्थापन गरी शिक्षक तथा विद्यार्थीको सिकाइ क्षेत्र विस्तार गरी क्षमता विकास गरिनेछ ।
१०. विद्यार्थीको सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जबाफदेही बनाई यसलाई शिक्षकको वृत्ति विकाससँग जोडिनेछ ।
११. आधारभूत तहमा हुने स्तरीकृत परीक्षालाई थप प्रभावकारी र व्यवस्थित गर्दै लगिनेछ ।
१२. विद्यालय तहको परीक्षा र मूल्याङ्कन प्रणालीलाई थप परिमार्जन र समयसापेक्ष बनाई क्रमशः सुधार गर्दै लगिनेछ ।

मालिका गाउँपालिका

१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गरिनेछ ।
१४. स्टिमको अवधारणा अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धी गर्न शिक्षकहरूको क्षमता विकास गरिनेछ ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित भइ दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकरात्मक सोच भएका, सिकाइप्रति प्रतिवद्ध नागरीक तयार गर्न सहयोग भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

- पाठ्यक्रम आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप, र व्यवहार सकारात्मक परिवर्तन भएको हुनेछ,
- बालविकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू सुचार तरिकाले कार्यान्वयन हुनेछ,
- कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सिपहरू कार्यान्वयन हुनेछ,
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ,
- स्थानीय पाठ्यक्रम निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्वलाई स्पष्टतादिलाउने,
- सबै विद्यार्थीको निरन्तर विद्यार्थी मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा सहयोग पुराएको हुनेछ,
- स्टिम अवधारणा अनुसार शिक्षण प्रकृयाले गणित र विज्ञान विषयको उपलब्धिमा सुधार हुनेछ,
- सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुनेछ ।

मालिका गाउँपालिका-म्याग्दी

यस योजनाको कार्यान्वयनबाट पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनमा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन्

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा कार्यान्वयन | ० | ० | १ | १ | १ | १ |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ३ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | जलवायु परिवर्तन तथा उत्थानशीलतासम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | (१० वर्ष) |
| १ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन सम्वन्धमा शिक्षकहरूको क्षमता विकास | पटक | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | स्थानीय पाठ्यक्रम निर्माण,विकास तथा कार्यान्वयन | पटक | ० | १ | १ | १ | १ | ८ |
| ३ | विपद् र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को कार्यान्वयन र अनुगमन | पटक | १ | १ | १ | १ | १ | १० |

मालिका गाउँपालिका-म्याग्दी

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | शिक्षकलाइ स्टेममा आधारित क्षमता विकास तालिम | शिक्षक | २० | २० | २० | २० | २० | २०० |
| ६ | **Universal Design for Learning** मा क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १० |

### ४.१.७ लगानी र स्रोत व्यवस्थापन

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन सम्वन्धमा शिक्षकहरूको क्षमता विकास | पटक | १०० | १०० | १०० | १५० | १५० | ६०० | ० | ० | ५०० | १०० |
| २ | स्थानीय पाठ्यक्रम निर्माण, विकास तथा कार्यान्वयन | पटक | ० | १००० | १००० | १००० | १००० | ४००० | ० | ० | ४००० | ० |
| ३ | विपद् र संकटको समयमा विद्यालय तहमा प्रयोग गर्न सकिने सामग्रीको विकास | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | ५० | २०० |
| ४ | राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ को कार्यान्वयन र अनुगमन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ५ | शिक्षकलाइ स्टेममा आधारित क्षमता विकास तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

शैक्षिक प्रशासन विकास र सेवा प्रवाहको व्यवस्था अवस्था र अनुभूतिको समग्र कार्यप्रक्रिया र पद्धतिको समष्टि नै व्यवस्थापन हो । सामान्यतया शिक्षक व्यवस्थापनभित्र पद स्वीकृति शिक्षक भर्ना, छनोट, सरुवा ,बढुवा वृत्ति विकास शिक्षकको सेवा सर्त सम्बन्धि सम्पुर्ण व्यवस्थापकिय कार्यपर्दछन् । अझै स्पष्ट रुपमा भन्नुपर्दा यससँग सम्बन्धित कानुनी व्यवस्था संरचनागत व्यवस्था स्रोतसाधन आर्थिक पर्यावरणीय व्यवस्थाको समग्रता नै शिक्षक व्यवस्थापन हो। यो आफैंमा बहुआयामिक विषय हो । निरन्तर प्रक्रिया हो,अन्तरनिहित यात्रा हो, आफैंमा एउटा प्रणाली हो । शिक्षकको स्तर माथि नउठे सम्म कुनै पनि देशको शिक्षाको स्तर माथी उठ्न सक्दैन ।शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेका शिक्षकहरू नै हुन् ।

शिक्षा शासन विकास र सेवा प्रवाहमा प्रभावकारीता दक्षता समता समानता वातावरणमैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ । यसको लागि जनशक्ति योजना,दरबन्दी सिर्जना तथा भर्नाउपयोग विकास सेवा सुविधा , सामाजिक सुरक्षा (तलबभत्ता, पोशाक बिदा औषधिउपचार)आदी पेशागत विकास पर्दछन । शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना रिक्त स्थानको पहिचान पदपुर्ति माग प्रतिशत निर्धारण दरखास्त आव्हान तथा संकलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित, मौखिक रप्रयोगात्मक) उम्मेदवारहरूको मूल्याङ्कन तथा छनोट नतिजा प्रकाशन सूचना प्रकाशन नियुक्तिका लागि सिफारिस नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन् ।यसका अतिरिक्त का. स. मू. जिम्मेवारी वृत्तिविकास सरुवा बढुवा आदि गरीने गर्दछ । शिक्षकहरूको तालिम अवलोकन भ्रमण अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा तह वृद्धि उनको सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन् । व्यवस्थापनकै क्रममा शिक्षक सेवामा केही सवालहरू पनि उठेका छन्। समावेशीकरणको योग्यतामुलक शिक्षक सेवा र सुशासन शिक्षा सेवा र संघीय शासन प्रणालीको अन्त्य गरी संवैधानिक प्रावधान अनुकुल विद्युतीय सेवा प्रवाह र विश्वव्यापिकरण (globalization)विविधता व्यवस्थापन समतामूलक (समानतामूलक न्याय वितरणकारी पुनर्वितरणकारी न्याय जस्ता विषयवस्तुहरू अहिले उठेका सवालहरू हुन् ।भनिन्छ्जस्तो माटो त्यस्तै कमिला । त्यसै गरी जस्ता शिक्षक त्यस्तै विद्यार्थी । शिक्षा क्षेत्रका जीवित मस्तिष्क भनेर शिक्षक नै हुन् ।भनाइ छ एउटा खराव डाक्टर एउटा बिरामीका लागि घातक हुन्छ भने एउटा अयोग्य शिक्षक लाखौं बालबालिकाको लागि घातक हुन्छ ।शिक्षा नीति ऐन नियम योजनामा सरोकारवालाहरूलाई अनदेखा गर्यो भने त्यो कागजको रुपमात्र हुन्छ, फल दिँदैन तसर्थ शिक्षक व्यवस्थापन महत्वपूर्ण हुन्छ । योग्य सक्षम कुशल र उत्प्रेरित शिक्षकले नै गुणस्तरीय सेवा प्रवाह गर्न सक्छ । शिक्षकलाई पुनर्ताजगी गराउन तालिम आवश्यक छ । नयाँ प्रणालीसँग परिचित हुन तालिम चाहिन्छ ।शिक्षकको व्यावसायिकता बढोत्तरीको लागि सिकारुको सर्वोच्चता सुनिश्चितताको लागि तालिम चाहिन्छ। शैक्षिक व्यवस्थापनले समग्र शैक्षिक शासन विकासका सेवा प्रवाह सुशासन समृद्धि रोजगार र अवसर प्रदान गर्न व्यवस्था गर्दछ यसले अनुभूति दिलाउँछ । शैक्षिक क्षेत्रको समग्र ज्ञानेन्द्रीय तथा कर्मेन्द्रिय आधार नै शिक्षक व्यवस्थापन हो । सरकार सिकारु र शिक्षकबीचको सम्बन्धनै शिक्षक व्यवस्थापन तथा तालिम नै हो ।बदलिदो परिवेश अनुसार आवश्यक शिक्षाको लागि योग्य व्यावसायिक रूपमा दक्ष पेशा प्रति उत्प्रेरित समर्पित प्रतिबद्ध र विद्यार्थीको सिकाईप्रति जवाफदेही शिक्षक हुनु आवश्यक छ । शिक्षकमा भएको ज्ञानले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दछ । योग्य र कुशल शिक्षकले नै विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ ।

मालिका गाउँपालिका-म्याग्दी

शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्ने शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने शिक्षकसहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ । शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने, औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरीएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउन उद्देश्य पुरा गर्नको लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरीएको छ ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने,स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण हुनु पर्ने, बढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाईसमाजमा प्रतिष्ठित पेशाका रूपमा लिन थालिएको छ । नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत, अनुदान तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत तथा निजी शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाइ कार्यान्वयन गर्न आवश्यक देखिन्छ ।

मालिका गाउँपालिकाका विद्यालयमा कुल शिक्षक दरबन्दी १९१ रहेको छ । त्यस मध्ये प्राथमिक तहको दरबन्दी १२३, राहत अनुदान ३५, अस्थायी/करार ८८ गरी जम्मा १२३ शिक्षक कार्यरत छन् ।त्यसै गरी निम्न माध्यमिक तहमा ३५ दरबन्दी र १० जना राहत र २५ जना अस्थायी/करार गरी जम्मा ३५ जना शिक्षक कार्यरत छन् । माध्यमिक तहमा ३३ दरबन्दी जसमा राहत अनुदान ४ र २९ अस्थायी/करार गरी जम्मा ३३ जना शिक्षक कार्यरत छन् । मालिका गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासमा निम्नानुसारका चुनौती र समस्याहरू रहेका छन्ः-

१. विद्यालयको सङ्ख्याका आधारमा आधारभूत तथा माध्यमिक तहमा न्यून तथा शुन्य दरबन्दी हुनु,
२. शिक्षकको पेशागत दक्षता विकास गर्न नसक्नु,
३. शिक्षकको मनोबृत्तिमा परिवर्तन गर्नु,(घरपायक मात्र खोज्ने जिम्मेवारी बोध कम )
४. पेशागत विकास कोष अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्धगर्न,
५. शिक्षकको पेशागत सहयोग प्रणाली सुदृढ एवम् स्थापित गर्न,
६. शिक्षकको पेशागत विकासको अवसरको प्रबन्ध गर्न,
७. विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
८. विपत् र सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन गर्न सक्षम बनाउन,
९. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न,
१०. शिक्षकको पेशागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्न,
११. शिक्षकहरूमा आधुनिक सूचना तथा सञ्चार लगायत शिक्षण पद्धतिको प्रयोगका लागि उनीहरूको क्षमता विकास गर्न ।

### ४.२.३ उद्देश्य

उपर्युक्त समीक्षा तथा समस्या तथा चुनौतिहरूका आधारमा स्थानीय तहको शिक्षाक्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरीएका छन्-ः

१. शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्नु,
२. सबै तहमा योग्यता पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु,
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु,
४. शिक्षकको छनौट नियुक्ति र पुनःवितरणलाई सुदृढ बनाउनु,
५. शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु,
६. पेशागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
७. सुपरिवेक्षण शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेशाप्रति उत्प्रेरित र जबाफदेही बनाउनु,
८. शिक्षक पेशागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्नु ।

### ४.२.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. शिक्षक सक्षमता प्रारूपलाई आत्मसात् गरी शिक्षक तयारी र छनौट प्रक्रियालाई सहजीकरण गरिनेछ ।
२. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत क्षेत्रगत र विषयगत आधारमा शिक्षक दरबन्दी मिलान गर्न आवश्यक कार्यविधि तयार गरी पुन वितरण तथा शिक्षक व्यवस्थापन गरिनेछ ।
३. उच्च कार्य सम्पादन गर्ने शिक्षकहरूको लागि प्रोत्साहन र पुरस्कृत गरिनेछ ।
४. नव प्रवेश शिक्षकहरूका लागि अभिमुखीकरणमार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
५. रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपूर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिनेछ ।
६. शिक्षकले कक्षा कोठामा बिताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ ।
७. शिक्षक नियुक्ति सरुवा तथा तालिम र पेशागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नआउने व्यवस्था मिलाइनेछ ।
८. महिला शिक्षक सुत्केरी बिदामा बस्दा वा अन्य कुनै शिक्षक कर्मचारी लामो बिदामा बस्नुपर्दा उक्त अवधिका लागि पठनपाठन अवरुद्ध नहुने वातावरण मिलाइनेछ ।
९. शिक्षकको उपस्थिति नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जबाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासका लागि विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरिनेछ ।
१०. सबै तहमा विद्यालयको प्राज्ञिक एवम् प्रशासकीय प्रमुखको रूपमा मापदण्ड पुगेको (तोकिएको शैक्षिक योग्यता र सम्बन्धित तहमा स्थायी) प्रधानाध्यापक नियुक्त गरिनेछ।

मालिका गाउँपालिका

११. शिक्षकको निरन्तर पेशागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तालिम सञ्चालन गरिनेछ।

१२. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा पथप्रदर्शन पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइनेछ ।

१३. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरिनेछ।

१४.सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जबाफदेही हुने पद्धतिको विकास गरिनेछ।

१५.नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरणमार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

१६.प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ र **कम्तिमा सात प्रतिशत प्रोत्साहन भत्ताको** व्यवस्था गरिनेछ।

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विषयवस्तुमा दक्ष, शिक्षण पेशाप्रति इमानदार र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षाकृत सुधार भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भई शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने,
२. सबै शिक्षकहरूबाट आधारभूत सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण गरेको हुने,
३. विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,
४. शिक्षकहरूमा पेशा प्रति इमानदारिता र समर्पण भावको विकास भएको हुने,
५. विद्यार्थीहरूको सिकाइ प्रभावकारी समय सान्दर्भिक र गुणस्तरीय हुने,
६. सबै तहमा मापदण्ड पुगेको (तोकिएको शैक्षिक योग्यता र सम्बन्धित तहमा स्थायी) प्रधानाध्यापक नियुक्त भएको हुने,
७. पेशागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भएको हुने,
८. शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त गरेको हुने,
९. शिक्षकको वृत्ति विकासका लागि मापनयोग्य, पारदर्शी वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुनेछ ।

मालिका गाउँपालिका-म्याग्दी

यस योजनाको कार्यान्वयनबाट शिक्षक व्यवस्थापन र विकासमा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन् ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक (%) | ९८.०० | ९८.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त शिक्षक (%) | ९८.०० | ९८.५ | ९९.५ | ९९.७ | १००.०० | १००.०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्युनतम सक्षमता भएका शिक्षक (%) | ३०% | ३०% | ५०% | ६०% | ७०% | ७५% |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |

मालिका गाउँपालिका म्याग्दी ।

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ बर्षको जम्मा | |
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | पटक | ४० | ४० | ४० | ४० | ४० | ४० | ४० |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक (%) | पटक | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त शिक्षक (%) | शिक्षक | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी न्युनतम सक्षमता भएका शिक्षक (%) | विद्यालय | ३०% | ५०% | ६०% | ७०% | ७५% | ७५% | ७५% |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय | समूह | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | शैक्षणिक योजना निर्माण र कार्यान्वयनका लागि शिक्षकलाई तालिम | विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ७ | सहपाठी कक्षा अवलोकन | सङ्ख्या | १० | १५ | २० | २५ | ३० | ३९ | ३९ |
| ८ | शिक्षकको पेशागत सहयोगका लागि विज्ञहरुको सूची तयार तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ९ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | १० वर्षको लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ बर्षको जम्मा | |
| १० | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| ११ | शिक्षक मार्फत कार्यमुलक अनुसन्धान | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १२ | प्रध्यानाध्यापकलाई नेतृत्व विकास तालिम | प्र.अ. | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| १३ | एकीकृत पाठ्यक्रम र मूल्याङ्कन प्रणाली सम्बन्धमा शिक्षकलाई तालिम | शिक्षक | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| १४ | प्रध्यानाध्यापकहरुको लागि विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी तालिम | प्र.अ. | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| १५ | स्थानीय विज्ञ समुह मार्फत सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १६ | प्रध्यानाध्यापक मार्फत सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० |
| १७ | **EMIS** तथ्याङ्क व्यवस्थापनमा क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० |

मालिका गाउँपालिका-म्याग्दी

### ४.२.७ लगानी र स्रोत व्यवस्थापन

शिक्षक व्यवस्थापन र विकासका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | शिक्षक सहपाठी कक्षा अवलोकन | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | शिक्षकको पेशागत सहयोगका लागि विज्ञहरुको सूची तयार तथा अद्यावधिक | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | असल अभ्यास गरेका विद्यालयहरुको अवलोकन भ्रमण | पटक | २५० | २५० | २५० | २५० | २५० | १२५० | ० | ० | १२५० | ० |
| ४ | विद्यालय सुपरीवेक्षण र पृष्ठपोषण प्रदान | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ५ | शिक्षक मार्फत कार्यमुलक अनुसन्धान | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | प्रध्यानाध्यापकलाई नेतृत्व विकास तालिम | प्र.अ. | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ७ | एकीकृत पाठ्यक्रम र मूल्याङ्कन प्रणाली सम्बन्धमा शिक्षकलाई तालिम | शिक्षक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ८ | स्थानीय विज्ञ समुह मार्फत | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |

मालिका गाउँपालिका-म्याग्दी

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | सुपरीवेक्षण | | | | | | | | | | | |
| ९ | प्रध्यानाध्यापक मार्फत सुपरीवेक्षण | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

मालिका गाउँपालिका-म्याग्दी

## ४.३ शिक्षामा समता र समावेशीकरण

### ४.३.१ परिचय

नेपाल एक सामाजिक एवम् सांस्कृतिक रूपमा विविधता भएको देश हो । नेपालको संविधानको प्रस्तावनामा नै समता र समावेशीताका बारेमा भनिएको छ कि "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधता बिचको एकता सामाजिक सांस्कृतिक ऐक्यबद्धता सहिष्णुता र सद्भावलाई संरक्षण र प्रवर्द्धन गर्दै वर्गीय जातीय क्षेत्रीय भाषिक धार्मिक लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने "कुराको सङ्कल्प गरीएको छ ।

राज्यका हरेक वर्गलाई राज्य सञ्चालन तथा विकासको मूल प्रवाहमा अघि बढाउने कुरा संविधानमा उल्लेख गरीएको छ ।यसैगरी विभिन्न बञ्चितीकरणमा परेका समुदायलाई शिक्षाको मूल प्रवाहमा ल्याउने दायित्व पनि राज्यकै हो । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच सहभागिता र नतिजामा परिरहेको देखिन्छ। त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास गरिनु आवश्यक छ ।

नेपालको विविधतालाई सम्मान र प्रोत्साहन गर्नुका साथै सबैको समतामूलक पहुँच सहभागिता र अपनत्वले मात्र शैक्षिक समावेशीकरण र गुणस्तरलाई प्रतिबिम्बित गर्न सक्छ । यस कारण शिक्षामा विविधता (Diversity), समता (Equity) र समावेशिता (Inclusion) को प्रवर्द्धन गर्नु आवश्यक छ।यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकोले महत्त्वपूर्ण र अत्यावश्यक छ । विविधतायुक्त समाजका बालबालिकाहरूलाई शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु र सबैको सहभागिता सुनिश्चित गर्नु निकै महत्त्वपूर्ण काम हो । यस प्रक्रियामा देखिएका बाधा अवरोधहरूको पहिचान गरी सोको निराकरणका साथ सहजीकरण गर्नु पनि शिक्षा सरोकारवालाहरू सबैको दायित्व हो ।

### ४.३.२ वर्तमान अवस्था

नेपालको इतिहासमा विगतदेखि विभिन्न कारणले पछाडि परेका र विभिन्न कारणले अशक्त वर्गलाई राज्यको मूल प्रवाहमा ल्याउनका लागि विभिन्न प्रयत्नहरू भएको देखिन्छ । २००४ सालमा छात्राहरूका लागि छुट्टै विद्यालयको रूपमा पद्मकन्या विद्याश्रमको स्थापना वि.सं. २०२१ मा लेबोरेटोरी स्कुलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय सञ्चालन खगेन्द्र नवजीवन केन्द्र, २०२८ मा विशेष शिक्षा परिषद् गठन, २०५० साल देखि विभिन्न शैक्षिक योजनामा अपाङ्गता भएका वा फरक क्षमताका बालबालिकाहरूका लागि विशेष व्यवस्था गर्ने लगायत थुप्रै संस्थागत संरचना कानुनहरू बनेको कुरा हाम्रो शैक्षिक इतिहासबाट झल्किन्छ ।

शिक्षा सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धी, प्रतिबद्धता तथा प्रोटोकलहरू जसमा नेपालले हस्ताक्षर गरी पक्षराष्ट्र बनेको छ यसको कार्यान्वयन गर्नु राज्यको अनिवार्य दायित्व हुन्छ । नेपालले अपाङ्गता भएका व्यक्तिका लागि समतामूलक अवसर सुनिश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रमाणिक नियमहरू १९९३ एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूको दशक सन् १९९३ – २००२

सालामानका घोषणा १९९४ तथा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धी १९७९ तथा संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी सन् २००६ आदिमा प्रतिबद्धता जनाएको छ ।यसको कार्यान्वयन गर्नु नेपाल सरकारको अन्तर्राष्ट्रिय दायित्व बनेको हुन्छ । विशेषतः संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी सन् २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी उक्त अन्तर्राष्ट्रिय महासम्धीमा हस्ताक्षर गरी नेपालको सांसदले अनुमोदन समेत गरीसकेको छ ।

सबैका लागि शिक्षा सम्बन्धी डकार घोषणा पत्र २००० तथा सो-बमोजिम बनेको राष्ट्रिय कार्य योजना (National Plan of Action) विपन्न नागरीक तथा अपाङ्गता भएका बालबालिकाले निःशुल्क शिक्षा पाउने हक आधारभूत तहसम्म मातृभाषामा शिक्षा पाउन सक्ने व्यवस्था अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ आदिले नेपालको शिक्षामा समता र समावेशीकरणको नीतिलाई व्यवहारमा कार्यान्वयन गर्नका लागि कानुनी आधार तयार गरेको छ । पछिल्लो समयमा लोक सेवा आयोग तथा शिक्षक सेवा आयोगबाट हुने विज्ञापनमा पनि समावेशी नीति बमोजिम क्षेत्रगत कोटा वितरण गरी तत् तत् क्लस्टरका उम्मेदवारले मात्र प्रतिस्पर्धा गर्न पाउने गरी पदपूर्ति प्रक्रिया अघि बढाएको छ । त्यसै गरी अपाङ्गता भएका बालबालिका छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति र प्राविधिक तथा व्यावसायिक शिक्षामा प्राथमिकता तथा आरक्षण कोटाको कारण यस्ता समुदायका बालबालिकाहरूको सहभागिता र पहुँच वृद्धि भएको छ । त्यसै गरी दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य नं ४ ले समावेशिता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

समतामूलक पहुँच र समावेशितालाई व्यवहारिक रूपमा कार्यान्वयन गर्नका लागि हाल नेपाल सरकारले विभिन्न कार्यक्रमहरू पनि अघि सारेको छ । दिवाखाजा कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक वितरण, अपाङ्गता भएका तथा सीमान्तकृत बालबालिकाहरूका लागि आवासीय तथा गैर आवासीयछात्रवृत्ति कार्यक्रम तथा आधारभूत तहमा मातृभाषा वा बहुभाषाको प्रयोग गरी सिकाउने नीति विद्यालय तहमा महिला शिक्षकको नियुक्तिमा प्राथमिकता प्राथमिक तहमा ३ दरबन्दी भएमा कम्तीमा १ जना महिला शिक्षक हुनुपर्ने ५ दरबन्दी भएमा न्यूनतम २ जना महिला शिक्षक हुनुपर्ने र ७ जना वा सो भन्दा बढी दरबन्दी भएमा न्यूनतम ३ जना महिला शिक्षक अनिवार्य रूपमा कायम गर्नुपर्ने नीति  स्थानीय पाठ्यक्रम सम्बन्धी व्यवस्था लक्षित वर्गका बालबालिकाको गुनासो सम्बोधन गर्नका लागि लैङ्गिक सम्पर्क विन्दु राख्ने व्यवस्था विद्यालय नर्स कार्यक्रम प्रत्येक सार्वजनिक निकाय वा संस्थामा सूचना अधिकारी राख्नुपर्ने नीति तथा शिक्षक तालिममा समेत समावेशिता र समता सम्बन्धी विषयवस्तु राख्ने प्रावधान आदिबाट राज्यले यस सम्बन्धमा धेरै नीतिगत कानुनी संरचनागत र कार्यक्रमगत रूपमा पनि धेरै कार्यक्रमहरू सञ्चालन गरीरहेको देखिन्छ ।

विद्यालय क्षेत्र विकास योजनाले अर्थपूर्ण पहुँचमा कार्यमूलक सहभागितामा र अर्थपूर्ण सिकाइ उपलब्धिमा गरी तीनओटा क्षेत्र पहिचान गरेको छ । सबै बालबालिकाहरू भयरहित र सौहार्दपूर्ण वातावरणमा विद्यालयमा भर्ना हुनु भनेको पहुँच सुनिश्चित गर्नु हो ।सामाजिक र शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ स्वीकार्य हुनु सहभागिता हो। सिकाइ उपलब्धि भन्नाले बालबालिकाले आवश्यकता अनुसारको जीविकोपार्जन तथा जीवनोपयोगी सिप सिक्नु हो । यसका लागि  नेपाल सरकारले लिङ्ग सामाजिक

आर्थिक अवस्था भौगोलिक अवस्थिति स्वास्थ्य तथा पोषणको स्थिति अपाङ्गता जातजाति भाषा संकटासन्न अवस्थाका बालबालिकालाई लक्षित वर्ग वा समूह मानेको छ ।

मालिका गाउँपालिकाको आधारभूत तह कक्षा १-८ को खुद भर्नादर ९५.६ प्रतिशत र माध्यमिक तह कक्षा ९-१२ को खुदभर्नादर ८१.७ प्रतिशत पुगेको छ । तसर्थ अझै पनि यस गाउँपालिका आधारभूत तह (१-५) मा २.०% आधारभूत तह (६-८) मा २.७% र माध्यमिक तह ९-१२ मा १०% बालबालिकाहरू विद्यालय पहुँच भन्दा बाहिर रहेको देखिन्छ । पछिल्लो समयमा मालिका गाउँपालिकाले लक्षित वर्गका बालबालिकाका लागि सञ्चालन गरेका विभिन्न कार्यक्रमहरूका कारण बालबालिकाहरूको सहभागिता पहुँच र सिकाइ उपलब्धि र साक्षरता दरमा पनि क्रमशः वृद्धि हुँदै गइरहेको छ । त्यसै गरी प्रारम्भिक बालविकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत १००% मात्र रहेको छ । प्रारम्भिक बालविकास र शिक्षा खुद भर्नादर ९८ प्रतिशत रहेको छ तसर्थ २ प्रतिशत प्रारम्भिक बालविकास उमेर समूहका बालबालिकाहरू प्रारम्भिक बालविकास र शिक्षाको पहुँच भन्दा बाहिर रहेका छन् ।आधारभूत तहको लैङ्गिक समता सूचक १.०६ दरको नजिक पुगेको छ । त्यसै गरी माध्यमिक तहको लैङ्गिक समता सूचक १.०३ पुगी सन्तुलित अवस्थामा रहेको छ । महिला शिक्षकको सहभागिता आधारभूत तहमा ४२.०३ प्रतिशत र माध्यमिक तहमा १२.९० प्रतिशत रहेको छ ।

मालिका गाउँपालिकाको अवस्था पनि राष्ट्रिय मानकसँग नजिक नजिक रहेको देखिन्छ भने कतिपय पक्षमा अगाडि रहेको देखिन्छ । विद्यालय शिक्षालाई समतामूलक र समावेशी बनाउन राष्ट्रिय कार्यक्रमहरू मालिका गाउँपालिकाले पनि सञ्चालन गरीरहेको छ । नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत सशर्त कार्यक्रमको रूपमा मालिका गाउँपालिकामा प्राप्त शैक्षिक कार्यक्रमहरू सबै कार्यान्वयन भइरहेको छ । निःशुल्क पाठ्यपुस्तक छात्रवृत्ति (छात्रा, अपाङ्ग र दलित) दिवा खाजा कार्यक्रम निःशुल्क सेनिटरी प्याड वितरण आदि कार्यक्रमले लक्षित वर्गका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा ल्याउन मदत गरीरहेको छ । यसले गर्दा प्रत्यक्ष र परोक्ष ढङ्गले शिक्षामा समता र समावेशीकरणलाई प्रवर्द्धन गरेको देखिन्छ ।

मालिका गाउँपालिकामा शिक्षामा समता र समावेशी शिक्षा कार्यान्वयनका निम्नानुसार समस्या तथा चुनौतीहरू देखिन्छ ।

१. सबै प्रकारका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्न,
२. अपाङ्गता भएका कठिन भौगोलिक अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकालाई विद्यालय शिक्षामा निरन्तर रूपमा टिकाइ राख्न,
३. लक्षित वर्ग समूहको शिक्षामा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्न,
४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गतामैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्न,
५. पाठ्यक्रम पाठ्यसामग्री शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता समता तथा समावेशिता अभिवृद्धि गर्न,
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद दुर्व्यव्हार हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री अपाङ्गमैत्री तथा बालिकामैत्री बनाउन,

### ४.३.३ उद्देश्य

यस योजनाले शिक्षामा समता र समावेशीकरण कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका,आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउनु,
२. लक्षित समूहका बालबालिकाको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु,
३. विविधता समता एवम् समावेशी शिक्षाका मूल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्नु,
४. जनशक्तिको पेशागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरूलाई जबाफदेही बनाउनु,
५. पाठ्यक्रम पाठ्यसामग्री शिक्षण सिकाइ क्रियाकलाप लगायत समस्त शैक्षिक प्रणालीमा विविधता समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु,
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. स्थानीय तह र विद्यालयमार्फत सेवा क्षेत्रका लक्षित बालबालिकाको तथ्याङ्क यकिन गरी सो अनुसारको शिक्षामा पहुँच र सहभागिताको प्रबन्ध गरिनेछ ।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा **(Disability Screening)** गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका गरिनेछ ।
३. सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक संरचना तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइनेछ ।
४. विद्यालयमा दिवा खाजा सहित स्वास्थ्य पोषण सरसफाइ तथ्य स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिनेछ ।
५. आधारभूत तहको पाठ्यक्रममा स्थानीय भाषा संस्कृति भूगोल इतिहास ज्ञान तथा सिप समावेश गरिनेछ ।त्यसैगरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिनेछ ।
६. आवश्यकताअनुसार पोशाक, स्टेशनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।
७. विद्यालयमा अभिभावकहरूको संलग्नता बढाई विद्यालय प्रति सबैको अपनत्व वृद्धि गरिनेछ ।
८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिनेछ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिनेछ ।

मालिका गाउँपालिका

९. लक्षित समूहका बालबालिकालाई सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरूको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रम अनुकुलन नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको आवश्यकताअनुसार व्यवस्था गरिनेछ ।

१०. विद्यालयका हरेक क्रियाकलाप तथा गतिविधिहरूमा समावेशी सिद्धान्त तथा मान्यता बमोजिम आवश्यक प्रबन्ध गरिनेछ ।

११. औपचारिक विद्यालय शिक्षाबाट वञ्चितमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि गैरसरकारी संघसंस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइनेछ ।

१२. विद्यालयमा गुनासो सुनुवाइ संयन्त्रको स्थापना गरी प्रभावकारी कार्यान्वयनका लागि बालबालिका, शिक्षक, अभिभावक, र सरोकारवाला निकायको क्षमता विकास गरिनेछ ।

### ४.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षामा सुनिश्चित भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका आर्थिक रूपले विपन्न द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितमा परेका सबै बालबालिकाहरूले शिक्षा प्राप्त गर्ने अवसर पाउने,

२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुधार हुने,

३. विविधता समानता एवम् समावेशी शिक्षाका मूल्य मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिहरूको पेशागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जबाफदेही बन्ने,

४. विद्यालयमा कुनै प्रकारको विभेद दुर्व्यवहार हेपाइरहित बालमैत्री वातावरण सिर्जना हुने,

५. पाठ्यक्रम पाठ्यसामग्री शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता समता तथा समावेशिता अभिवृद्धि हुने,

६. विद्यालयहरूमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने ।

यस योजनाको कार्यान्वयनबाट शिक्षामा समता र समावेशीकरणमा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन् ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ९.८ | ९.८ | ८.५ | ७.५ | ६.५ | ५ |
| २ | आधारभूत तहमा लैङ्गिक | १.२० | १.२० | १.२० | १.२० | १.२० | १.२० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | समता सूचक | | | | | | |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०३ | १.०३ | १.०३ | १.०३ | १.०३ | १.०३ |
| ४ | प्रारम्भिक पहिचान गर्ने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक तोकिएको विद्यालय | १५ | १५ | २० | २५ | ३० | ४४ |
| ६ | गुनासो सुनुवाई संयन्त्र कार्यान्वयन भएका विद्यालय | २५ | २५ | ३० | ३५ | ४० | ४४ |

मालिका गाउँपालिका-म्याग्दी ।

### ४.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सोका आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह,लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमासचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | पटक | ० | १ | ० | १ | ० | ४ |
| ५ | लक्षित वर्ग पहिचानका लागि सर्वेक्षण | पटक | १ | ० | १ | ० | १ | ८ |
| ६ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई भर्ना गराउनका लागि जनचेतना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | विद्यालयका भौतिक तथा शैक्षिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | दिवाखाजा कार्यक्रम सञ्चालन तथा सम्मानजनक र बालमैत्री | पटक | १ | १ | १ | १ | १ | १० |

| क.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| | वातावरण निर्माण | | | | | | | |
| ९ | समता र समावेशीकरणमा अभिभावकको दायित्व विषयक सचेतना गोष्ठी | पटक | १ | १ | १ | १ | १ | १० |
| १० | सबै विद्यालयहरुमा लैङ्गिक संम्पर्क बिन्दुको स्थापना र जिम्मेवारी प्रदान | पटक | १ | १ | १ | १ | १ | १० |
| ११ | विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको स्थापना र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | १० |

### ४.३.७ लगानी र स्रोत व्यवस्थापन

शिक्षामा समता र समावेशीकरणका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सोका आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना र कार्यान्वयन | पटक | १० | १० | १० | १० | १० | ५० | ० | ० | ० | ५० |
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह,लैङ्गिक हिंसा, हानिकारक लैङ्गिक अभ्यास तथा सकारात्मक पुरुषत्वका विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | २५० | १५० | १०० |

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | पटक | ० | १०० | ० | १०० | ० | २०० | १०० | ० | १०० | ० |
| ५ | लक्षित वर्ग पहिचानका लागि सर्वेक्षण | पटक | २५ | ० | २५ | ० | २५ | ७५ | ० | ० | ७५ | ० |
| ६ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई भर्ना गराउनका लागि जनचेतना अभियान सञ्चालन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ७ | विद्यालयका भौतिक तथा शैक्षिक संरचनाहरु अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ३५० | १५० |
| ८ | दिवा खाजा कार्यक्रम सञ्चालन तथा सम्मानजनक र बालमैत्री वातावरण निर्माण | पटक | १५ | १५ | १५ | १५ | १५ | ७५ | ० | ० | ० | ७५ |
| ९ | समता र समावेशीकरणमा अभिभावकको दायित्व विषयक सचेतना गोष्ठी | पटक | २५० | २५० | २५० | २५० | २५० | १२५० | ० | ० | १००० | २५० |
| १० | सबै विद्यालयहरुमा लैङ्गिक संपर्क बिन्दुको स्थापना र जिम्मेवारी प्रदान | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको स्थापना र कार्यान्वयन | पटक | १०० | ० | ० | ० | ० | १०० | ० | ० | ५० | ५० |

मालिका गाउँपालिका

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

स्वस्थ बच्चाको मस्तिष्क पनि स्वस्थ हुन्छ, स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्छ ।बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ। बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and hygiene practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरूको प्राप्ति सहज रूपमा हुनुपर्छ । बालबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउन जाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजा खानाको प्रबन्ध गर्ने कुरा एउटा विद्यालयमा हुनु जरुरी छ । त्यसै गरी १२ वर्षको उमेर देखिएका बालिकाहरूको लागि सामान्य सरसफाइ तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual hygiene)सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ ।

विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने र बिचैमा कक्षा छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि बढाउन मदत गर्दछ ।नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा जारी सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ ले बालविकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरूका लागि विद्यालयमा उपस्थित हुँदा तोकिएका दुर्गम क्षेत्रका जिल्लाका हकमा प्रति व्यक्ति रु २० का दरले र अन्य जिल्लामा प्रति व्यक्ति रु १५ का दरले विद्यालयमा अनुदान निकासा हुने र सो रकमबाट विद्यालयले तोकिएको मापदण्ड बमोजिमको पौष्टिक गुणयुक्त खाजा खुवाउने प्रबन्ध गरेको छ । त्यसै गरी नेपाल सरकार मन्त्रिपरिषद्द्वारा जारी सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ बमोजिम सामुदायिक विद्यालयमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत सबै बालिकाहरूका लागि निःशुल्क सेनिटरी प्याड वितरण प्रयोग तथा व्यवस्थापन गर्ने कुरा उल्लेख गरीएको छ ।

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कले बास गरेको हुन्छ भने मूल ध्येयलाई मूर्त रूप दिँदै बालबालिकाका शारीरिक, मानसिक, संवेगात्मक पक्षको वृद्धि र विकाससँगै शिक्षा प्राप्त गर्न छात्रछात्राहरू सम्पन्न भई गुणस्तरीय शिक्षा प्राप्त गर्दछन् भन्ने मान्यता रहेको छ । यसका लागि एउटा बालकले खानाबाट प्राप्त गर्ने कुल पौष्टिक तत्त्व मध्ये ३०५ क्यालोरी दिवा खाजाबाट प्राप्त गर्नु पर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई परिपूर्ति गर्न गराउन नेपाल सरकार प्रतिबद्ध रहेको छ । विद्यालय एवम् बालविकास केन्द्रहरूले स्थानीय तहमार्फत स्थानीय क्षेत्रमा पाइने अन्नबाली, फलफूल, तरकारी, माछा, मासु, दूध जस्ता पशुजन्य आहारबाट नै सोको व्यवस्थापन भइरहेको छ । यसका लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मान्यता अनुसारको प्रतिदिन १५० ग्राम देखि २०० ग्राम सम्मको खाजा व्यवस्थापन गरीएको छ ।

### ४.४.२ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा स्वास्थ्य तथा पोषण (School Health and Sanitation - SHN) पानी सरसफाइ तथा स्वच्छता (Wash) सम्बन्धी केही कार्यक्रम तथा निर्धारित कक्षा र क्षेत्रका विद्यार्थीका लागि दिवा

खाजा कार्यक्रम सञ्चालन भएका छन् । विद्यालयमा स्वास्थ्य पोषण तथा दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार घोषणापत्र सन् २००० ले सिफारिस गरेको FRESH (Focusing Resources on Effective School Health) ढाँचालाई विचार गरीएको छ ।यस ढाँचाले मुख्य गरी चार ओटा अङ्गहरू समावेश गरेको छ । पहिलोः विद्यालय स्वास्थ्य सम्बन्धी नीतिहरू तय गर्नु । दोस्रोः सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु । तेस्रोः सिपमा आधारित स्वास्थ्य शिक्षाको प्रबन्ध गर्नु र चौथोः विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु रहेका छन् । त्यसै गरी नेपालको सोहौं योजनाको मुख्य रणनीतिक दस्ताबेजमा दिवा खाजा र स्वास्थ्यलाई विशेष प्राथमिकता दिइएको छ । त्यस्तै एक सर्वेक्षणले देखाएको छ कि दिवा खाजा कार्यक्रममा गरीएको १ डलरको लगानीले ५ डलर बराबरको प्रतिफल दिएको देखाएको छ । त्यसै गरी दिवा खाजा कार्यक्रम लागु नभएको स्थानको तुलनामा दिवा खाजा लागु भएको क्षेत्रका बालबालिकाहरूको टिकाउ दर ०.८८ प्रतिशतले बढी भएको देखाएको छ ।

मालिका गाउँपालिकाका विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरीएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन् । सम्पूर्ण छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई कार्यान्वयन गरीरहेको छ। विद्यालयमा स्यानिटरी प्याड प्रयोग पश्चात् उचित किसिमले विसर्जन गर्ने व्यवस्था हुन सकेको देखिँदैन। मालिकागाउँपालिकामा प्रदेश मार्फत एक माध्यमिक विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरेको छ । सवैविद्यालयका लागि प्राथमिक उपचार सामग्रीका बाकस, बालिकाहरूका लागि आइरन चक्की प्रदान गरीएको छ ।

दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समीक्षाका आधारमा निम्नलिखित चुनौतीहरू देखिएका छन्:-

१. दिवा खाजा स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्न,
२. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गरी नियमित स्वास्थ्य जाँच गराउन,
३. विद्यालय खाजाका लागि उपयुक्त निर्धारण गरी पौष्टिक तथा स्वास्थ्यकर विद्यालय खाजा सुनिश्चित गर्न,
४. विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न,
५. कार्यक्रमलाई प्रभावकारी रूपमा अनुगमन गर्ने र समयबद्ध कार्यक्रम मूल्याङ्कन पद्धति विकास गर्न,
६. विद्यालय खाजा तथा स्वच्छता सम्बन्धी कार्यक्रममा एकरूपता र गुणस्तरीयता कायम गर्न स्पष्ट मापदण्डको विकास गर्न,
७. विद्यालय प्राथमिक उपचारको तालिम सहित आवश्यक सामाग्रीहरूको व्यवस्थापन गर्न नसक्न ।

### ४.४.३ उद्देश्य

यस योजनाले विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वास्थ्यकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,



मालिका गाउँपालिका

२. विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहारलाई सुधार तथा प्रोत्साहन गर्नु,
३. अभिभावक स्थानीय सरकार र अन्य सरोकारवालाहरूको समन्वय र सहभागिता वृद्धि गरी बालबालिकाको पोषण स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
४. बालबालिकामा असल बानीब्यहोरा सिकाई उनीहरूलाई असल र सभ्य नागरीक बन्न प्रेरित गर्नु,
५. स्वास्थ्य र पोषण कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी बालबालिकाको स्वास्थ्य र पोषण अवस्थामा सुधार गरी विद्यालयको पहुँच र निरन्तरता वृद्धि गरी सिकाइ उपलब्धि सुधार गर्नु,
६. दिवा खाजा कार्यक्रमका माध्यमबाट बालबालिकालाई पोषक तत्त्व उपलब्ध गराउने र स्वास्थ्य तथा पोषणका कारण विद्यालय छाड्ने प्रवृत्तिलाई न्यूनीकरण गर्नु ।

### ४.४.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. स्थानीय तहमा विद्यालय दिवा खाजा कार्यक्रम स्थानीय व्यवस्थापन समिति निर्माण तथा संस्थागत निर्णय गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।
२. भौगोलिक अवस्था स्थानीय उत्पादन र सामाग्रीको उपलब्धताका आधारमा गुणस्तरीय दिवा खाजाको साप्ताहिक मेनु तयार गरिनेछ ।
३. विद्यालय वा बालविकास केन्द्रमा दिवा खाजा कार्यक्रमको स्थलगत अनुगमन तथा मूल्याङ्कन गर्न स्थानीय तहमा अनुगमन समिति गठन गरी नियमित अनुगमन गरिनेछ ।
४. दिवा खाजा कार्यक्रमका लागि विद्यालयहरूलाई आवश्यक परामर्श तथा पृष्ठपोषण प्रदान गरिनेछ ।
५. सशर्त अनुदानको रूपमा प्राप्त रकम सम्बन्धित विद्यालय वा बालविकास केन्द्रको खातामा नियमानुसार निकासा दिई यसको सदुपयोग भए नभएको अनुगमन गरिनेछ ।
६. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी साबुन तथा सरसफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, हात धुने ठाउँ स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।
७. विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच जुकाको औषधि तथा सूक्ष्म पोषक तत्त्व प्रदायक ट्याबलेटहरु भिटामिन ए आइरन चक्की आदिको वितरण गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।
८. विद्यालयमा स्वास्थ्य तथा खाद्य सुरक्षा सफाइ तथा स्वच्छता किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।
९. दिवा खाजा तथा स्वास्थ्य र सरसफाइको अवस्थाको आधारमा विद्यालयको गुणस्तर परीक्षण गर्ने परिपाटीको विकास गरी विद्यालय प्रशासनलाई थप जिम्मेवार बनाइनेछ ।
१०. विद्यालयमा प्राथमिक उपचार, विद्यालय स्वास्थ्य तथा पोषण सम्बन्धी शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

मालिका गाउँपालिका-म्याग्दी ।

### ४.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (**well-being**) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (**Joyful**) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. प्रारम्भिक बालविकास देखि आधारभूत तह कक्षा ५ सम्म अध्ययनरत सबै बालबालिकाहरूले स्वास्थ्यकर पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने,
२. पालिकामा अध्ययनरत लक्षित समूहले दिवा खाजाबाट आवश्यक क्यालोरी, भिटामिन , प्रोटिन आदि प्राप्त गरी बालबालिकाको स्वास्थ्यमा क्रमिक सुधार रसमयमै खाने बानीको विकास हुने,
३. विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयमा पर्याप्त पानी साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, हात धुने ठाउँ स्वच्छ खानेपानी भई विद्यालयमासरसफाइयुक्त वातावरण सिर्जना हुने,
४. सामुदायिक विद्यालयहरूमा विद्यार्थी सङ्ख्या र निरन्तरता (टिकाउपन) वृद्धि हुनेर बिचैमा कक्षा छाड्ने दर घट्ने,
५. विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने,
६. लक्षित समूहका बालबालिकाको चौतर्फी एवम् सन्तुलित विकासमा सकारात्मक प्रभाव पर्न गई बालबालिकाको सिकाइमा सकारात्मक परिवर्तन आउने ।

यस योजनाको कार्यान्वयनबाट विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमकामा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछनः-

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक उपचार किट, जुकाको औषधी चक्की वितरण गर्नेविद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | पिउने पानी तथा स्वच्छता सहितको शौचालय भएका विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | दिवा खाजा प्राप्त गर्ने | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |

| क्र. सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | विद्यालय | | | | | | |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | १ | ५ | ५ | ५ | ५ |

मालिका गाउँपालिका-म्याग्दी ।

### ४.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | ० | ० | ० | ० | २ |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | दिवा खाजाका व्यवस्थापन समितिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहितछात्र र छात्राका लागि अलग अलग शौचालय | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | विद्यालयमा स्वास्थ्य खाद्य सुरक्षा सफाइ तथा स्वच्छता पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा | पटक | १ | १ | १ | १ | १ | १० |
| ९ | सेनिटरी प्याडको सहि विसर्जन तथा व्यवस्थापनका लागि डिस्पोजल विन तथा मेशिनको व्यवस्था | पटक | ० | १ | १ | १ | १ | ८ |
| १० | दिवाखाजा सेनिटरी प्याडको व्यवस्थापन, प्रयोग तथा विद्यालय सरसफाइ तथा स्वच्छता सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | १० |

### ४.४.७ लगानी र स्रोत व्यवस्थापन

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रमका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १००० | ० | ० | ० | ० | १००० | ० | ० | ५०० | ५०० |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | ० | १२५ |
| ३ | दिवा खाजाका व्यवस्थापन समितिलाई तालिम | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहिछात्र र छात्राका लागि अलग अलग शौचालय | पटक | १० | १० | १० | १० | १० | ५० | ० | ० | ० | ५० |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | ० | ० | ० |

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | विद्यालयमा स्वास्थ्य खाद्य सुरक्षा सफाइ तथा स्वच्छता पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | ० | २५० |
| ९ | सेनिटरी प्याडको सहि विसर्जन तथा व्यवस्थापनका लागि डिस्पोजल विन तथा मेशिनको व्यवस्था | पटक | ० | ३५० | १५० | १०० | १०० | ७०० | ० | ० | ७०० | ० |
| १० | दिवाखाजा सेनिटरी प्याडको व्यवस्थापन, प्रयोग तथा विद्यालय सरसफाइ तथा स्वच्छता सम्बन्धमा अनुगमन तथा सुपरीवेक्षण | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

नेपाल सरकारले युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपजस्ता आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।आपतकालीन अवस्थामा दिइने शिक्षाको मुख्य लक्ष्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। आपतकालिन अवस्था भनेको सामान्यतया कुनै प्राकृतिक वा मानवद्वारा सिर्जित वा निर्मित घटनाहरूको कारण आउने परिणाम हो । यसलाई आकस्मिक घटना पनि भनिन्छजसले जनधन, साधन स्रोतको ठुलो क्षति पुऱ्याउनुका साथै सामाजिक जनजीवनमा पनि प्रतिकुल असर पार्दछ । यसबाट सिर्जित हुने परिस्थितिलाई मानव समुदायले आफ्नो क्षमता र साधन स्रोतको प्रयोग गरी धान्न नसक्ने भएकोले यसलाई आपत्काल तथा सङ्कटपूर्ण अवस्था भनिएको हो यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी (Preparedness)आपत्कालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन (Response) र आपत्काल पश्चात् क्षतिको आपूरण (Recovery) गर्ने कार्य ढाँचा समेटिएको हुनुपर्छ ।

सङ्कटपूर्ण अवस्थाको व्यवस्थापनको लागि स्थानीय तह मात्र जिम्मेवार भएर पुग्दैन । यसका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरको सहयोग र एकता आवश्यक हुन्छ । यस्तो विषम परिस्थितमा स्थानीय तहले पनि सिकाइलाई निरन्तरता दिनु र शैक्षिक क्षति रोक्नु अपरिहार्य छ । कोभिड १९, हैजा, प्लेग, सार्स, डेंगु,बर्डफ्लु आदि जस्ता महामारीजन्य रोगहरू र प्राकृतिक विपत्तिमा शिक्षण सिकाइलाई निरन्तरता दिन आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा योजना आवश्यक पर्ने भएकोले यस योजनामा यो विषयवस्तुलाई प्रमुखताका साथ उठाइएको छ । शिक्षालाई नेपालको संविधानले मौलिक हकको रूपमा स्वीकार गरेको र आपतकालिन अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यो विषय योजनाको एक अभिन्न अङ्ग बन्न पुगेको छ । नेपालमा मात्र हैन विश्वका अधिकांश देशहरूले बाल अधिकार सम्बन्धी महासन्धी(Child Right Convention – CRC ) १९८९ तथा अन्तर्राष्ट्रिय कानुन विश्वव्यापी तथा क्षेत्रीय घोषणा तथा प्रतिवद्धताका कारण पनि यसलाई राज्यका हरेक अङ्गले आ आफ्नो स्तरबाट सम्बन्धित नीति कानुन तथा योजनाहरूमा समावेश गरी कार्यान्वयनमा ल्याउनुपर्ने अवस्था छ ।

आपत्कालीन तथा प्रकोपजन्य अवस्थाहरूको रूपमा विशेषतः तीन प्रकारका अवस्थाहरूलाई समावेश गर्न सकिन्छ । (१) प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण (Disaster Risk Reduction - DRR)यस अन्तर्गत भूकम्प बाढी पहिरो हावाहुरी हिमपात हिम पहिरो आगलागी चट्याङ खडेरी दुर्घटना अति चिसो र तातो वातावरण पर्दछन् । (२) महामारी (Pandemic, Epidemic) यस अन्तर्गत झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेंगु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, एन्फ्लुएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लु, कोभिड आदि सरुवा रोगहरू पर्दछन् । (३) युद्ध, द्वन्द्व, विस्थापन, बसाइँसराइ(War, Conflict, Displacement, Migration) यस अन्तर्गत आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक धार्मिक राजनैतिक आदि द्वन्द्व, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन तथा बसाइँसराइ आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई

सुरक्षित गर्ने कुराहरू पर्दछन् । आपत्कालीन तथा सङ्कटापन्न अवस्थामा माथिका तीन ओटा पक्षहरूलाई बाल अधिकार (Child Right), समावेशीकरण(Inclusiveness),समतार न्याय(Equity and justice),पहुँच(Access), गुणस्तर, सुशासन(Quality and good governance) र सेवाको दक्षता(Efficiency of Service)को कोणबाट हेरिनु पर्दछ ।

### ४.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ। सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली-बेइज्जती, विभेदलगायतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रका रूपमा विकास गरीने उल्लेख गरीएको छ।

कोभिड-१९ का कारण विद्यालय शिक्षामा सिर्जना भएका चुनौतीहरूमा बालबालिकाको सिकाइ क्षतिलाई कम गर्ने, शिक्षकहरूको अभिप्रेरणा र प्रतिबद्धतालाई कायम राख्ने, विभिन्न समूहका लागि उपयुक्त वैकल्पिक सिकाइका माध्यमहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिने र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक क्षमता विकास गर्ने प्रमुख रहेका छन् । कोभिड-१९ बाट भएको क्षतिलाई कम गर्न, क्षतिको आपूरण गर्न र शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव तथा यसबाट भएको सिकाइ क्षतिको लेखाजोखा गरी आपूरणको योजना निर्माण तथा कार्यान्वयन आवश्यक छ। आपत्कालीन अवस्थामा पनि शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिनका लागि राज्यले विभिन्न नीतिगत कानुनी तथा कार्य क्रमिक व्यवस्था लागु गरेको छ ।

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद सजाय र दुराचारलाई निषेध गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र अनिवार्य तथा निःशुल्क शिक्षा, नियमावली, २०७७ ले छात्रवृत्ति दिवा खाजा सुविधाविहीनका लागि विशेष सहयोग मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित नहुने कुरा उल्लेख गरेको छ । त्यसै गरी बालबालिकालाई शारीरिक सजाय (**Corporal punishment**), मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ (**Bulling**) र यौन दुराचार (**Sexual harassment**) बाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएको छ । त्यसै गरी विद्यालय शान्ति क्षेत्र कार्य ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइ निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रक्रिया समावेश गरेको छ ।

वृहत् विद्यालय सुरक्षा प्याकेज (**Comprehensive School Safety Minimum Package, 2018**) ले सुरक्षित विद्यालय न्युनतम् मापदण्डले विशेषतः शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभावमा केन्द्रित रही

तीन ओटा पिलरहरू सुरक्षित सिकाइ पूर्वाधार (**Safe Learning Facilities**), विद्यालय विपद्जोखिम व्यवस्थापन(**School Disaster/Risk Management**) र विपद् न्यूनीकरण तथा उत्थानशीलता शिक्षा (**Disaster Reduction and Resilience Education**)को परिकल्पना गरेको छ । विद्यालय क्षेत्र विकास योजना (**School Sector Development Plan - SSDP**) र वृहत् विद्यालय सुरक्षा योजनाले परिकल्पना गरेको वृहत् विद्यालय सुरक्षा न्युनतम् प्याकेज कार्यान्वयनका लागि कार्यविधि पनि बनाएको छ ।

समग्र शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकुल वातावरण सुनिश्चित गर्न दिगो विकासको लक्ष्य ४ को राष्ट्रिय कार्य ढाँचा (**SDG 4 National Framework, 2030**) ले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरू तय गरेको छ । यसमा विशेषतः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्ड र अनुसन्धानमा आधारित प्रर्वधनात्मक कार्यक्रमहरूको निर्माण तथा कार्यान्वयन गर्ने सिकाइका लागि आवश्यक पर्ने आन्तरिक तथा बाह्य वातावरणका न्युनतम् मापदण्ड तयार गर्ने तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको परिपालना गर्दै अधिकारमा आधारित लैङ्गिक संवेदनशीलता सुरक्षा, चासो, बालमैत्री र हिंसारहित कार्य ढाँचाको प्रवर्द्धन गर्ने जस्ता विषयहरू अघि सारेको छ । त्यसै गरी सोहौं योजनाले प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तर सम्बन्धित विषयको अध्ययन गर्ने संयन्त्र निर्माण गर्ने कुरा उल्लेख गरेको छ ।

मालिका गाउँपालिकामा विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रम सञ्चालनका मुख्य चुनौती र समस्याहरू निम्नानुसार रहेका छन् ।

१. आपत्कालीन अवस्थामा शिक्षा (**Education in Emergency - EIE**) लाई अन्तर सम्बन्धित विषयको रूपमा अलग्गै विधाका हिसाबले सम्बोधन गर्न,
२. आपत्कालीन अवस्था अन्तर्गत पर्ने प्राकृतिक प्रकोप तथा अन्य सामाजिक सांस्कृतिक कारणबाट उत्पन्न हुने सबै खालका क्रियाकलापहरूलाई एकीकृत रूपमा सम्बोधन गर्न,
३. भविष्यमा अनुमान गर्नै नसकिने (**Unpredictable**) घटनाहरूलाई पनि यथोचित रूपमा योजनामा सम्बोधन गर्ने,
४. योजनामा आपत्कालीन अवस्थामा शिक्षालाई तात्कालिक र दीर्घकालीन गरी दुवै रूपमा सम्बोधन गर्न,
५. सङ्कटकालीन अवस्थाको शिक्षाका बारेमा योजना बनाउँदा सम्बन्धित सरोकारवाला पक्षलाई सहभागी गराई यथार्थपरक र वास्तविक बनाउन ।

### ४.५.३ उद्देश्य

यस योजनाले विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छः-

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु,
२. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ,



मालिका गाउँपालिका-म्याग्दी

३. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु ,
४. सम्भावित सङ्कटको सामना गर्न एवम् उत्थानशील (Resilient) प्रणालीको विकास गर्न,
५. भौतिक मानवीय र आर्थिक स्रोतको तयारी(Preparedness) गर्नु,
६. सङ्कटको प्रतिकार्य (Response) का लागि संयन्त्र र कार्य ढाँचा तयार गर्नु,
७. अल्पकालीन र दीर्घकालीन पुनस्थापना (Response) गर्नु ।

### ४.५.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गरिनेछ।
२. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गरिनेछ।
३. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गरिनेछ।
४. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गरिनेछ।
५. विद्यालयमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटसन्नता (Vulnerability) को मूल्याङ्कन (Assessment) तथा विश्लेषण गरिनेछ।
६. स्थानीय तहबाट विपद्का बेला आवश्यक पर्ने यन्त्र उपकरण औषधी खाद्यान्न पोसाक तथा अन्य राहत सामग्री (Relief materials) को प्रबन्ध गरिनेछ।
७. शिक्षक विद्यार्थी र अभिभावकलाई विपद् व्यवस्थापनका लागि तयारी (Preparedness), रोकथाम (Prevention), प्रतिकार्य (Response) र पुनस्थापना(Recovery) का लागि क्षमता विकास गरिनेछ।
८. विपद् व्यवस्थापनका लागि तयारी (Preparedness), रोकथाम(Prevention), प्रतिकार्य (Response) र पुनस्थापना(Recovery) का लागि गैरसरकारी क्षेत्र, विकास साझेदार तथा सामाजिक सङ्घसंस्थालाई समेत परिचालन गरिनेछ।
९. विपद् व्यवस्थापन र सङ्कटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरूलाई स्थानीयकरण (Localization) गरिनेछ।
१०. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गरिनेछ।
११. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गरिनेछ, विद्यालय शान्ति क्षेत्र (**School as a peace zone**) अवधारणालाई सार्थकता दिन विद्यालयमा राजनीतिक गतिविधिहरू, नेपाल बन्दको बेला विद्यालय बन्दलाई निरुत्साहित गरिनेछ।
१२. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइनेछ।
१३. विपद्को अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तरता दिने व्यवस्था गरिनेछ।

मालिका गाउँपालिका-स्याङ्जा

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको सुरक्षा सहित निरन्तर शैक्षिक क्रियाकलाप सञ्चालन गरी शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्व तयारी प्रतिकार्य तथा पुन उत्थानका लागि योजना तथा क्षमता विकास भएको हुनेछ ,
२. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील (Resilient)हुनेछ,
३. विपद्का अवस्थामा पनिस्वास्थ्य उपचार सहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह निरन्तर भई विद्यार्थीहरूको सिकाइ क्रियाकलापमा समेत निरन्तरता आउनेछ,
४. विद्यालय एवम् स्थानीय तहले शैक्षिकसत्रभित्र गर्नुपर्ने शिक्षण सिकाइ क्रियाकलाप समयमा नै पुरा गर्नेछ,
५. विपद्को समयमा पनि विद्यालयहरूले वैकल्पिक सिकाइका विभिन्न उपाय खोजी प्रयोग गर्न सक्षम हुनेछ,
६. सूचना प्रविधिको अत्यधिक प्रयोग भई शिक्षक विद्यार्थीको क्षमता विकास हुनेछ ।

यस योजनाको कार्यान्वयनबाट विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलताकार्यक्रममा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन्:-

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| २ | हरित विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | ४ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | विपद् वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटा सन्नता (Vulnerability) को सङ्ख्या | १० | १० | १० | १० | १० | ४ |
| ५ | विद्यालय शान्ति क्षेत्र कार्यान्वयन गर्ने विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

मालिका गाउँपालिका-म्याग्दी ।

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथाउत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | शिक्षक तथा वि.व्य.स. तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता। | निरन्तर | १ | १ | १ | १ | १ | १० |
| ५ | विपद वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (Vulnerability) अवस्थाको मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | विद्यालयहरुमाविपद प्रतिरोधी भौतिक संरचना (**DRR resilient Schools)** निर्माण | पटक | ० | १ | १ | १ | १ | ९ |
| ७ | विपदका बेला आवश्यक पर्ने यन्त्र उपकरण औषधी खाद्यान्न पोशाक तथा अन्य राहत सामग्री (**Relief materials**)खरीद तथा प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | विद्यालय शान्ति क्षेत्र (**School as a peace zone**) अवधारणा र समाजको दायित्व सम्बन्धी गोष्ठी | पटक | १ | १ | १ | १ | १ | १० |
| ९ | हरित, सफा, शान्त र सुरक्षित (Green, Clean, Peace and safe schools)प्रबर्द्धन अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० |
| १० | शिक्षकलाई सामजिक मनोविमर्श तालिम | पटक | १ | १ | १ | १ | १ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | अपाङ्गता भएका वा सिकाईमा समावेशी वातावरण सृजना गर्न अभिभावक र विद्यालय बीच सहकार्य बढाउन विद्यालयमा समावेशी अभ्यासत्मक कार्यक्रम र प्रारम्भिक पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |

### ४.५.७ लगानी र स्रोत व्यवस्थापन

विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलताका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी संघीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | स्थानीय तह र विद्यालयको क्षमता विकास | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| २ | विपत् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथाउत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | ० | २५० |
| ३ | शिक्षक तथा वि.व्य.स. तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | २५० | ० | २५० | ० |
| ४ | विद्यार्थीका लागि स्वास्थ्य तथा मनोवैज्ञानिक परामर्श सेवा उपलब्धता। | निरन्तर | १० | १० | १० | १० | १० | ५० | ० | ० | ० | ५० |
| ५ | विपद वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता | पटक | १० | १० | १० | १० | १० | ५० | ० | ० | ० | ५० |

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | (Vulnerability) अवस्थाको मूल्याङ्कन | | | | | | | | | | | |
| ६ | विद्यालयहरुमा विपद प्रतिरोधी भौतिक संरचना (**DRR resilient Schools)** निर्माण | पटक | ० | १००० | १००० | १००० | १००० | ४००० | २००० | १००० | ५०० | ५०० |
| ७ | विपदका बेला आवश्यक पर्ने यन्त्र उपकरण औषधी खाद्यान्न पोशाक तथा अन्य राहत सामग्री (**Relief materials**)खरीद तथा प्रबन्ध | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ३०० | २०० |
| ८ | विद्यालय शान्ति क्षेत्र (**School as a peace zone**) अवधारणा र समाजको दायित्व सम्बन्धी गोष्ठी | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | ० | १२५ |
| ९ | हरित, सफा, शान्त र सुरक्षित (Green, Clean, Peace and safe schools)प्रवर्द्धन अभियान सञ्चालन | पटक | २० | २० | २० | २० | २० | १०० | ० | ० | २० | ८० |
| १० | शिक्षकलाईसामजिक मनोविमर्श तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | २५० | २५० |
| ११ | अपाङ्गता भएका वा सिकाईमा समावेशी वातावरण सृजना गर्न | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | २५० | २५० |

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| | अभिभावक र विद्यालय बीच सहकार्य बढाउन विद्यालयमा समावेशी अभ्यासत्मक कार्यक्रम र प्रारम्भिक पहिचान कार्यक्रम | | | | | | | | | | | |

मालिका गाउँपालिका-म्याग्दी

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षण सिकाइको लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठा सहित, खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चितताको आवश्यकतापर्दछ।विद्यालय सञ्चालनका लागि नभई नहुने एउटा महत्त्वपूर्ण पक्ष भौतिक पूर्वाधार हो । बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत र माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०वर्ग मिटर बराबरको क्षेत्रफल मापदण्ड शिक्षा नियमावलीमा उल्लेख गरीएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरीएको छ । यस खण्डमा विद्यालयको भौतिक पूर्वाधारको वर्तमान अवस्थाको समिक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी १० वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, लक्ष्य, नतिजा र प्रमुख क्रियाकलापहरू तर्जुमा गरी कार्यान्वयन गर्ने प्रयास गरीएको छ ।

### ४.६.२ वर्तमान अवस्था

मालिका गाउँपालिकामा सामुदायिक ३९ र संस्थागत ५ गरी ४४ ओटा विद्यालयहरू सञ्चालनमा रहेका छन् । संस्थागत विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा सुधारको जिम्मेवारी विद्यालय सञ्चालकको नै हुन्छ । सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माण गर्ने दायित्व नेपाल सरकार र समुदायको हुने गर्दछ । मालिका गाउँपालिकाका सामुदायिकविद्यालयहरूको भौतिक पूर्वाधार सामान्य स्तरका रहेका छन् । विद्यालयका भवनहरू मिश्रित प्रकारका रहेका छन् । आधारभूत तहमा अधिकांश विद्यालयमा ढुङ्गा माटोकोगाह्रो, जस्तापाता, ढुङ्गाको छाना तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरेको डिजाइन बमोजिम ट्रसको भवन रहेका छन् भने माध्यमिक तहमा अधिकांश विद्यालयहरूमा आर.सि.सी. ढलान गरेका पक्की भवनहरू रहेका छन् ।प्रधानाध्यापक र शिक्षक स्टाफ रुम प्राय ठाँउमा संयुक्त रूपमा रहेका छन् । अधिकांश विद्यालयहरूमा विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, पुस्तकालयआदिका लागि अलग्गै कोठाको अभाव रहेको छ । अधिकांश विद्यालयहरूमा खेलमैदान, चमेना गृह र सभाहल रहेका छैनन् । शौचालय भने सबै विद्यालयहरूमा रहेका छन् । यस गाउँपालिकाका सबै विद्यालयहरूमा खानेपानीको सुविधा रहेको देखिन्छ तर शुद्ध पिउनेपानीको अप्रयासता रहेको र स्रोतलाई परीक्षण नभएको भएता पनि विद्यालयमा फिल्टर तथा उमालेर खाने पानीलाई शुद्धिकरण गर्ने गरेको छ । शौचालयमा स्यानिटरी प्याड लगायतका फोहोर डिस्पोज गर्ने संरचना प्रायः बनेको देखिँदैन । मालिका गाउँपालिकामा विद्यालयको भौतिक पूर्वाधारको अवस्था यस प्रकार रहेको छ ।

| क्र.सं. | कार्यक्रम | आवश्यक सङ्ख्या | हाल उपलब्ध | थप आवश्यक | कैफियत |
|---|---|---|---|---|---|
| १ | विद्यालय भवन | ७१ | ६७ | ४ | |
| २ | कक्षाकोठा | २१५ | १९९ | १६ | |
| ३ | फर्निचर | १३५० | १२०० | १५० | |
| ४ | विज्ञान प्रयोगशाला | १४ | १२ | २ | |
| ५ | सूचना प्रविधि प्रयोगशाला | ३९ | ० | ३९ | |
| ६ | पुस्तकालय तथा वाचन लय | ३१ | २१ | १० | |
| ७ | खेलमैदान | ३९ | १९ | २० | |
| ८ | चमेना गृह | ३९ | १४ | २५ | |
| ९ | सभा हल | ७ | ० | ७ | |
| १० | वास सुविधा सहितको शौचालय | ३९ | १९ | २० | |
| ११ | खानेपानी | ४४ | ३९ | ५ | |
| १२ | कम्पाउन्ड वाल (घेरा वार) | ३९ | २९ | १० | |
| १३ | इन्टरनेट | ३९ | ३९ | ० | |
| १४ | स्टिम ल्याव | १४ | २ | १२ | |

यस गाउँपालिकामा विद्यालयको भौतिक पूर्वाधारका समस्या तथा चुनौतीहरू देहाय बमोजिम रहेका छन्ः-

१. संरचना निर्माण गर्दा त्यसमा प्रयोग हुने स्थानीय, गुणस्तरीय र मितव्ययी हुने अवस्थालाई सुनिश्चितता गर्न,
२. हरेक विद्यालयका पुर्वाधारहरु अपाङ्गतामैत्री र बालमैत्री बनाउनु,
३. विद्यालयको वातावरण सुरक्षित, बालमैत्री र सिकाइयोग्य बनाउन,
४. बालविकास र शिक्षामा खानेपानी र शौचालयको व्यवस्थापन गर्न,
५. सबै संरचनाहरू भूकम्प प्रतिरोधी, सुरक्षित र भवन संहिता अनुकुल निर्माण गर्न।

### ४.६.३ उद्देश्य

यस योजनाले विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. भौतिक संरचना निर्माणमा पारदर्शी र जबाफदेही प्रणालीको विकास गर्नु,
४. सबै संरचनाहरू भूकम्प प्रतिरोधी, सुरक्षित र भवन संहिता अनुकुल निर्माण गर्नु,

मालिका गाउँपालिका-म्याग्दी ।

### ४.६.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको आधारमा र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गरिनेछ ।
२. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गरिनेछ ।
३. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकता अनुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गरिनेछ ।
४. विद्यालयका पूर्वाधार निर्माण गर्दा सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई मध्यनजर गरी आवश्यक व्यवस्था मिलाइने छ ।
५. विद्यालयको आवश्यकताको आधारमा नमुना विद्यालय विकास मापदण्डका आधारमा दीर्घकालीन रूपमा टिकाउ हुने गरी सबै भौतिक संरचनाहरू निर्माण गरिनेछ ।
६. सबै भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी सुरक्षित तथा भवन संहिताको प्रतिकुल नहुने गरी निर्माण गरिनेछ ।
७. संरचना निर्माण गर्दा अन्तर निकाय समन्वय र साझेदारीलाई प्राथमिकतामा राखिनेछ ।

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र संरक्षित भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्तभएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण भएको हुने,
२. विद्यालयका भौतिक संरचना बालमैत्री, अपाङ्गता मैत्री र सुरक्षित भएको हुने,
३. पूर्वाधार विकासका लागि आवश्यक विधि मापदण्ड र स्तरीकरणका सूचकका आधार तयार हुने,
४. विद्यालयमा बनेका भौतिक संरचनाको संरक्षण प्रवर्द्धन तथा मर्मत सम्भारका लागि उपयुक्त साझेदारी पद्धतिको विकास हुने ।

यस योजनाको कार्यान्वयनबाट विद्यालय भौतिक पूर्वाधार विकासमा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन्:-

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ० | ० | १ | १ | १ | १ |
| २ | सबलीकरण भएका कक्षाकोठा सङ्ख्या | १२४ | १२४ | २० | २० | २० | २० |
| ३ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य भएका विद्यालय सङ्ख्या | ० | ० | १० | १० | १० | १० |

### ४.६.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | भौतिक संरचनाको संरक्षण तथा मर्मत सम्भार | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | सङ्ख्या | ० | १० | १० | १० | १० | ४० |
| ४ | अपाङ्ता मैत्री संरचना निर्माण | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | सभाहल निर्माण | सङ्ख्या | १ | १ | १ | २ | २ | ७ |
| ७ | खेल मैदान निर्माण तथा मर्मत | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| ८ | स्टिम ल्याब व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १० |

### ४.६.७ लगानी र स्रोत व्यवस्थापन

विद्यालय भौतिक पूर्वाधार विकासका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | भौतिक संरचनाको संरक्षण तथा मर्मत सम्भार | पटक | ० | १५०० | १५०० | १५०० | १५०० | ६००० | ० | २००० | ४००० | ० |
| २ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | पटक | १००० | १००० | १००० | १००० | १००० | ५००० | ० | २००० | ३००० | ० |
| ३ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | सङ्ख्या | ० | ७००० | ७००० | ७००० | ७००० | २८००० | ० | ० | २०००० | ८००० |
| ४ | अपाङ्ता मैत्री संरचना निर्माण | सङ्ख्या | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० | ० | १००० | १५०० | ० |
| ५ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजुसूची भर्ने | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | सभाहल निर्माण | सङ्ख्या | १००० | १००० | १००० | २००० | २००० | ७००० | ० | ० | ५००० | २००० |
| ७ | खेल मैदान निर्माण तथा मर्मत | सङ्ख्या | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० | ० | ० | २५०० | १००० |
| ८ | स्टिम ल्याब व्यवस्थापन | पटक | ६५० | ६५० | ६५० | ६५० | ६५० | ३२५० | ० | ३२५० | ० | ० |

मालिका गाउँपालिका-म्याग्दी

## ४.७ शिक्षामा सूचना तथा प्रविधि

### ४.७.१ परिचय

सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरीन्छ । वैज्ञानिक आविष्कार तथा आधुनिकतम् प्रविधिले मानव जीवनमा धेरै ठूला परिवर्तनहरू ल्याउन सफल भएका छन् । मानिसलाई बाँच्न, हिंडडुल गर्न, काम गर्न लगायतका विविध क्षेत्रमा विशेषतः सूचना प्रविधिको प्रयोगले अकल्पनीय बदलाब ल्याएको छ । पारम्परिक मूल्य–मान्यतालाई सूचना प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरीएको ठाउँमा नवीन मूल्य–मान्यतालाई स्थापित गर्दै लगेको आजको यथार्थ हो ।सूचना प्रविधिले शिक्षाको क्षेत्रमा विद्यमान रुढीवादी संस्कार र पद्धतिलाई चुनौति दिंदै शिक्षण र सिकाइका नयाँ विधि र मान्यतालाई अभूतपूर्व रूपमा अघि बढाएको छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन र मूल्यांकनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । शैक्षिक प्रतिष्ठानहरूमा जुनसुकै काम र क्रियाकलापलाई अघि बढाउने हो भने सूचना प्रविधिबिना अघि बढाउने प्रयत्न गरीएमा त्यो अपूर्ण हुन्छ भन्ने मान्यतालाई सबै पक्षले स्वीकार्नुपर्छ । शिक्षा तथा सूचना र सञ्चार प्रविधिबीच गहिरो सम्बन्ध छ ।

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरीकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुने छ भनी मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने,सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ । त्यसै गरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जि.आइ.एस. शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरीएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने,तालिम,शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरीएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना २०१३–२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटीसहित सूचना प्रविधिका संरचनाका विकास तथा



मालिका गाउँपालिका

प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोत केन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषयवस्तु पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटल गर्ने, स्रोत केन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरीएका थिए ।

### ४.७.२ वर्तमान अवस्था

नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रामक राज्य संरचना अनुरूप राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक जनशक्ति उत्पादन गर्नका लागि संविधानको धारा ५१को ज१ मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायियक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने । शिक्षाको अवस्था यही नै रहेमा यो संवैधानिक व्यवस्था अनुरूप हाम्रो देशले खोजेको जनशक्ति प्राप्त हुने कुरा क्षितिजको यात्रा जस्तै हुने देखिन्छ ।राष्ट्रिय पाठयक्रम प्रारूप, २०६३ ले विद्यालय तहमा सूचना प्रविधिको आवश्यकता औंल्याएको पाइन्छ । यसै प्रारूपबाट सूचना तथा प्रविधिलाई विषय र शिक्षण सिकाइको माध्यमका रूपमा विकास गर्ने नीति अगाडि सार्यो । आ.व. २०६४/०६५ देखि सूचना र प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अंगको रूपमा लिँदै हरेक वर्षको वजेट भाषण मार्फत प्राथमिकता पाउँदै आएको छ ।

शिक्षाको राष्ट्रिय नीति, २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रूपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ ।सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचना विकास तथा प्रयोग गर्ने शिक्षक तथा शिक्षा क्षेत्रका अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रयोग गर्ने सबै स्रोतकेन्द्रहरुमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने निरन्तर सिकाइको प्रबन्ध गर्ने पाठ्यक्रममा सूचना प्रविधि विषय समावेश गर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने सबै स्रोतकेन्द्रहरुमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म बनाउने निरन्तर सिकाइको प्रबन्ध गर्ने शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) लाई डिजिटलाइज्ड गर्ने स्रोत केन्द्रलाई सूचना प्रविधिको हब बनाउने लगायतका उद्देश्यहरू राखिएका थिए । विद्यालय क्षेत्र विकास योजनामा पनि सूचना प्रविधि सम्बन्धी आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने नमुना विद्यालयहरूमा सूचना प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने एकीकृत लेखा सफ्टवेयर (CGAS)कार्यान्वयन गर्ने तथा IEMIS विकास गर्ने रहेका थिए ।

मालिका गाउँपालिकाको सन्दर्भमा हाल सवै विद्यालयहरूमा इन्टरनेटको पहुँच पुऱ्याइएको छ ।केहि माध्यमिक विद्यालयमासूचना प्रविधि प्रयोगशाला स्थापना भएको छ भने अन्य विद्यालयमा कार्यालयको

कामकाजको लागि कम्प्युटरको व्यवस्थापन गरीएको छ। शिक्षक कर्मचारीहरूले क्रमशः क्षमता विकास कार्यक्रम मार्फत यसको अभ्यास गरीरहेका छन । विद्यालयको तथ्याङ्क व्यवस्थापन गर्नको लागि वेबबेस शैक्षिक सूचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरीरहेको छ ।

माथिको अवस्थालाई मध्यनजर गर्दा मालिका गाउँपालिकाको शिक्षामा सूचनाप्रविधि कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिमका चुनौती र समस्याहरू रहेका छन् ।

१. सबै विद्यालयहरूमा भरपर्दो इन्टरनेटको व्यवस्था गर्न,
२. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि डिजिटल ल्याब तथा डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्न,
३. सबै विद्यालयहरूमा प्रविधि सम्बन्धी उपकरणको व्यवस्था तथा जनशक्तिको क्षमता विकास गर्न,
४. प्रत्येक कक्षामा सूचना प्रविधिको प्रयोग गरी कक्षा शिक्षणलाई थप प्रभावकारी अर्थपूर्ण र दिगो बनाउन,
५. शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा प्रविधिमैत्री सुशासन (**E-governance**) को प्रयोगलाई सहज बनाउन,
६. आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि सूचना प्रविधिको प्रयोगबाट सहज रूपमा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन,
७. पालिका स्तरीय परीक्षा तथा अन्य विद्यालय स्तरीय परीक्षा तथा मूल्याङ्कन प्रणालीलाई प्रविधिमैत्री र सहज बनाउन ।

### ४.७.३ उद्देश्य

यस योजनाले शिक्षामा सूचना तथा प्रविधि कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१) सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु,
२) शिक्षण सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु,
३) शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सेवालाई सहज र छिटोछरितो र भरपर्दो बनाउनु,
४) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधियुक्त, पारदर्शी र समतामूलक बनाउनु ।

### ४.७.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ ।
२) विभिन्न कक्षा र विषय शिक्षणमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गरिनेछ ।
३) कक्षामा मल्टिमिडिया प्रोजेक्टरको सहायताबाट शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

मालिका गाउँपालिका

४) सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ।
५) शैक्षिक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना प्रणालीमा तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
६) शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरिनेछ ।
७) **EMIS** लाई थप व्यवस्थित र भरपर्दो बनाई यसको प्रयोग गर्न क्षमता विकास गरिनेछ ।

### ४.७.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्द्धनभएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने,
२. विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेका हुने,
३. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने,
४. कक्षा शिक्षणमा सूचना तथा सञ्चार प्रविधिका साधन तथा उपकरणको प्रयोगबाट विद्यार्थीको उत्प्रेरणामा वृद्धि भई सिकाइ प्रभावकारी र दिगो भएको हुने,
५. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा प्रविधिको प्रयोग भई लागत जनशक्ति र समयको बचत हुने ।

यो योजनाको कार्यान्वयनबाट तपसिल बमोजिमका नतिजा हासिल हुनेछन् ।

| क्र.स. | सूचक | आधार वर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | १२ | १२ | ७ | ७ | ७ | ६ |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामग्री प्रयोग गर्ने | ३ | ३ | ३ | ३ | ३ | ३ |

मालिका गाउँपालिका-म्याग्दी ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यालयको सङ्ख्या | | | | | | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

मालिका गाउँपालिका-म्याग्दी ।

### ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | विद्यालयमा ICT संरचनाविस्तार गरी इ-लाइब्रेरी व्यवस्थापन | सङ्ख्या | ० | २ | २ | २ | ३ | ९ |
| २ | प्रत्येक विद्यालयमा **Internet Connectivity** को व्यवस्था | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | सूचना प्रविधि सम्बन्धी उपकरण सञ्चालन सम्बन्धी क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | सङ्ख्या | ० | २ | ४ | ४ | ४ | १४ |
| ५ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (**EMIS**) प्रणालीको सुदृढीकरण र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | माध्यमिक तहमा सूचना प्रविधि प्रयोगशाला व्यवस्थापन | सङ्ख्या | ० | २ | २ | ३ | २ | ९ |
| ७ | विद्यालयका लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर र फोटोकपि मेशिन खरीद तथा वितरण | पटक | ० | १ | ० | १ | ० | ४ |

मालिका गाउँपालिका-म्याग्दी ।

### ४.७.७ लगानी र स्रोत व्यवस्थापन

शिक्षामा सूचना र प्रविधिका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी इ-लाइब्रेरी व्यवस्थापन | सङ्ख्या | ० | १५०० | १५०० | १५०० | २२५० | ६७५० | २६०० | ११०० | २०५० | १००० |
| २ | प्रत्येक विद्यालयमा **Internet Connectivity** को व्यवस्था | पटक | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४००० | ० | ० | ० |
| ३ | सूचना प्रविधि सम्बन्धी उपकरण सञ्चालन सम्बन्धी क्षमता विकास तालिम | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| ४ | विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | सङ्ख्या | ० | १०० | २०० | २०० | २०० | ७०० | ० | ० | ६०० | १०० |
| ५ | एकीकृत शैक्षिक व्यवस्थापन सूचनाप्रणाली (EMIS) को सुदृढीकरण र अद्यावधिक | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ५०० | ० | ० | ० |
| ६ | माध्यमिक तहमा सूचना प्रविधि प्रयोगशाला व्यवस्थापन | सङ्ख्या | ० | १००० | १००० | १५०० | १००० | ४५०० | ० | ० | ३००० | १५०० |
| ७ | विद्यालयका लागि कम्प्युटर, प्रिन्टर, स्क्यानर र फोटोकपि मेशिन खरीद तथा वितरण | पटक | ० | ५०० | ० | ५०० | ० | १००० | ० | ० | १००० | ० |

मालिका गाउँपालिका

# परिच्छेद ५- सुशासन तथा व्यवस्थापन

सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शितातथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाव्यवस्थित गरीनुपर्छ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (**Governance**) लाई बुझाउँछ ।यस अन्तर्गत कार्य सञ्चालनका लागि निर्माण गरीएका संरचना र प्रक्रिया दुवै पर्दछन् । सरोकारवालाहरूको सहभागितामा निर्णय गर्नु भएका निर्णयमा सबैको अपनत्व हुनु सबैको सहयोग र सहभागितामा निर्णय कार्यान्वयन गर्नु कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी बन्नु कार्यसम्पादनमा प्रभावकारिता कार्यकुशलता कायम गर्नु विद्यार्थीको सिकाइ प्रति जबाफदेही बन्नु हरेक कार्यसम्पादनमा पारदर्शिता कायम गर्नु विधिको सर्वोच्चता र समतालाई प्रोत्साहन गरी सुशासनको प्रत्याभूति गर्नुपर्छ । त्यसै गरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग समता समावेशिताको प्रवर्द्धन नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्व र सेवाग्राही तथा लक्षित वर्ग प्रतिको दायित्वका साथ सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्नु जस्ता पक्षहरूमा विशेष ध्यान दिइनुपर्दछ ।

## ५.१ शकि्षाको व्यवस्थापन तथा संस्थागत क्षमता

### ५.१.१ परिचय

विद्यालय शिक्षा प्रति दायित्वबोध गर्दै नेपालमा बदलिँदो राजनैतिक विकास क्रम तथा नयाँ संवैधानिक व्यवस्था अनुरूप सङ्घ प्रदेश र स्थानीय तहमा शिक्षाका विभिन्न संस्थागत संरचनाहरूको विकास गरीएको छ । सङ्घीय तहमा नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । त्यसै गरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद शाखा/ शैक्षिक प्रशासन महाशाखा रहेका छन् ।संघीय शिक्षा मन्त्रालयले राष्ट्रको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको दायित्व रहेको छ ।मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र पाठ्यक्रम विकास केन्द्र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन् ।नेपालको संविधान जारी भइ सकेपछि पनि सङ्घीय शिक्षा ऐन जारी हुन नसक्दा कतिपय सङ्घीय नियमावली प्रादेशिक र स्थानीय तहका शिक्षा सम्बन्धी ऐन तथा नियमावलीहरू निर्माण गर्न कठिनाइ परिरहेको छ ।

सङ्घीय निकायको रूपमा रहेका २९ ओटा शैक्षिक तालिम केन्द्रहरूलाई ७ ओटामा रूपान्तरण गरी प्रादेशिक शिक्षा तालिम केन्द्रका रूपमा विकास गरीएको छ । विगतका क्षेत्रीय शिक्षा निर्देशनालयहरू हाल प्रदेश अन्तर्गत रहने गरी शिक्षा विकास निर्देशनालयको रूपमा रूपान्तरण भएका छन् । हाल सङ्घीय प्रादेशिक र स्थानीय तहका शिक्षा हेर्ने निकायहरूमा शिक्षा सेवाको कर्मचारीको व्यवस्थापन गरीएको छ । नगरपालिकाहरूमा शिक्षा सेवाको उपसचिव र गाउँपालिकाहरूमा शिक्षा अधिकृतको दरबन्दी सिर्जना गरी कामकाजका लागि खटाइएको अवस्था छ । संविधानमा माध्यमिक शिक्षा सम्मको सम्पूर्ण अधिकार स्थानीय सरकारलाई सुम्पिएपछि सोही बमोजिम जारी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उल्लेखित शिक्षा सम्बन्धी विभिन्न २३ ओटा काम कानुनतः स्थानीय सरकारले नै गर्ने गरी व्यवस्था गरीयो । त्यसै गरी सङ्घीय कार्यालयको रूपमा हरेक जिल्लामा शिक्षा विकास तथा समन्वय इकाई को रूपमा एक एक ओटा कार्यालय स्थापना गरीयो । यसले विशेषतः सङ्घीय तह र स्थानीय तहका बिचमा समन्वय सूचना प्रवाह लगायत सेतुको काम गरीरहेको छ ।यसले विशेषतः एस.इ.इ. परीक्षा सञ्चालन एवम् संयोजन, जिल्लान्तर सरुवा विद्यालय शिक्षक किताबखाना र सङ्घीय तहका विभिन्न निकायले प्रत्यायोजन गरेका कामहरू गर्ने जिम्मेवारी दिइएको छ । प्रदेश सरकारले पनि सामाजिक विकास मन्त्रालयको शाखा कार्यालयको रूपमा प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गर्दा एकै प्रकृतिका विभिन्न कामको डुप्लिकेट तथा प्रशासनिक र आर्थिक व्ययभार थपिएको देखिएको छ ।

सङ्घीय तहमा रहेको परीक्षा नियन्त्रण कार्यालय र उच्च माध्यमिक शिक्षा परिषद् गाभिएर राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ । कक्षा १० को परीक्षा प्रादेशिक रूपमा लिने भनिए पनि सोको संरचना तथा जनशक्ति लगायत कुनै व्यवस्था गरीएको छैन ।कक्षा ११ र १२ का लागि प्रत्येक प्रदेशमा शाखा कार्यालयहरू स्थापना भई क्रियाशील रहेका छन् । कक्षा १० को एस इइ परीक्षा तथा कक्षा ११ र १२ को परीक्षाका लागि रजिस्ट्रेसन फर्म भर्दा वा परीक्षा सञ्चालन गर्दा स्थानीय तहसँग कुनै समन्वय तथा सहकार्य गर्ने गरेको पाइएको छैन । प्राविधिक धार सञ्चालन भएका विद्यालयका विद्यार्थीहरूको परीक्षाका लागि सङ्घीय तथा प्रादेशिक रूपमा के-कस्तो संरचना आवश्यक हुनुपर्छ भन्ने विषयको अझसम्म पनि टुङ्गो लागेको छैन जहाँसम्म कि यस्ता विद्यालयहरू पनि सि.टी.इ.भि.टी. र तत्कालीन शिक्षा विभागबाट सम्बन्ध लिई सञ्चालन भइरहेका छन् । यी दुवै निकायहरू शिक्षा मन्त्रालय अन्तर्गतकै हुन् तथापि यी बिचमा यथोचित समन्वय नहुँदा, पाठ्यक्रममा एकरूपता नआउँदा, विद्यालयलाई दिइने सेवा सुविधामा एकरूपता नहुँदा र अनुगमन तथा मूल्याङ्कनका आधारहरूमा समानता नदेखिंदा समग्र शिक्षालयको सञ्चालन र स्तर निर्धारणमा व्यवहारिक समस्या देखिएका छन् । यसै गरी विगतमा शिक्षा मन्त्रालय अन्तर्गत कार्यरत शिक्षा सेवाका प्राविधिक कर्मचारीहरूलाई शिक्षकको पेशागत सहयोगका लागि खटाउनु पर्नेमा हाल प्रदेश र स्थानीय तहहरूमा प्रशासनिक कर्मचारीका रूपमा काममा खटाउँदा शिक्षकको पेशागत सहयोगको काम प्रभावकारी हुन सकिरहेको छैन । यसले गर्दा शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि गरीने कक्षा अवलोकन पृष्ठपोषण शिक्षक तालिम लगायत क्षमता विकासका विषयहरू ओझेलमा परेको महसुस गरीएको छ । स्थानीय तहमा रहेका शिक्षा सेवाका जनशक्तिहरूबाट आवश्यकता र अनुकुलताका आधारमा विद्यालय अनुगमन तथा सुपरिवेक्षण हुँदै आएको छ । विद्यालयको कामकारबाहीको समग्र पक्षको निरीक्षण सुपरिवेक्षण गरी सबै हरहिसाब जाँचबुझ समेत गरी यसको पारदर्शिता जबाफदेहिता मितव्ययिताका साथ सुशासन कायम गर्न गराउनका लागि साल बसाली रूपमा

सामाजिक परीक्षण (**Social Audit**)गराउनु पर्ने र यसैका आधारमा विद्यालयको वित्तीय लेखा परीक्षण गराउने व्यवस्था रहेको छ ।

### ५.१.२ वर्तमान अवस्था

सङ्घीय संरचना अनुसार वर्तमान अवस्थामा सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेकोछ । राष्ट्रको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, सङ्घीययोजनाको विकास, अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको मुख्य दायित्व रहेको छ । मन्त्रालयअन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तरपरीक्षण केन्द्र रहेका छन् । त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोगक्रियाशील छन् ।
साबिकका क्षेत्रीय शिक्षा निर्देशनालय प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतकाशिक्षा विकास निर्देशनालयमा परिवर्तन भएका छन् । साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षाविकास तथा समन्वय एकाइमा रूपान्तरण भएका छन् । प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षामहाशाखा रहेको छ भने स्थानीय तहमा शिक्षा शाखा स्थापना भएको छ । देशमा शासकीयस्वरूपसङ्घीय रहेतापनि कतिपय कानुनको अभाव र सङ्घ र प्रदेशको स्पष्ट कार्य विभाजन हुन सकिरहेको छैन ।यसका लागि स्पष्ट कानुनी स्वरूप र दिगो कार्यान्वयनको आवश्यकता रहेको देखिन्छ ।
स्थानीय सरकारका कामलाई सहज बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमाआएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षाविकास तथा समन्वय इकाई राखिएको छ । सरकारका विभिन्न तहबिच सहजिकरणर समन्वयका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ । नतिजा प्रतिको जबाफदेहितामासुधार गर्नुपर्नेछ । समग्रमा राज्यका तीनै तहका सरकारले एउटै लक्ष्य र गतिमा तर आफ्नो भिन्न-भिन्नविशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्नेसफलताका लागि थप कार्य गर्नुपर्ने देखिन्छ । यसै परिवेशमा स्थानीय तहबाट शैक्षिक सेवा प्रवाह गर्नर शैक्षिक सुशासन कायम राख्न संस्थागत संरचना र क्षमता विकासका लागि सङ्घ र प्रदेशसँगको सम्बन्धतथा समन्वय र क्रियाकलापहरूका बारेमा स्पष्ट रूपरेखा तयार पारी अगाडी बढ्नु पर्दछ ।

मालिका गाउँपालिकामा संस्थागत क्षमता विकासका समस्या तथा चुनौतीहरू निम्नानुसार रहेका छन् ।

- स्थानीय तहमा शिक्षाको संस्थागत संरचना स्पष्ट हुन नसक्नु,
- आवश्यकता अनुसार शैक्षिक जनशक्ति व्यवस्थापन गर्न,
- आवश्यक स्रोत साधनको व्यवस्था गर्न ,
- शिक्षामा आवश्यकपर्याप्त बजेटको व्यवस्था गर्न,
- शिक्षा सम्बन्धी अधिकार सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार भएको हुँदा कार्यसम्पादनमा गर्न ।

### ५.१.३ उद्देश्य

यस योजनाले संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रमका निम्नलिखित उद्देश्यहरू लिएको छः



मालिका गाउँपालिका-म्याग्दी

१. गाउँपालिकामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्दै संस्थागत क्षमता अभिवृद्धि गर्नु,
२. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु,
३. समग्र शैक्षिक नतिजाप्रति जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु।

### ५.१.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछः

१. गाउँपालिकामा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिनेछ ।
२. संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गरिनेछ ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गरिनेछ ।
४. गाउँपालिकामा शिक्षक पेशागत सहयोग प्रणालीको स्थापना गरिनेछ ।
५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवारी बनाई क्षमता विकास गरिनेछ ।
६. कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनाहरूको व्यवस्थापन गरिनेछ ।

### ५.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. शिक्षामा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जबाफदेहितामा वृद्धि भएको हुनेछ ।
३. आवश्यक स्रोत साधनकोव्यवस्थापन भई प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ ।

मालिका गाउँपालिका-म्याग्दी

योजनाको कार्यान्वयनबाट संस्थागत संरचना तथा क्षमता विकासमा निम्नलिखित मुख्य नतिजा हासिल हुनेछन् ।

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | नियमित रूपमा लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक विद्यालय सङ्ख्या | ३० | ३० | ३५ | ३८ | ४१ | ४४ |
| ४ | समयमै शैक्षिक तथ्याङ्क भर्ने विद्यालय सङ्ख्या | ४३ | ४३ | ४४ | ४४ | ४४ | ४४ |

मालिका गाउँपालिका-म्याग्दी ।

### ५.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | शिक्षक सहायता प्रणालीको स्थापना र सहजीकरण | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | IEMIS को अद्यावधिकीकरण र अभिलेख व्यवस्थापनका लागि अभिमुखीकरण | पटक | २ | २ | २ | २ | २ | २० |
| ३ | अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | बार्षिक शैक्षिक प्रतिवेदन तयारी | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | १० |
| ९ | अपाङ्गता भएका, सिकाई कठिनाई भोगिरहेका तथा सिक्नमा संघर्षरत विद्यार्थीको पहिचान तथा आवश्यकता अनुसार सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १० |
| १० | वाशिंगटन समूह प्रश्नावली (**WGQ-CFM**)को प्रयोग र तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १० |

मालिका गाउँपालिका-म्याग्दी

### ५.१.७ लगानी र स्रोत व्यवस्थापन

संस्थागत संरचना तथा क्षमता विकास लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र. सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | शिक्षक सहायता प्रणालीको स्थापना र सहजीकरण | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| २ | IEMIS को अद्यावधिकीकरण र अभिलेख व्यवस्थापनका लागि अभिमुखीकरण | पटक | १३० | १३० | १३० | १३० | १३० | ६५० | ५०० | ० | १५० | ० |
| ३ | अनुगमन, सुपरीवेक्षण र पृष्ठपोषण | पटक | १०० | १०० | १०० | १५० | १५० | ६०० | ३०० | ० | ३०० | ० |
| ४ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास र शैक्षिक योजना, ऐन निर्माण र विकास | पटक | १५० | १०० | ० | ० | १५० | ४०० | ० | ० | ४०० | ० |
| ५ | बार्षिक शैक्षिक प्रतिवेदन तयारी | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| ६ | कार्यसम्पादन करार गरी नतिजा प्रति जिम्मेवार बनाउने | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याकंन गर्ने, गराउने | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

## ५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रबन्ध आवश्यक हुन्छ।योजनाको कार्यान्वयन प्रबन्ध अन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति,कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्त्वको संरचना पर्दछन्। यस अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन् ।
नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको ८ वर्ष वितेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन कानुन, कार्यविधि निर्माण, बजेटको सुनिश्चितता, तीन तहका सरकार बिचको समन्वय र सहकार्य वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन, योजना निर्माण, कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी गरी कार्यक्रम कार्यान्वयन गरिनेछ ।

मालिका गाउँपालिकाले आ.व. ०८१/०८२ देखि ०८५/०८६ सम्मको लागि पञ्चवर्षीय शिक्षा योजना निर्माण गरेको छ । योजनाको कार्यान्वयन, अनुगमन मूल्याङ्कन गर्न स्थानीय तहको महत्त्वपूर्ण जिम्मेवारी रहेको छ । त्यसका लागि स्थानीय स्तरमा गाउँ शिक्षा समिति, वडा स्तरमा वडा शिक्षा समिति, विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक शिक्षक विद्यार्थी र अभिभावकको महत्वपूर्ण जिम्मेवारी रहेको हुन्छ । यस योजनामा कुन कुन कार्यहरू के कसरी गर्ने,कहिले गर्ने, कहाँ कहाँ गर्ने, कसले गर्ने साथै बजेटको व्यवस्था के हुने भन्ने विषयहरू समेटेर सटिक रूपमा गुणस्तरीय योजना निर्माण गर्नु पर्दछ । गाउँपालिकाको मौजुदा वित्तीय अवस्था अनुसार शिक्षामा अधिकतम लगानी गरी योजनालाई सफल बनाउनु पर्दछ । मालिका गाउँपालिकाको समग्र गाउँ शिक्षा योजनाको निर्माण गर्नु एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष अत्यन्त महत्वपूर्ण रहन्छ । त्यसका लागि विद्यालयमा विद्यालय व्यवस्थापन समिति लगायत विद्यालय परिवार, वडा शिक्षा समिति सबैको उत्तिकै जिम्मेवारी रहन्छ । सम्बन्धित सरोकारवालाको उचित परिचालन, जनशक्तिको व्यवस्था, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा मात्र योजना सफल हुन सक्छ । योजनाको कार्यान्वयनका लागि अनुगमन निरीक्षण गरी आवश्यक सरसल्लाहको महत्वपूर्ण भूमिका रहेको हुन्छ । योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहको उत्तिकै जिम्मेवारी रहन्छ । योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्य कुशलतामा पनि ध्यान दिनु पर्दछ ।योजना बढि महत्वकांक्षी हुने तर बजेटको कारण देखाई लागु हुन नसक्ने स्थिति सृजना हुन सक्ने पक्षमा सबै गम्भिर र जिम्मेवार हुन आवश्यक छ ।

### ५.२.२ वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा शाखा मार्फत शिक्षा सम्बन्धी कार्यहरू भईरहेका छन्।स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तह अन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ। हाम्रो देशको वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरू सङ्घ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको कार्यान्वयन गर्ने जिम्मेवारी पनि तीनै तहमा व्यवस्थापन गरीएको छ ।स्रोत केन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोत केन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई २३ ओटा शैक्षिक क्षेत्रका काम कर्तव्य र अधिकार तोकेको छ । केन्द्रदेखि स्थानीय तहसम्मका सबै योजनाहरू कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई नै प्रदान गरीएको छ । स्थानीय जनप्रतिनिधिहरूको माग र उनीहरूको संलग्नतामा योजनाहरू कार्यान्वयन हुन्छन् । मुख्यतयाः विद्यालय व्यवस्थापन समितिले विद्यालयका योजनाहरू कार्यान्वयन गर्दछ । योजना कार्यान्वयनमा विभिन्न खालका चुनौती तथा समस्याहरू कायमै रहेका छन् । कुशल व्यवस्थापनका लागि सङ्गठन, संरचना तथा जनशक्तिको आवश्यकता हुन्छ ।

मालिका गाउँपालिकामा योजना निर्माण, कार्यान्वयन र अनुगमनको लागि गाउँकार्यपालिकाले आवश्यक ऐन नियम, नीति निर्देशन निर्माण, विभिन्न समितिहरू निर्माण, तथा जनशक्तिको व्यवस्था, सङ्घ, प्रदेशबाट प्राप्त अनुदान तथा आफ्नो स्रोतबाट समेत बजेट व्यवस्था, योजना तथा कार्यक्रम निर्माण तथा स्वीकृत र प्रवोधिकरण गर्दै आएको छ ।विद्यालयमा योजना, नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्न विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, विद्यालय परिवार रहेको छ । विद्यालयमा विद्यालय सुधार योजना निर्माण कार्यान्वयन तथा स्रोत व्यवस्थापन विद्यालय व्यवस्थापन समितिले गर्दछ । साथै गाउँपालिकाबाट निर्माण भएका शिक्षा क्षेत्रका योजना कार्यान्वयन गर्ने स्थान पनि विद्यालय नै हो । तसर्थ विद्यालयले गाउँपालिका, शिक्षा समिति, स्थानीय शिक्षा शाखा, तथा वडा शिक्षा समितिसँग समन्वय र सहकार्य गरी स्थानीय तहबाट प्राप्त योजना तथा बजेट र आफ्नो स्रोत साधन समेत समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ । विद्यालयमा कार्यान्वयन हुने योजनामा विशेष गरी भौतिक निर्माण योजना, शिक्षण सिकाइ सुधार योजना, छात्रवृत्ति तथा प्रोत्साहन योजना,गुणस्तर अभिवृद्धि, शिक्षकको क्षमता विकास जस्ता योजनाहरू सञ्चालन हुने गरेका छन् ।

### ५.२.३ उद्देश्य

१.शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु,

### ५.२.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान रआफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन कार्यविधि तथा निर्देशिका विकास गरिनेछ ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजिकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गरिनेछ ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।
६. विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाइनेछ ।
७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइनेछ ।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा बिताउने समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गरिनेछ ।
९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गरिनेछ ।
१०. सामाजिक परीक्षणलाई प्रभावकारी बनाइनेछ।

### ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालीकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### ५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधि विकास | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | कानुन निर्देशिकाको प्रवोधिकरण | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | एकीकृत शैक्षिक प्रणालीमा सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | संयुक्त अनुगमन | पटक | १ | १ | १ | १ | १ | १० |

मालिका गाउँपालिका-म्याग्दी ।

### ५.२.७ लगानी र स्रोत व्यवस्थापन

योजना कार्यान्वयन र प्रबन्धको लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण र अभिमुखिकरण | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | ० | ५०० | ० |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधि विकास | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | १२५ | ० |
| ३ | कानुन निर्देशिकाको प्रवोधिकरण | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | १२५ | ० |
| ४ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० | ४००० | ० | ० | ० |
| ५ | एकीकृत शैक्षिक प्रणालीमा सुदृढीकरण | पटक | १०० | १०० | १०० | १०० | १०० | ५०० | ० | १०० | ० | ४०० |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

### ५.३.१ परिचय

"Evaluation is the process of judging or calculating the quality, importance, amount or value of something."-Cambridge Dictionary

"Supervision is the act of watching a person or activity and making certain that everything is done correctly, safely, etc."- Cambridge Dictionary

जुनसुकै कार्यक्रमहरू लक्षित उद्देश्य अनुसार अघि बढेको छ छैन साधन र स्रोतको समुचित प्रयोग भइरहेको छ छैन तथा निर्धारित प्रक्रिया तथा विधिको अवलम्बन गरीएको छ छैन भनेर तालुक तथा सम्बद्ध निकायहरूद्वारा कार्यान्वयन स्थलमा पुगेर गरीने चेकजाँच लेखाजोखा गर्ने कामलाई अनुगमन तथा मूल्याङ्कन भनिन्छ । यसबाट शैक्षिक प्रक्रिया निर्धारित समयमा कार्यपालिका बमोजिम नै सम्पादन गर्न र अपेक्षित उपलब्धि प्राप्त गर्न सघाउ पुग्दछ । मूल्याङ्कन विशेषतः प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमनले कार्य सञ्चालनकै क्रममा गरीने चेकजाँच तथा लेखाजोखालाई जोड दिएको हुन्छ भने मूल्याङ्कनले कार्यसम्पादन भईसकेपछि सोको लेखाजोखा गर्ने तर्फ केन्द्रित रहेको हुन्छ ।यसले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी नतिजामुखी जबाफदेही र उत्तरदायी बनाउन सहयोग गर्दछ ।

### ५.३.२ वर्तमान अवस्था

वर्तमान व्यवस्था अनुसार शैक्षिक योजनाहरु संघ, प्रदेश र स्थानीय तहबाट लागु हुने भएकोले यसको अनुगमन गर्ने जिम्मेवारी पनि तिनै तहमा व्यवस्थापन गरीएको छ । स्थानीय स्तरमा सञ्चालित शैक्षिक योजनाहरुको अनुगमन तथा मूल्याङ्कन स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रले शैक्षिक संस्थाहरुको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीहरुको उपलब्धि परीक्षण गर्दै आएको छ । स्रोतकेन्द्रहरू खारेज भइसकेपछि उक्त स्रोतकेन्द्रमा हुने कार्य स्थानीय शिक्षा शाखामार्फत हुने गरेका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारलाई प्राप्त २३ ओटा शैक्षिक क्षेत्रका सबै काम कर्तव्य र अधिकार स्थानीय तहसम्म तोकिएको छ । यसको अनुगमन र मूल्याङ्कन पनि स्थानीय तह मार्फत हुँदै आएको छ । सङ्घीय तहमा सम्बन्धित मन्त्रालय स्तरबाट समष्टिगत रूपमा र सम्बन्धित विभाग स्तरीय कार्यालयहरूबाट आ-आफ्नो विषय बमोजिमका कार्यालय क्षेत्र र कार्यक्रमको बेलाबेलामा अनुगमन तथा मूल्याङ्कन हुँदै आएको पाइन्छ । मन्त्रालयमा यसका कामका लागि अलग्गै अनुगमन तथा मूल्याङ्कन शाखा रहेको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट, प्रदेशको शिक्षा विकास निर्देशनालयबाट पनि बेलाबेलामा कार्यक्रमगत रूपमा अनुगमन हुने गरेको छ । विद्यालय तहको कार्यसम्पादन परीक्षणको काम शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने गर्दछ । त्यसै गरी स्थानीय तहबाट पनि शिक्षा युवा तथा खेलकुद शाखाको संयोजनमा विद्यालयहरूको अनुगमन तथा निरीक्षण हुने तथा समग्र गाउँपालिका स्तरीय अनुगमन समितिबाट पनि स्थल सुपरिवेक्षण हुने गर्दछ । शिक्षकको पेशागत सहयोगका लागि स्थानीय तहमा गठित विज्ञ समूहमार्फत पनि विद्यालय सुपरिवेक्षण, कक्षा अवलोकन, पृष्ठपोषण जस्ता कार्यहरू हुँदै आइरहेका छन् । पछिल्लो अवस्थामा शिक्षा प्राविधिक कर्मचारीहरूलाई प्रशासनिक जिम्मेवारी दिइएको हुनाले

अपेक्षाकृत रूपमा शिक्षकको पेशागत विकासका लागि र अन्य शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका क्षेत्रमा यथोचित सहयोग हुन सकिरहेको छैन ।

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरूमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्ने गरेको छ । शिक्षा विकास तथा समन्वय इकाई, शिक्षा शाखा, विज्ञ समुह, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमनले सुधारात्मक सुझाव दिदै सोको कार्यान्वयन हुँदै आईरहेको छ । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समीक्षा भईरहेको छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनआवश्यक छ । सफलता,सिकाई र राम्रा अभ्यासहरूको दस्तावेजिकरण र प्रचार प्रसारलाई टेवा दिदै शैक्षिक गुणस्तर अभिवृद्धि गर्नु पर्दछ ।

**अनुगमन तथा मूल्याङ्कनका चुनौतीहरू**

१. अनुगमन तथा मूल्याङ्कनका लागि सम्बन्धित विषयका विज्ञ जनशक्ति परिचालन गरी निर्धारित लक्ष्य प्राप्तिका लागि सहयोग पुर्‍याउनु,
२. पर्याप्त साधन स्रोतका साथ अनुगमन तथा मूल्याङ्कनलाई सघन रूपमा अघि बढाउनु,
३. अनुगमन प्रतिवेदनलाई गहन अध्ययन गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु,
४. सङ्घीयता कार्यान्वयन पश्चात् भएको अनुगमनको सिमा गतिलाई गतिशील र चुस्त बनाउनु,
५. अनुगमन गर्दा सहभागितामूलक पद्धतिको अवलम्बन गर्नु तथा यसमा सूचना प्रविधिको प्रयोग गर्नु,
६. अनुगमन तथा मूल्याङ्कनलाई भरपर्दो विश्वसनीय र संस्थागत बनाउनु ।

### ५.३.३ उद्देश्य

यस योजनाले अनुगमन तथा मूल्याङ्कनका निम्नलिखित उद्देश्यहरू लिएको छ :

१. प्रभावकारी र कुशल अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउने,
२. शैक्षिक योजना कार्यान्वयनका क्रममा आएका समस्याहरूलाई समयमा नै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्ने,
३. योजनाको लगानी देखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्ने।

### ५.३.४ रणनीति

योजनाका उद्देश्यहरू प्राप्त गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिनेछ ।
२. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिनेछ ।
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिनेछ ।
४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गरिनेछ ।
५. योजनाका आगत, प्रक्रिया, परिणाम, उपलब्धि र प्रभाव समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिनेछ ।

६. प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।
७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिनेछ ।
८. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्टाई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिनेछ ।
९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिनेछ ।
१०. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ ।
११. पुरस्कार र दण्ड प्रणालीको विकास गरिनेछ ।

### ५.३.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीहरूलाई समयमा नै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**नतिजा र परिमाणात्मक लक्ष्य**

१. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित हुने,
२. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना र क्षमता विकास भएको हुने,
३. शैक्षिक कार्यक्रम कार्यान्वयनमा आइपरेका समस्याको समाधान भई अपेक्षित उपलब्धि प्राप्तिमा सहयोग पुग्ने,
४. हरेक कार्यक्रमको आवधिक रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटीको विकास हुने,
५. अनुगमनका लागि निश्चित साधनको विकास भएको हुने,
६. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षणको माध्यमबाट नतिजा सुधारमा सहयोग पुगेको हुने,

मालिका गाउँपालिका-म्याग्दी ।

### ५.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

यस योजनाको प्रमुख उपलब्धि तथा नतिजा प्राप्ति गर्नको लागि निम्नलिखित प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य अनुसार योजना कार्यान्वयन हुनेछ ।

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ( पाँच वर्ष) | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | |
| १ | वार्षिक अनुगमन कार्य योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | १० |
| २ | अनुगमन तथा मूल्याङ्कनका साधनको निर्माण | पटक | १ | १ | १ | १ | १ | १० |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक निर्माण तथा अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १० |
| ४ | प्रत्येक कार्यक्रमको अनुगमन गरी प्रतिवेदन प्रस्तुति | पटक | १ | १ | १ | १ | १ | १० |
| ५ | कार्यक्रमको चौमासिक, वार्षिक प्रगति समीक्षा | पटक | १ | १ | १ | १ | १ | १० |
| ६ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १० |
| ७ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी र प्रकाशन | पटक | १ | १ | १ | १ | १ | १० |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० |
| ९ | विद्यालयको कार्य सम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० |
| १० | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी, पारदर्शी र नियमित | पटक | १ | १ | १ | १ | १ | १० |
| ११ | विद्यालयको वित्तीय लेखा परीक्षणले औंल्याइका विषयलाई सुधार | पटक | १ | १ | १ | १ | १ | १० |

### ५.३.७ लगानी र स्रोत व्यवस्थापन

अनुगमन तथा मूल्याङ्कनका लागि योजना अवधिभरमा प्रस्ताव गरीएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजनमा विशेष गरी सङ्घीय, प्रदेश तथा स्थानीय सरकारहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।सो बमोजिमको दायित्व निर्वाह गर्ने गरी देहाय बमोजिम लगानी तथा स्रोतको अनुमान एवम् प्रक्षेपण गरीएको छ ।

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| १ | वार्षिक अनुगमन कार्य योजना निर्माण | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | अनुगमन तथा मूल्याङ्कनका साधनको निर्माण | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक निर्माण तथा अद्यावधिक | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | प्रत्येक कार्यक्रमको अनुगमन गरी प्रतिवेदन प्रस्तुति | पटक | २५ | २५ | २५ | २५ | २५ | १२५ | ० | ० | १२५ | ० |
| ५ | कार्यक्रमको चौमासिक, वार्षिक प्रगति समीक्षा | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ६ | एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अद्यावधिक | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | वार्षिक शैक्षिक स्थिति प्रतिवेदन तयारी र प्रकाशन | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | २५० | ० |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | ५० | ५० | ५० | ५० | ५० | २५० | ० | ० | ० | २५० |

| क्र.सं. | कार्यक्रमहरू | एकाइ | आर्थिक वर्ष | | | | | | स्रोतका लागि जिम्मेवार निकाय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४।८५ | २०८५।८६ | ५ वर्षको जम्मा | सङ्घ | प्रदेश | स्थानीय तह | अन्य |
| ९ | विद्यालयको कार्य सम्पादन परीक्षण | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी, पारदर्शी र नियमित | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | विद्यालयको वित्तीय लेखा परीक्षणले औंल्याइका विषयलाई सुधार | पटक | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

मालिका गाउँपालिका-म्याग्दी

# परिच्छेद ६- लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

कुनै पनि देश विकसित बन्नका लागि त्यो देशको शैक्षिक अवस्था राम्रो हुनुपर्दछ । शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरू विकासको दृष्टिकोणले उच्च अवस्थातर्फ लागेको पाइन्छ । राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रलाई मुख्य मेरुदण्डको रूपमा राख्दा देश विकासको गति तिव्र हुन जान्छ । आजका बालबालिकाहरू भोलिका देश निर्माताहरू हुन् । उनीहरूलाई राम्रो शिक्षा दिन सकेमा राष्ट्रलाई चाहिने दक्ष जनशक्ति उत्पादन हुन सक्छ । बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न समतामूलक स्रोत वितरण हुन आवश्यक छ ।

नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्वपूर्ण आधारको रूपमा लिएको पाइन्छ । नेपालको संविधानले आधारभूत शिक्षा निःशुल्क र अनिवार्य एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । संविधानमा व्यवस्था गरीएको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरीएको छ । सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो । संविधानले व्यवस्था गरे अनुसार माध्यमिक तहको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो । शिक्षा साझा विषय भएकोले वित्तीय व्यवस्थापनमा संघ र प्रदेशले समेत जिम्मेवारी वहन गर्ने व्यवस्था रहेको छ । स्थानीय तह र निजी क्षेत्रको समेत साझेदारी रहनु आवश्यक छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ऋणको व्यवस्थासमेत गर्न सकिन्छ ।

मालिका गाउँपालिकाले पनि माथि उल्लेख भए अनुसारका बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रमा व्यवस्थापन गर्ने गरेको छ । शिक्षामा आवश्यक पर्ने केन्द्रिय, प्रादेशिक र स्थानीय बजेटहरू परिचालन गरी शैक्षिक क्षेत्रका उपलब्धिहरू हासिल गर्न प्रयासरत छ । शिक्षकहरूको तलबभत्ताको व्यवस्था संघीय सरकारले व्यहोर्ने व्यवस्था छ । निजी क्षेत्रले समेत शैक्षिक संस्थाहरु स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिएको छ ।

## ६.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रमा पर्याप्त बजेटसहित कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ भन्ने कुरामा सबैको एकमत रहेको छ । विगत २०७३-२०७४ पछाडि कुल बजेटको ९-११ प्रतिशतको हाराहारीमा संघीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरेको पाइन्छ ।नेपालको शिक्षा क्षेत्रमा वैदेशिक सहायता मुख्य आधार बनेको छ ।शिक्षालाई संवैधानिक रूपमा नै नागरीकको मौलिक हकको रूपमा स्थापित विषय भएको आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने र माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने कुरा उल्लेख गरीएको छ । यसर्थ पनि शिक्षा राज्यको प्राथमिकताको क्षेत्र र धेरै लगानी हुने क्षेत्र मध्ये पर्दछ । नेपालका विभिन्न नीतिगत दस्ताबेज तथा बौद्धिक जगतहरुबाट वा अनुसन्धान प्रतिवेदन आदिमा शिक्षामा हालको लगानी न्यून देखिन्छ र यसमा वृद्धि गर्नुपर्छ भन्ने कुरालाई सबैले जोड दिएका छन् । ती सबै दस्ताबेजहरूमा राष्ट्रिय बजेटको न्यूनतम २० प्रतिशत बजेट शिक्षामा विनियोजन गर्नुपर्छ भन्ने सुझाव समेत दिएको पाइन्छ ।हाल शिक्षा क्षेत्रमा राष्ट्रिय रूपमा कुल वार्षिक बजेटको १०.६४ प्रतिशत (१ खर्ब ८० अर्ब) विनियोजन भएको पाइन्छ । यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२को कुल बजेटको

३३.४५ प्रतिशत बजेट शिक्षा क्षेत्रमा विनियोजन गरेको देखिएता पनि शिक्षा क्षेत्रमा विनियोजन गरेको बढी जस्तो बजेट शिक्षक कर्मचारीको तलब भत्तामा खर्च हुने गरेको छ ।

**शिक्षामा सरकार (सङ्घ, प्रदेश र स्थानीय तह) को लगानी**

| क्र.स. | सङ्घमार्फत आ व २०८१/०८२ मा निकासाको शीर्षक | रकम रू | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक/कर्मचारीहरू समेत) | ८,५०,९१,०००.०० | शसर्तअनुदान |
| २ | आधारभूत तह कक्षा ६-८ अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १३,८४,०००.०० | शसर्त अनुदान |
| ३ | विपदका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ अपुरण तथा द्रुत सिकाइ योजना (**ReAL**) कार्यान्वयन | ४,००,०००.०० | शसर्त अनुदान |
| ४ | तोकिएका विद्यार्थीको दिवाखाजाका लागि विद्यालयलाई अनुदान | ५२,९५,०००.०० | शसर्त अनुदान |
| ५ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | ९,१३,०००.०० | शसर्त अनुदान |
| ६ | प्रारम्भिक बालविकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १,१६,९०,०००.०० | शसर्त अनुदान |
| ७ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षककालागि तलबभत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | १,७०,१०,०००.०० | शसर्त अनुदान |
| ८ | माध्यमिक तह कक्षा ९-१० अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ६९,३६,०००.०० | शसर्त अनुदान |
| ९ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | २४,४५,०००.०० | शसर्त अनुदान |
| १० | विपन्न लक्षित छात्रावृत्ती कक्षा ६-१२ | १,९९,०००.०० | शसर्त अनुदान |
| ११ | **CTEVT** को मापदण्ड वमोजिम सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | ७,००,०००.०० | शसर्त अनुदान |
| १२ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १५,१०,०००.०० | शसर्त अनुदान |
| १३ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षाकार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १४,००,०००.०० | शसर्त अनुदान |
| १४ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | १०,५६,०००.०० | शसर्त अनुदान |
| १५ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन | १०,९८,०००.०० | शसर्त अनुदान |

| | | | |
|---|---|---|---|
| १६ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान | २९,७२,०००.०० | शसर्त अनुदान |
| १७ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैर आवासीय) | ५,०३,०००.०० | शसर्त अनुदान |
| **कुल जम्मा** | | १४,०६,०२,०००.०० | |

**स्थानीय सरकारको लगानी**

मालिका गाउँपालिकामा आर्थिक वर्ष २०८१/८२ मा गाउँपालिकाको आन्तरिक स्रोतबाट शिक्षा क्षेत्रमा निम्नानुसारको लगानी रहेको देखिन्छ ।

| क्र.स. | वर्ष २०८०/८१मा स्थानीय निकायबाट शिक्षा क्षेत्रमा भएको लगानी | रकमरू. |
|---|---|---|
| १ | बाल प्रतिभा पहिचान तथा अतिरिक्त कृयाकलाप | ३,००,०००.०० |
| २ | राष्ट्रपति रनिङ शिल्ड- पालिकास्तर | १०,००,०००.०० |
| ३ | प्रारम्भिक बालविकाससहजकर्ता तथा विद्यालय कर्मचारीहरूकोलागि थप तलवभत्ता | १,००,००,०००.०० |
| ४ | प्र.अ. तथा गाउँ शिक्षा समिति बैठक सञ्चालन खर्च | ३,००,०००.०० |
| ५ | किसानी मा.वि. प्राविधिक छात्रवृत्ति | १०,००,०००.०० |
| ६ | किसानी मा.वि. शिक्षण अनुदान | १५,००,०००.०० |
| ७ | भिम मा.वि. शिक्षण अनुदान | ५,००,०००.०० |
| | **जम्मा** | १,४६,००,०००.०० |

**शिक्षामा घरपरिवार, निजी र गैर-सरकारी संस्थाहरुको लगानीः**

**शिक्षामा घर परिवारको लगानी :**

विद्यालय शिक्षामा अभिभावक सहयोग सन्दर्भमा विद्यार्थी भर्ना गर्दा विद्यालयलाई आर्थिक सहयोग गर्नेबाहेक अन्य प्रत्यक्ष लगानी देखिएको छैन। निःशुल्क शिक्षा प्रत्याभूत गर्न बालबालिकालागि उपलब्ध गराइने व्यक्तिगत सिकाइ सामग्रीमा पाठ्यपुस्तकबाहेकको अन्य सामग्री जस्तैझोला, कापी, कलम, पोसाक जस्ता सामग्री सम्बन्धित विद्यार्थीको परिवारले नै जुटाएको अवस्था छ ।

**निजी लगानी :**

पालिका अन्तर्गत सञ्चालित विद्यालयहरू तथा अन्य क्रियाकलापहरूमा निजी क्षेत्रको लगानी न्यून भएको अवस्था छ । कतिपय सामुदायिक विद्यालयहरूमा विद्यालयको सञ्चालन तथा व्यवस्थापकिय क्षेत्रको लागि विभिन्न निकायबाट सहयोग भएको छ। शिक्षाका विभिन्न उपक्षेत्रमा विभिन्न सरोकारवालाहरूबाट भएको लगानीको अवस्थाले मालिकाको शिक्षा क्षेत्रमा थप टेवा पुगेको छ।

**गैर-सरकारी संस्थाहरुको लगानीः**

यस गाउँपालिका भित्रका विद्यालयहरुमा विभिन्न गैर सरकारी संस्थाहरु (संगम म्याग्दी, कदम म्याग्दी, GNI,GWT,NEWAH,LEARN,पहार ट्रस, GGP, Lions Club,etc.) ले विद्यालयको भौतिक संरचना निर्माण, शैक्षिक सामाग्री वितरण, स्वच्छ पिउने पानी,छात्रवृति वितरण, विद्यार्थीहरुको स्वास्थ्य जाँच परिक्षण जस्ता क्षेत्रमा कृयाशिल रहि निरन्तर रुपमा कार्य गर्दै आएका छन् ।

मालिका गाउँपालिकामा शिक्षा क्षेत्रमा लगानी र स्रोत व्यवस्थापनका सन्दर्भमा देहाय अनुसारका चुनौती तथा समस्याहरू रहेका छ ।

१. शिक्षासम्बन्धीअन्तर्राष्ट्रियपरिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्न ।
२. सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउन ।
३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमा विकास गर्न ।
४. आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्न।
५. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्न।
६. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्न।
७. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्न ।
८. वित्तीय गतिविधिलाई पारदर्शी, जबाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न ।
९. आन्तरिक, सामुदायिक र अभिभावकको सहयोगमा आवासीय विद्यालयको अवधारणालाई संस्थागत गराउन लगानी स्रोत व्यवस्थापन गर्न ।

## ६.३ उद्देश्य

१. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरीएका कार्यक्रम र सुरुवात भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
२. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
३. खर्चको प्रक्रिया, र दायित्व स्पष्ट गर्दै लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जबाफदेहिता स्पष्ट गर्नु।

मालिका गाउँपालिका म्याग्दी

## ६.४ रणनीतिहरू

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा सङ्घीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरीने ।
२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जबाफदेही हुने पद्धति विकास गर्ने ।
३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जबाफदेहिता विद्यालयको हुनेछ ।
४. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याइने छ ।
५. नेपालको वैदेशिक सहायता नीतिअनुरूप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ ।
६. उपगमको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ ।
७. सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ ।
८. मापदण्डका आधारमा शिक्षामा व्यक्तिगत, निजी तथा गैरसरकारी क्षेत्रको अनुदान सङ्कलन र लगानीलाई प्रोत्साहन, प्रवर्धन गरीने छ ।
९. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपूरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ ।
१०. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ ।

## ६.५ स्रोत अनुमान र विश्लेषण

सङ्घीय सरकारबाट साल बसाली रूपमा प्राप्त हुने सशर्त कार्यक्रम र बजेटको प्रस्तावित विवरण, प्रदेश सरकारबाट प्राप्त हुने कार्यक्रम र बजेटको प्रस्तावित विवरण र स्थानीय सरकारको आन्तरिक स्रोतको परिचालन गरी योजना अवधिभरमा साल बसाली रूपमा सञ्चालन गरीने प्रस्तावित कार्यक्रम र बजेटको समष्टिगत कार्यक्रमहरूलाई समेटिएको छ । यसमा सङ्घीय सरकारले हाल सञ्चालन गरीरहेका कार्यक्रमहरू चालु तथा पुँजीगत शीर्षकका बजेट अनुमान तथा यसमा हुनसक्ने थपघटको अवस्थालाई समेत विश्लेषण गरीएको छ । त्यसै गरी स्थानीय सरकारबाट सञ्चालन भइरहेका थप आर्थिक व्ययभार पर्ने चालु तथा पुँजीगत कार्यक्रमहरू र योजना अवधिमा सञ्चालन गरीने विभिन्न कार्यक्रमहरू मध्ये ती कार्यक्रमको प्रगति, लागत अनुमान, नर्म्स, सम्भाव्यता, सामर्थ्य र नियमितताका हिसाबले समेत स्रोतको अनुमान तथा विश्लेषण गरीएको छ । कुनै कार्यक्रमको दररेटका सम्बन्धमा सङ्घीय सरकारको लगत अनुमान साल बसाली रूपमा कायम भइरहेको दररेट र स्थानीय दररेटका आधारमा नर्म्स तोकी सोही बमोजिम बजेटको अनुमान गरीएको छ ।

यस अघि व्याख्या गरीएका उपक्षेत्रगत रूपमा अलग अलग भएका पाँच वर्षको बजेटलाई एकमुष्ट रूपमा राख्दा यस प्रकारको लगानी हुने देखिन्छ ।

| क्र.सं. | उपक्षेत्र | २०८१।८२ | २०८२।८३ | २०८३।८४ | २०८४/०८५ | २०८५/०८६ | पाँच वर्षको जम्मा (रु. हजारमा) |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा | १८७०००० | १५७०००० | १८७०००० | १५७०००० | १८७०००० | ८७५० |
| २ | आधारभूत शिक्षा | ८०४५००० | १०५४५००० | १०४४५००० | १०५४५००० | १०४४५००० | ५००२५ |
| ३ | माध्यमिक शिक्षा | २३३७५००० | २८८७५००० | २६०१५००० | ३१२००००० | २९२५०००० | ३१७८२२ |
| ४ | प्राविधिक तथा व्यावसायिक शिक्षा | १२२५००० | ६७३०००० | २२३५००० | १२४०००० | ६२४५००० | १७६७५ |
| ५ | पाठ्यक्रम र मूल्याङ्कन | ३००००० | १३००००० | १३००००० | १३५०००० | १३५०००० | ५६०० |
| ६ | शिक्षक व्यवस्थापन र विकास | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ६५०००० | ३२५० |
| ७ | अनौपचारिक तथा जीवन पर्यन्त सिकाइ | २०००० | १२९०००० | १७९०००० | ७९०००० | ७९०००० | ४६८० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ७५०००० | ७२५००० | ६५०००० | ७२५००० | ६५०००० | ३५०० |
| ९ | विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम | २०८५००० | १४३५००० | १२३५००० | ११८५००० | ११८५००० | ७१२५ |
| १० | आपत्कालीन अवस्थामा शिक्षा | ४६५००० | १४६५००० | १४६५००० | १४६५००० | १४६५००० | ६३२५ |
| ११ | विद्यालय भौतिक पूर्वाधार विकास | ३८५०००० | १२३५०००० | १२३५०००० | १३३५०००० | १३३५०००० | ५५२५० |
| १२ | शिक्षामा सूचना तथा प्रविधि | १०००००० | ४१००००० | ३७००००० | ४७००००० | ४४५०००० | १७९५० |
| १३ | सुशासन तथा व्यवस्थापन | ५८०००० | ५३०००० | ४३०००० | ४८०००० | ६३०००० | २६५० |
| १४ | शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १०५०००० | १०५०००० | १०५०००० | १०५०००० | १०५०००० | ५२५० |
| १५ | अनुगमन तथा मूल्याङ्कन | १७५००० | १७५००० | १७५००० | १७५००० | १७५००० | ८७५ |
| जम्मा | | ४,५४,४०,००० | ७,२७,९०,००० | ६,५३,६०,००० | ७,०४,७५,००० | ७,३५,५५,००० | ५०,६७,२७ |

# परिच्छेद ७- योजना नतिजा खाका

## ७.१ परिचय

प्रत्येक योजना तथा कार्यक्रमको निश्चित गन्तव्य हुन्छ र सोको मापन प्राप्त नतिजाको आधारमा गरीन्छ । यस मालिकागाउँ शिक्षा योजनाले लिएको दुरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरू र रणनीतिहरूका आधारमा यसको प्रभाव तथा गन्तव्य पहिचान गरीएको छ । गन्तव्यमा पुग्नका लागि विभिन्न क्षेत्रगत र विषयगत सूचकहरू निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आङ्कलन गरीएको छ । नतिजा खाकामा उपलब्धि यसका सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरीएको छ । नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो यसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ ।

योजनाले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नुका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई थप सहयोग पुग्छ भने सरोकारवालाहरूको जबाफदेहिता वृद्धि समेत गर्दछ । यो योजनाको कार्यान्वयनबाट अपेक्षा गरीएका समग्र नतिजा खाका अन्तर्गत मालिकागाउँपालिका तथा समग्र देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव तथा गन्तव्य उल्लेख गरीएको छ । त्यसै गरी यसको दीर्घकालीन, मध्यकालीन तथा तत्कालीन उपलब्धिहरू समेत उल्लेख गरीएको छ । यसका मुख्य कार्यसम्पादन सूचकहरू (**Key Performance Indicators - KPIs**) र कार्यक्रम नतिजा सूचक (**Program Result Framework- PRF**) समावेश गरीएको छ ।

<u>योजनाको समग्र नतिजा खाका ।</u>

## ७.२ योजनाको तत्कालीन उपलब्धि

| क्र. सं. | उपलब्धि | नतिजा सूचक | सत्यापन स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने | मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) | - एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई शैक्षिक गुणस्तर अभिवृद्धि हुने | | - स्थिति प्रतिवेदन |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने | | - वार्षिक अनुगमन प्रतिवेदनहरू |
| ४ | सबै नागरीकका लागि साक्षरता निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने | कार्यक्रम | - विभिन्न तहका वार्षिक प्रगति समीक्षाहरू |
| ५ | सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम | नतिजा सूचक | |

| | | | |
|---|---|---|---|
| | सक्षमताको अवस्था (PMEC) पूर्ण भई अनुकुल शैक्षिक वातावरण कायम हुने | (PRF) | -सार्वजनिक परीक्षाका नतिजा विश्लेषण |
| ६ | सबै बालबालिका केन्द्रहरू स्रोतपूर्ण बालमैत्री र आकर्षक भई सेवा क्षेत्रका सबै बालबालिकाहरू केन्द्रमा भर्ना भएको हुने | | |
| ७ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने | | |
| ८ | विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील सकारात्मक सोच भएको निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने | | |
| ९ | सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने | | |
| १० | सबै शिक्षकहरूमा विषयगत एवम् पेशागत सक्षमताको अवस्था सुनिश्चित भई विद्यार्थीको सिकाइ प्रतिको जबाफदेहिता सहित गुणस्तरमा अभिवृद्धि हुने | | |
| ११ | विद्यालय तहको शिक्षामा तमसमूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | | |
| १२ | बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार मनोसामाजिक कुशलता मा अभिवृद्धि भई सिकाइमा सुधार हुन सहयोग पुग्ने | | |
| १३ | आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने | | |
| १४ | सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने | | |
| १५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्ने । | | |

## ७.३योजनाको मध्यकालिन उपलब्धि

| क्र. सं. | उपलब्धि | नतिजा सूचक | सत्यापन स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | विद्यालय स्तरीय गुणस्तरीय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच सहभागिता र निरन्तरताको सुनिश्चितता सहित समता र समावेशिता प्रवर्द्धन हुने | मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) | - एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली<br>- वार्षिक स्थिति प्रतिवेदन वार्षिक अनुगमन प्रतिवेदनहरू<br>- विद्यार्थी उपलब्धि परीक्षण<br>- विद्यालय कार्यसम्पादन प्रतिवेदनहरू<br>- विभिन्न विषयगत अध्ययन अनुसन्धान सर्वेक्षणहरू<br>- मध्यावधि तथा अन्तिम मूल्याङ्कन |

## ७.४योजनाको दीर्घकालिन उपलब्धि

| क्र. सं. | उपलब्धि | नतिजा सूचक | प्रमाणीकरणका आधार |
|---|---|---|---|
| १ | मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध स्रोत, साधन र अवसरको समुचित परिचालन भई गुणस्तरीय जीवनसहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट सहयोग पुग्ने । | मुख्य कार्य सम्पादन सूचकहरू कार्यक्रम नतिजा सूचकहरू | -शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>-वार्षिक स्थिति प्रतिवेदन<br>-विद्यार्थी उपलब्धि परीक्षण तथा परीक्षा<br>-नतिजा विश्लेषण<br>-विद्यालय कार्यसम्पादन प्रतिवेदन<br>-अनुगमन प्रतिवेदन<br>-प्रगति समीक्षा<br>-सामाजिक परीक्षण प्रतिवेदन<br>-अनुसन्धान प्रतिवेदन |

मालिका गाउँपालिका-म्याग्दी

## ७.५प्रमुख कार्यसम्पादन सूचक तथा कार्यक्रम नतिजा खाका

गाउँ शिक्षा योजनाको अन्तिम पाँच वर्ष तथा दीर्घकालीन रूपमा आगामी दश वर्षसम्म प्राप्त गर्न सकिने कार्यसम्पादन सूचकहरूलाई देहाय बमोजिम प्रक्षेपण गरीएको छ ।यी सूचक तथा लक्ष्यहरू निर्धारण गर्दा मालिकाको वर्तमान अवस्था, आवश्यकता, सम्भावना र स्रोत व्यवस्थापन लगायतका पक्षहरू दृष्टिगत गरी **SMART**बनाई प्रक्षेपण गर्ने प्रयास गरीएको छ ।कार्यसम्पादन सूचक निर्धारण गर्दा राष्ट्रिय मानक र मालिका गाउँपालिकाको वर्तमान अवस्था/आधार वर्ष लाई मध्यनजर गरीएको छ ।

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्नादर | ११६.० | ११६.० | ११४.५ | ११२.५ | ११०.५ | १०७.० |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्नादर | ९८.० | ९८.० | ९८.० | ९८.५ | ९९.० | १००.० |
| ३ | प्रारम्भिक बालविकास र शिक्षाको कुल भर्नादरमा लैङ्गिक समता सुचाङ्क | १.१५ | १.१५ | १.१५ | १.१५ | १.१५ | १.१५ |
| ४ | न्यूनतम मापदण्ड पुरा गरेका बालविकास केन्द्रहरूको सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| ५ | प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत | १००% | १००% | १००% | १००% | १००% | १००% |
| ६ | आधारभूत तालिम प्राप्त शिक्षकको सङ्ख्या | २० | २० | २५ | ३० | ३५ | ४० |
| ७ | बालबालिकाको कार्यगत सीमितता परीक्षण गर्ने प्रारम्भिक बालविकासको सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| आधारभुत शिक्षा | | | | | | | |
| १ | कक्षा १ मा कुल प्रवेश दर (**GIR**) | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| २ | कक्षा १ मा खुद प्रवेश दर (**NIR**) | ९३.९ | ९३.९ | ९४.५ | ९६.५ | ९८.५ | १००.०० |

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | कक्षा १-५ मा कुल भर्नादर(**GER**) | १२०.७ | १२०.७ | ११८.८ | ११४.३ | ११०.८ | १०७.०० |
| ४ | कक्षा १-५ मा खुद भर्नादर(**NER**) | ९६.९ | ९६.९ | ९७.५ | ९८.०० | ९९.०० | १००.०० |
| ५ | कुल भर्नादर (१-८) | ११३.८ | ११३.८ | १११.६ | १०९.२ | १०७.४ | १०५.०० |
| ६ | खुद भर्नादर (१-८) | ९५.६ | ९५.६ | ९६.८ | ९७.४ | ९९.०० | १००.०० |
| ७ | कक्षा १-५ को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | ३.० | ३.० | ३.१ | ३.२ | ३.४ | ३.६ |
| ८ | कक्षा १-८ को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | ३.२ | ३.२ | ३.३ | ३.४ | ३.५ | ३.६ |
| ९ | कक्षा १-५ को कक्षा दोहोऱ्याउने दर | ५.९ | ५.९ | ४.१ | ३.५ | ३.०० | २.५ |
| १० | कक्षा ६-८ को कक्षा दोहोऱ्याउने दर | ३.४ | ३.४ | ३.१ | २.८ | २.४ | २.०० |
| ११ | कक्षा १-५ को कक्षा छाड्ने दर | २.० | २.० | १.८ | १.४ | १.० | ०.०० |
| १२ | कक्षा ६-८ को कक्षा छाड्ने दर | २.७ | २.७ | २.२ | १.६ | १.०० | ०.०० |
| १३ | उत्तिर्ण दर ( कक्षा १-५) | ८९.४ | ८९.४ | ९०.५ | ९२.८ | ९५.७ | ९८.०० |
| १४ | उत्तिर्ण दर ( कक्षा ६-८) | ९३.१ | ९३.१ | ९४.५ | ९६.०० | ९६.५ | ९७.०० |
| १५ | कक्षा १-८ मा खुद भर्नादरमा लैङ्गिक समता सूचकाङ्क (**GPI**) | १.०६ | १.०६ | १.०६ | १.०६ | १.०६ | १.०६ |
| १६ | कक्षा १-५ को तह पुरा गर्ने दर | ८९.४ | ८९.४ | ९०.५ | ९२.८ | ९५.७ | ९८.०० |
| १७ | कक्षा ८ मा टिकाउ दर (**Survival Rate**) | ८३.९ | ८३.९ | ८६.० | ८९.५ | ९२.५ | ९५.० |
| १८ | आधारभूत शिक्षा(कक्षा ६-८)को तह पुरा गर्ने दर | ९३.१ | ९३.१ | ९४.५ | ९६.०० | ९६.५ | ९७.०० |
| १९ | आधारभूत तह (कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.८ | २.८ | २.५ | २.० | १.० | ० |
| २० | आधारभूत तह (कक्षा ६-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | २.७ | २.७ | २.४ | १.९ | १.० | ० |

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| २१ | आधारभूत तह तालिम प्राप्त शिक्षकको प्रतिशत | ९८ | ९८ | १०० | १०० | १०० | १०० |
| माध्यमिक शिक्षा | | | | | | | |
| १ | कुल भर्नादर कक्षा ९-१०(**GER**) | १०५.८ | १०४ | १०३ | १०२ | १०० | १ |
| २ | खुद भर्नादर कक्षा ९-१०(**NER**) | ९३ | ९५ | ९६ | ९८ | १०० | २ |
| ३ | कुल भर्नादर कक्षा ९-१२(**GER**) | १०३.९ | १०३ | १०२ | १०१.७ | १०० | ३ |
| ४ | खुद भर्नादर कक्षा ९-१२(**NER**) | ८१.७ | ८२ | ८५ | ८८ | ९० | ४ |
| ५ | कुल भर्नादर कक्षा ११-१२(**GER**) | ९७ | ९७.५ | ९८ | ९९ | १०० | ५ |
| ६ | खुद भर्नादर कक्षा ११-१२(**NER**) | ७८ | ८० | ८२ | ८५ | ९० | ६ |
| ७ | कक्षा १० सम्मको टिकाउ दर (**Survival Rate**) | ७६ | ८० | ८५ | ९० | ९५ | ७ |
| ८ | कक्षा १२ सम्मको टिकाउ दर (**Survival Rate**) | ६६ | ६७ | ६९ | ७२ | ७५ | ८ |
| ९ | कक्षा १-१२ मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकाङ्क (**GPI**) | १.०३ | १.०३ | १.०२ | १.०१ | १.० | ९ |
| १० | तालिम प्राप्त माध्यमिक शिक्षक सङ्ख्या प्रतिशत | ९८.० | ९८.५ | ९९.५ | ९९.७ | १०० | १०० |
| ११ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ७.५ | ७ | ६.५ | ६ | ५ | ११ |
| १२ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | १० | ८ | ७ | ६.५ | ४ | १२ |
| १३ | न्यूनतम सबलीकरण मापदण्ड (**Minimum Enabling Conditions)** पुरा गरेका विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १३ |
| १४ | कक्षा ९-१० को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | २.६७ | २.६९ | २.७ | २.८ | ३.० | १४ |
| १५ | कक्षा ९-१२ को औसत सिकाइ उपलब्धि दर ( **GPA)** | २.३ | २.६ | २.७५ | २.८ | ३.० | १५ |

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १६ | कक्षा ९-१० को कक्षा दोहोऱ्याउने दर | १.७ | १.५ | १.३ | १.१ | ०.५ | १६ |
| १७ | कक्षा ११-१२ को कक्षा दोहोऱ्याउने दर | ०.३ | ०.२ | ०.१ | ०.० | ०.० | १७ |
| १८ | कक्षा ९-१० को कक्षा छाड्ने दर | २.४ | २.२ | २.१ | २.० | १.५ | १८ |
| १९ | कक्षा ११-१२ को कक्षा छाड्ने दर | ६ | ५ | ४ | ३ | २ | १९ |
| २० | उत्तिर्ण दर ( कक्षा ९-१०) | ७२ | ७५ | ८० | ८५ | ९० | २० |
| २१ | उत्तिर्ण दर ( कक्षा ११-१२) | ७५ | ८० | ८५ | ९० | ९५ | २१ |
| **अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइमा** | | | | | | | |
| १ | अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइसम्बन्धी खण्डीकृत डाटाबेस तयार | १ | १ | १ | १ | १ | १ |
| २ | साक्षरता तथा निरन्तर कक्षा सञ्चालन | ० | ० | १ | १ | १ | १ |
| ३ | छोटो अवधिको तालिम, समूह गठन तथा आयआर्जन सहयोग | ० | ० | १ | १ | १ | १ |
| ४ | वडा स्तरमा पुस्तकालय स्थापना | ० | ० | २ | ३ | १ | १ |
| **पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनमा** | | | | | | | |
| १ | स्थानीय पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा कार्यान्वयन | ० | ० | १ | १ | १ | १ |
| २ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ३ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ५ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ६ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ३९ | ३९ | ३९ | ३९ | ३९ |

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| **शिक्षक व्यवस्थापन र विकास** | | | | | | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४० | ४० | ४० | ४० | ४० | ४० |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक (%) | ९८.०० | ९८.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त शिक्षक (%) | ९८.०० | ९८.५ | ९९.५ | ९९.७ | १००.०० | १००.०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ३०% | ३०% | ५०% | ६०% | ७०% | ७५% |
| ५ | शिक्षक पेशागत सहयोग प्रणाली लागु भएका विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| **शिक्षामा समता र समावेशीकरणमा** | | | | | | | |
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ९.८ | ९.८ | ८.५ | ७.५ | ६.५ | ५ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | १.२० | १.२० | १.२० | १.२० | १.२० | १.२० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०३ | १.०३ | १.०३ | १.०३ | १.०३ | १.०३ |
| ४ | प्रारम्भिक पहिचान गर्ने विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | विद्यालयमा लैङ्गिक सम्पर्क शिक्षक तोकिएको विद्यालय | १५ | १५ | २० | २५ | ३० | ४४ |
| ६ | गुनासो सुनुवाई संयन्त्र कार्यान्वयन भएका विद्यालय | २५ | २५ | ३० | ३५ | ४० | ४४ |
| **विद्यालय पोषण तथा स्वास्थ्य** | | | | | | | |
| १ | प्राथमिक उपचार किट, जुकाको औषधी चक्की वितरण गर्नेविद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| २ | पिउने पानी तथा स्वच्छता सहितको शौचालय भएका विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | दिवा खाजा प्राप्त गर्ने विद्यालय | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | विद्यालयको सङ्ख्या | | | | | | |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १ | १ | ५ | ५ | ५ | ५ |
| **विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता** | | | | | | | |
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | १० |
| २ | हरित विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | ४ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | १० | १० | १० | १० | १० | ४ |
| ४ | विपद् वा संकटहरुको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नता (Vulnerability) को सङ्ख्या | १० | १० | १० | १० | १० | ४ |
| ५ | विद्यालय शान्ति क्षेत्र कार्यान्वयन गर्ने विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| **विद्यालय भौतिक पूर्वाधार विकास** | | | | | | | |
| १ | भूकम्प प्रतिरोधी विद्यालय | ० | ० | १ | १ | १ | १ |
| २ | सबलीकरण भएका कक्षाकोठा सङ्ख्या | १२४ | १२४ | २० | २० | २० | २० |
| ३ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य भएका विद्यालय सङ्ख्या | ० | ० | १० | १० | १० | १० |
| **शिक्षामा सूचना तथा प्रविधि** | | | | | | | |
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर प्रविधिको उपयोग भएका विद्यालयको सङ्ख्या | १२ | १२ | ७ | ७ | ७ | ६ |

मालिका गाउँपालिका-म्याग्दी

| क्र.स. | सूचकहरू | आधार वर्ष २०८१/२०८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ३ | मुख्य विषयमा डिजिटल पाठ्य सामग्री प्रयोग गर्ने विद्यालयको सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालयको सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| सुशासन तथा व्यवस्थापन | | | | | | | |
| १ | नियमितरूपमा लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | ३९ |
| २ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ४४ | ४४ | ४४ | ४४ | ४४ | ४४ |
| ३ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक विद्यालय सङ्ख्या | ३० | ३० | ३५ | ३८ | ४१ | ४४ |
| ४ | समयमै शैक्षिक तथ्याङ्क भर्ने विद्यालय सङ्ख्या | ४३ | ४३ | ४४ | ४४ | ४४ | ४४ |

मालिका गाउँपालिका श्यामदो

# अनुसूचीहरू

अनुसूची १- मालिका गाउँपालिकामा रहेका विद्यालयको विवरण ।

| क्र.स. | विद्यालयको नाम | विद्यालयको ठेगाना | सञ्चालित कक्षा | शिक्षक सङ्ख्या | कुल विद्यार्थी सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | श्री निस्कोट माध्यमिक बिद्यालय | मालिका -१ | १-१० | १५ | २५० |
| २ | श्री सिद्ध आधारभूत बिद्यालय | मालिका -१ | १-८ | १० | १५० |
| ३ | श्री शिशुकल्याण आधारभूत बिद्यालय | मालिका -१ | १-५ | ७ | ५७ |
| ४ | श्री सरस्वती आधारभूत बिद्यालय | मालिका -१ | १-३ | १ | ९ |
| ५ | श्री जनजागरण आधारभूत बिद्यालय | मालिका -१ | १-३ | ४ | ३४ |
| ६ | श्री राष्ट्रिय माध्यमिक बिद्यालय | मालिका -२ | १-११ | १८ | ३७७ |
| ७ | श्री राष्ट्रिय जनकल्याण आधारभूत बिद्यालय | मालिका -२ | १-५ | ४ | ५० |
| ८ | श्री देउराली आधारभूत बिद्यालय | मालिका -२ | १-८ | १० | १६५ |
| ९ | श्री जनजागृति आधारभूत बिद्यालय | मालिका -२ | १-६ | ६ | ५५ |
| १० | श्री धुब्रज्योति आधारभूत बिद्यालय | मालिका -२ | १-३ | ४ | ३६ |
| ११ | श्री ज्ञान विकास आधारभूत बिद्यालय | मालिका -२ | १-४ | ५ | ३८ |
| १२ | श्री अमरज्योति माध्यमिक बिद्यालय | मालिका -३ | १-१० | १५ | २६३ |
| १३ | श्री विद्याज्योति आधारभूत बिद्यालय | मालिका -३ | १-३ | २ | ४ |
| १४ | श्री गोरक्षा आधारभूत बिद्यालय | मालिका -३ | १-८ | ११ | ९४ |
| १५ | श्री जनज्योति आधारभूत बिद्यालय | मालिका -३ | १-५ | ४ | ३४ |
| १६ | श्री सरस्वती आधारभूत बिद्यालय | मालिका -३ | १-३ | ४ | १६ |
| १७ | श्री सिद्धज्योति आधारभूत बिद्यालय | मालिका-३ | १-२ | २ | ३२ |
| १८ | श्री ओखरबोट माध्यमिक बिद्यालय | मालिका -४ | १-१० | १० | १८१ |
| १९ | श्री पुरुषोत्तम आधारभूत बिद्यालय | मालिका -४ | १-५ | ३ | ५० |
| २० | श्री सिद्धार्थ माध्यमिक बिद्यालय | मालिका -४ | १-१० | १२ | १०६ |
| २१ | श्री खबाङ्क आधारूत बिद्यालय | मालिका -४ | १-५ | ३ | २५ |
| २२ | श्री शिव आधारभूत बिद्यालय | मालिका -४ | १-५ | ३ | १९ |
| २३ | श्री महभिर आधारभूत बिद्यालय | मालिका -४ | १-५ | ५ | २६ |
| २४ | श्री भिम माध्यमिक बिद्यालय | मालिका -५ | १-१२ | १९ | २१५ |
| २५ | श्री गौ बोम बस्त माध्यमिक बिद्यालय | मालिका -५ | १-१० | १६ | २४३ |
| २६ | श्री लक्ष्मी आधारभूत बिद्यालय | मालिका -५ | १-५ | ५ | १९ |
| २७ | श्री मालिका आधारभूत बिद्यालय | मालिका -५ | १-५ | ४ | २१ |
| २८ | श्री सरस्वती आधारभूत बिद्यालय | मालिका -५ | १-५ | ५ | १० |

मालिका गाउँपालिका-म्याग्दी

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | श्री प्रतिनर्मा आधारभूत बिद्यालय | मालिका -५ | १-५ | ३ | ५२ |
| ३० | श्री जनप्रिय माध्यमिक बिद्यालय | मालिका -६ | १-१२ | १७ | ४९० |
| ३१ | श्री मालिका आधारभूत बिद्यालय | मालिका -६ | १-८ | १० | ३३ |
| ३२ | श्री भगवती आधारभूत बिद्यालय | मालिका -६ | १-८ | ११ | ६१ |
| ३३ | श्री सती आधारभूत बिद्यालय | मालिका -६ | १-५ | ७ | ४५ |
| ३४ | श्री सिद्ध आधारभूत बिद्यालय | मालिका -६ | १-३ | २ | ११ |
| ३५ | श्री किसानी माध्यमिक बिद्यालय | मालिका -७ | १-१२ | २९ | ४३० |
| ३६ | श्री जनकल्याण आधारभूत बिद्यालय | मालिका -७ | १-३ | ४ | १६ |
| ३७ | श्री शिव आधारभूत बिद्यालय | मालिका -७ | १-५ | ७ | ३१ |
| ३८ | श्री मालिका आधारभूत बिद्यालय | मालिका -७ | १-५ | ३ | ५५ |
| ३९ | श्री हिमाली आधारभूत बिद्यालय | मालिका -७ | १-३ | १४ | १६ |
| ४० | श्री रुम इगंलीस बोर्डीङ स्कुल | मालिका-२ | १-६ | १२ | २०१ |
| ४१ | श्री सिद्यार्थ बोर्डीङ स्कुल | मालिका-५ | १-४ | ८ | ९० |
| ४२ | श्री के.बी.एकेडेमी | मालिका-६ | १-१० | १८ | ४०४ |
| ४३ | श्री दर्बाङ इगंलीस बोर्डीङ स्कुल | मालिका-६ | १-१० | १५ | १०६ |
| ४४ | श्री फ्युचर मन्टेश्वरी बोर्डीङ स्कुल | मालिका-६ | १-५ | १४ | १८५ |

**अनुसूची-२ मालिका गाउँपालिकाको गाउँ शिक्षा समितिको विवरण ।**

| क्र.स. | नाम | पद | फोन नम्बर |
|---|---|---|---|
| १ | श्री वेग प्रसाद गर्वुजा | संयोजक | ९८५७६४०३५५ |
| २ | श्री हरिश्चन्द्र ढकाल | सदस्य | ९८५५०६५४२८ |
| ३ | श्री टंकप्रसादपुन | सदस्य | ९८५७६२४५३० |
| ४ | श्री छरदेवी घर्ती | सदस्य | ९८४५४००२५८ |
| ५ | श्री सन्तनाथ सुवेदी | सदस्य | ९८५७६२३१४५ |
| ६ | श्री हिरा वहादुर पुन | सदस्य | ९८४७६१५२५८ |
| ७ | श्री मिना फगामी | सदस्य | ९८४०२९८८७६ |
| ८ | श्री दिवाकर सुवेदी | सदस्य | ९८५७६२४४८५ |
| ९ | श्री चिरण मल्ल | सदस्य | ९८४५१५१७७६ |
| १० | श्री डम्वर बहादुर घर्ती मगर | सदस्य | ९८६७८८६३८८ |
| ११ | श्री अशोकरिजाल | सदस्य-सचिव | ९८४७७९०५८७ |

मालिका गाउँपालिका,म्याग्दी ।

अनुसूची -३ मालिका गाउँपालिका अन्तर्गतका विद्यालयका प्रधानाध्यापकहरूको विवरण-२०८१ ।

| क्र.स. | विद्यालयहरुको नाम | प्रधानाध्यापकको नाम | मोबाईल नंम्बर |
|---|---|---|---|
| १ | श्री निस्कोट माध्यमिक बिद्यालय | श्री बुद्दी बहादुर पुन | ९८४७७३८८८८ |
| २ | श्री सिद्ध आधारभूत बिद्यालय | श्री मोतीराज उपाध्याय | ९८५७६२३३७० |
| ३ | श्री शिशुकल्याण आधारभूत बिद्यालय | श्री दिपेन्द्र जि.सी. | ९८६७९४८७७० |
| ४ | श्री सरस्वती आधारभूत बिद्यालय | श्री सीता सापकोटा | ९८६९२९७१०० |
| ५ | श्री जनजागरण आधारभूत बिद्यालय | श्री चन्द्रकली सापकोटा | ९८६७६९५२२४ |
| ६ | श्री राष्ट्रिय माध्यमिक बिद्यालय | श्री प्रेम बहादुर घर्ती | ९८६६१३८२४० |
| ७ | श्री राष्ट्रिय जनकल्याण आधारभूत बिद्यालय | श्री फोनकुमारी पुन | ९८६७७०४००५ |
| ८ | श्री देउराली आधारभूत बिद्यालय | श्री पोस्ट बहादुर वि.क. | ९८६९००६१११ |
| ९ | श्री जनजागृति आधारभूत बिद्यालय | श्री भुपेन्द्र पुन | ९८४७७४५४४८ |
| १० | श्री धुब्रज्योति आधारभूत बिद्यालय | श्री कल्पना क्षेत्री | ९८४६७९५४६२ |
| ११ | श्री ज्ञान विकास आधारभूत बिद्यालय | श्री सन्तोष पुन | ९८४६५६९९७८ |
| १२ | श्री अमरज्योति माध्यमिक बिद्यालय | श्री बिर बहादुर पुन | ९८४६७०५३९९ |
| १३ | श्री विद्याज्योति आधारभूत बिद्यालय | श्री रुम देबी घर्ती | ९८५७६२४०७० |
| १४ | श्री गोरक्षा आधारभूत बिद्यालय | श्री हेम बहादुर बुढा | ९८४७७२३६९६ |
| १५ | श्री जनज्योति आधारभूत बिद्यालय | श्री याम बहादुर वि.क. | ९८६९५४९२०८ |
| १६ | श्री सरस्वती आधारभूत बिद्यालय | श्री टेक बहादुर पुन | ९८६३७९९९७८ |
| १७ | श्री सिद्धज्योति आधारभुत बिद्यालय | श्री रबिन्द्र रोका | ९८६७९४८२३२ |
| १८ | श्री ओखरबोट माध्यमिक बिद्यालय | श्री नबीन कार्की | ९८६६०४४७९३ |
| १९ | श्री पुरुषोत्तम आधारभूत बिद्यालय | श्री चुडामणी सापकोटा | ९८६७६३९४०२ |
| २० | श्री सिद्धार्थ माध्यमिक बिद्यालय | श्री ललीत बहादुर घर्ती मगर | ९८६६०२५२०८ |
| २१ | श्री खबाङ्क आधारभूत बिद्यालय | श्री लिल बहादुर सुनार | ९८६७८८६९६६ |
| २२ | श्री शिव आधारभूत बिद्यालय | श्री भुमिराज रोका | ९८६७९७२६०९ |
| २३ | श्री महभिर आधारभूत बिद्यालय | श्री हरिमाया पुन बुढा | ९८६३७९५५२६ |
| २४ | श्री भिम माध्यमिक बिद्यालय | श्री डम्बर बहादुर घर्ती मगर | ९८६७८८६३८८ |
| २५ | श्री गौ बोम बस्त माध्यमिक बिद्यालय | श्री अमृत बुढाथोकी | ९८४७६७५५४८ |
| २६ | श्री लक्ष्मी आधारभूत बिद्यालय | श्री टेकदेबी बुढा | ९८६७८८६४५२ |
| २७ | श्री मालिका आधारभूत बिद्यालय | श्री रमेश कुमार फगामी | ९८६७८८६५६६ |
| २८ | श्री सरस्वती आधारभूत बिद्यालय | श्री धर्मराज पुन | ९८६२३९१७४७ |
| २९ | श्री प्रतिनर्मा आधारभूत बिद्यालय | श्री तिर्थ बहादुर फगामी | ९८४७७१६९९६ |
| ३० | श्री जनप्रिय माध्यमिक बिद्यालय | श्री दिवाकर सुबेदी | ९८५७६२४४८५ |
| ३१ | श्री मालिका आधारभूत बिद्यालय | श्री पहल बहादुर रोका | ९८६९०८०३८० |
| ३२ | श्री भगवती आधारभूत बिद्यालय | श्री जगत बहादुर खत्री | ९८४७६५०६९४ |

मालिका गाउँपालिका-म्याग्दी

| | | | |
|---|---|---|---|
| ३३ | श्री सती आधारभूत बिद्यालय | श्री जितमाया गर्बुजा | ९८४६२६५९५२ |
| ३४ | श्री सिद्ध आधारभूत बिद्यालय | श्री चक्र प्रसाद गर्बुजा | ९८४७७२७७८७ |
| ३५ | श्री किसानी माध्यमिक बिद्यालय | श्री जंग बहादुर गर्बुजा | ९८६७७४२०५५ |
| ३६ | श्री जनकल्याण आधारभूत बिद्यालय | श्री सिता राना जुग्जाली | ९८६९२९३७४३ |
| ३७ | श्री शिव आधारभूत बिद्यालय | श्री सरिता पुन जुग्जाली | ९८४५२४४११८ |
| ३८ | श्री मालिका आधारभूत बिद्यालय | श्री खिम बहादुर जुग्जाली | ९८६७८४६७०७ |
| ३९ | श्री हिमाली आधारभूत बिद्यालय | श्री अरुनीमा अर्मजा | ९८६७६३३५५२ |
| ४० | श्री रुम इगंलीस बोर्डिङ स्कुल | श्री विनोद राई | ९८६७६९५२२९ |
| ४१ | श्री सिद्यार्थ बोर्डीङ स्कुल | श्री कुम बहादुर पुन | ९८६७८८६४५० |
| ४२ | श्री के.बी.एकेडेमी | श्री विमल शर्मा | ९८६९६०८१२० |
| ४३ | श्री दर्बाङ इगंलीस बोर्डिङ स्कुल | श्री दिपेश पनेरु | ९७६५६११४९७ |
| ४४ | श्री फ्युचर स्टार मन्टेश्वरी एकेडेमी | श्री चिरण मल्ल | ९८४५१५१७७६ |

**अनुसूची-४ शिक्षा योजना निर्माण समितिका सदस्यहरू**

| क्र.स. | नाम | पद | फोन नम्बर |
|---|---|---|---|
| १ | श्री वेग प्रसाद गर्वुजा | संयोजक | ९८५७६४०३५५ |
| २ | श्री हरिश्चन्द्र ढकाल | सदस्य | ९८५५०६५४२८ |
| ३ | श्री टंक प्रसाद पुन | सदस्य | ९८५७६२४५३० |
| ४ | श्री पथ बहादुर रोका | सदस्य | ९८४९०२५७५ |
| ५ | श्री देवी प्रटेल | सदस्य | ९८६१५३८००७ |
| ६ | श्री दिवाकर सुवेदी | सदस्य | ९८५७६२४४८५ |
| ७ | श्री अशोक रिजाल | सदस्य-सचिव | ९८४७७९०५८७ |

**अनुसूची-५ शिक्षा योजना लेखन कार्यदलका सदस्यहरू**

| क्र.स. | नाम | पद | फोन नम्बर |
|---|---|---|---|
| १ | श्री दिवाकर सुवेदी | संयोजक | ९८५७६२४४८५ |
| २ | श्री हर्कलाल जुग्जाली | सदस्य | ९८६६००८३०३ |
| ३ | श्री मोतिराज उपाध्याय | सदस्य | ९८५७६२३३७० |
| ४ | श्री पोष्ट बहादुर वि.क. | सदस्य | ९८६९००६१११ |
| ५ | श्री लिल बहादुर सुनार | सदस्य | ९८६७८८६९६६ |
| ६ | श्री सोम बहादुर खत्री | सदस्य | ९८५७६२७७६६ |
| ७ | श्री सुशिल गर्बुजा | सदस्य | ९८६७६८२३३५ |
| ८ | श्री सुन्दर ब. खत्री | सदस्य | ९८४७७२३३०२ |
| ९ | श्री अशोक रिजाल | सदस्य-सचिव | ९८४७७९०५८७ |

मालिका गाउँपालिका-म्याग्दी

## सन्दर्भ सामग्रीहरू


१. नेपालको संविधान, २०७२
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. शिक्षा ऐन, २०२८/ शिक्षा नियमावली, २०५९(परिमार्जन सहित)
४. समावेशी आयोग नीति, २०७४
५. राष्ट्रिय शिक्षा नीति, २०७६
६. समावेशी शिक्षा नीति, २०७३
७. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६
८. प्रारम्भिक बालबिकास र शिक्षाको पाठ्यक्रम, २०७७
९. कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१-२०८२
१०. राष्ट्रिय समावेशी आयोग ऐन, २०७४
११. दश वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (२०७८-२०८७)
१२. वैकल्पिक सिकाई सहजिकरण निर्देशिका, २०७७
१३. सोह्रौं औं योजना (२०८१/०८२ – २०८५/०८६)
१४. मालिका गाउँपालिकाको आवधिक योजना (२०८१/०८२ – २०८५/०८६)
१५. मालिका गाउँपालिकाको पार्श्व चित्र, २०८१/०८२
१६. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७
१७. दिगो विकासका लक्ष्यहरु, वर्तमान अवस्था र मार्गचित्र (२०१६ - २०३०)
१८. राष्ट्रिय जनगणना, २०७८
१९. शिक्षा व्यवस्थापन सूचना प्रणाली, २०८१ तथा फल्यास प्रतिवेदन, २०८०
२०. नेपाल सरकारको आ.व. २०८१/०८२ को बजेट वक्तव्य
२१. मालिका गाउँपालिकाको २०८१/०८२ को बजेट बक्तव्य तथा नीति कार्यक्रम
२२. स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (पहिलो संस्करण २०८१)
२३. शिक्षा विकास तथा समन्वय इकाइ, बेनी, म्याग्दी, शैक्षिक सूचना, २०८१/०८२
२४. शिक्षासँग सम्बन्धित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मार्गदर्शन तथा दस्तावेज


मालिका गाउँपालिका-म्याग्दी ।